## वातावरण प्रदूषण र मानव अधिकार

# एक अध्ययन प्रतिवेदन




राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल



२०७६

## वातावरण प्रदूषण र मानव अधिकार

# एक अध्ययन प्रतिवेदन

## राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल

२०७६

# आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

माननीय अनूप राज शर्मा

**सदस्यहरू**

माननीय प्रकाश वस्ती

माननीय सुदिप पाठक

माननीय मोहना अन्सारी

माननीय गोविन्द शर्मा पौड्याल

**सचिव**

वेदप्रसाद भट्टराई

**लेखन/संयोजन :** लोकनाथ बास्तोला, उप-निर्देशक
गीता कुमारी दाहाल, मानव अधिकार अधिकृत
किरण कुमार बराम, मानव अधिकार अधिकृत

**प्रकाशक** : राष्ट्रिय मानव अधिकार आयोग

पो.ब.न. ९१८२, काठमाडौँ, नेपाल

**प्रकाशन मितिः** २०७६

**प्रकाशन प्रतिः** १०००

**प्रतिवेदन नं.**: २४१ (के.का.)

**ले-आउट** : नबिन खत्री (९८५११३८००५)

**मुद्रण : कलश क्रियशन प्रा.लि.** (९८५११३८००५)

**सर्वाधिकार** : राष्ट्रिय मानव अधिकार आयोग

*आयोगको पूर्व-स्वीकृतिविना यस प्रतिवेदनलाई पुर्नउत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन। बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन भने सकिने छ।*

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


**मन्तव्य**

राष्ट्रिय मानव अधिकार आयोगले स्वच्छ वातावरण अधिकार संरक्षणको विषयलाई प्रमुख प्राथमिकतामा राखी केही वर्षदेखि सक्रिय रुपमा कार्यहरु सम्पादन गर्दै आइरहेको छ । आयोगको केन्द्रीय कार्यालय लगायत प्रदेश तथा प्रदेश शाखा कार्यलयहरुमा वातावरण र विकास मानव अधिकारको सम्पर्क अधिकृत तोकी कार्य गरिरहेको छ भने नीतिगत तहमा भने एक जना माननीय सदस्यलाई जिम्मेवारी तोकी कार्यहरु गर्दै आएको छ । वायु प्रदुषण, ध्वनी प्रदुषण, पानी प्रदुषण तथा पानीको मुहान सुक्ने, अव्यवस्थित फोहोरमैलाको व्यवस्थापन, वन विनास, डढेलो, बाढी पहिरो, तापक्रम वृद्धि, जलवायु परिवर्तनको प्रभाव, प्राकृतिक प्रकोप तथा विपत्ति लगायत जस्ता वातावरणीय समस्याहरु झेल्नु परिरहेको छ । वातावरणीय समस्याहरुको न्यूनीकरण तथा समाधान गरी सुरक्षित, स्वस्थ र स्वच्छ वातावरण कायम राखी मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्न नेपालको तिनै तहको सरकारको प्रभावकारितामा निर्भर रहन्छ । यी समस्या समाधानका लागि तिनै तहको सरकारको सक्रिय इच्छाशक्ति, जनशक्ति, योजना निर्माण तथा कार्यन्वयन प्रभावकारी रुपमा हुन सकेमा समस्या समाधान हुने देखिन्छ ।

सुरक्षित, स्वस्थ र स्वच्छ वातावरणको संवैधानिक हक कार्यन्वयन गर्न स्थानीय तह, प्रदेश र संघीय सरकार उत्तिकै जिम्मेवार छन् । स्थानीय, प्रदेश र संघीय सरकारको एकिकृत सामर्थ्य आवश्यक पर्दछ । जलवायु परिवर्तनका कारण मानव अधिकारमा पर्दै गएको असरका विषयमा अन्तर्राष्ट्रिय स्तरमा बहस भैइरहेको छ । दिगो विकासका लक्ष्यहरुको पाँच स्तम्भ मध्ये पृथ्वी एउटा स्तम्भ रहेको र पृथ्वीमा रहेको प्राकृतिक साधन स्रोत र वातावरण भावी पुस्तामा संरक्षण गर्ने उद्घोष गएिको छ । दिगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य ५ र १३ मा स्वच्छ पानी, सरसफाई, जलवायु परिवर्तन र यसको प्रभाव नियन्त्रण तत्कालै पहल गर्ने भन्ने विषय रहको छ । जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलन जस्ता सवालमा अन्तर्राष्ट्रिय साझेदारीको विस्तार तथा प्रभावकारिता अझै समृद्ध वनाउन आवश्यक छ । वातावरण संरक्षणको लागि राष्ट्रिय निकायहरुको प्रभावकारिता र संस्थागत विकास एवंम विस्तार आवश्यकता देखिन्छ । नेपाल सरकारले सुरक्षित, स्वस्थ र स्वच्छ वातावरणको अधिकार तथा मानव अधिकारमैत्री विकासका लागि नीतिगत तथा कार्यविधिगत सुधार गर्नुपर्ने विषयमा आयोगले सिफारिस गरिसकेको छ । सुरक्षित, स्वस्थ र स्वच्छ वातावरणको अधिकार तथा मानव अधिकारमैत्री विकासका लागि सरकारका उच्च पदस्थ अधिकारीहरुसँग समेत छलफल हुदै आइरहेको छ ।

यो प्रतिवेदन आयोगबाट सुरक्षित, स्वस्थ र स्वच्छ वातावरणको अधिकार तथा मानव अधिकारमैत्री विकासका लागि गरिएको अध्ययन, अनुसन्धान, अनुगमन तथा अन्तर्क्रियामा प्राप्त तथ्य, जानकारी तथा आयोगको गतिविधिसँग सम्बन्धित रहेको छ । यसबाट सबै सरोकारवालाहरुलाई आयोगको यस सम्बन्धमा गरेको गतिविधिको जानकारी हुने छ भन्ने समेत अपेक्षा राखेको छु । प्रतिवेदन तयारीका लागि सुपरिवेक्षण गर्ने माननीय सदस्य सुदिप पाठक, प्रतिवेदनलाई यो स्वरुपमा ल्याई अन्तिम रुप दिने उप निर्देशकद्वय लोकनाथ वास्तोला, स्वर्णिमा भण्डारी, मानव अधिकार अधिकृत गीता कुमारी दाहाल, वातावरण तथा विकास मानव अधिकार सम्पर्क अधिकृत किरणकुमार बराम समेतलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अन्त्यमा सबै सरोकारवालाहरुसँग आयोगले सम्पादन गर्ने कार्यमा सहयोग र सुझाव आगामी दिनमा पनि प्राप्त हुनेछ भन्ने विश्वास समेत मैले लिएको छु ।

अनूप राज शर्मा

अध्यक्ष


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone : +977-1-5010015, Fax : +977-1-5547973, G.P.O. Box : 9182, Kathmandu, Nepal
Email : nhrc@nhrcnepal.org, Website : www.nhrcnepal.org

# भूमिका

स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार संसारका मानव जातिका लागि चासो र सरोकारको विषय बनेको छ । आधुनिक विकास मानवको दैनिक जीवन यापनको लागि सकारात्मक प्रतिफल दिने अपेक्षा स्वभाविकै हो । तर यसको मानव अधिकारमैत्री नीति अवलम्बन हुन नसक्दा वातावरण क्षयिकरणको समस्याले मानवको जीवन, मर्यादा र सम्मानमा आँच पुगिरहेको छ । वायु प्रदूषण, ध्वनी प्रदूषण, पानी प्रदूषण, जलवायु परिवर्तनको प्रभाव, भूक्षय, बाढी पहिरो, डुबान, आगलागी, भुकम्प आदि जस्ता मानवीय तथा प्राकृतिक प्रकोपले मानवको सहज जीवन यापनमा गम्भीर प्रभावहरुको तथ्य तथ्यांक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा सार्वजनिक भैइरहेको छ ।

नेपालको सन्दर्भमा अव्यवस्थित सहरीकरण, मानव अधिकारमैत्री विकासको अभाव, अन्तर सरकारी निकायहरुको समन्वयको अभाव जस्ता कारणले स्वच्छ वातावरणको संवैधानिक हकको सहज उपभोग आम नागरिकले प्राप्त गर्न सकिरहेका छैनन् । पछिल्ला वर्षहरुमा वायु प्रदूषण, फोहोरमैला, तापक्रम वृद्धि, जलवायु परिवर्तनको प्रभाव, भूक्षय, बाढी पहिरो, डुबान आदि क्रियाकलापले मानव जीवनमा नै जोखिम सिर्जना भैरहेको छ । स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको राष्ट्रिय मानव अधिकार आयोग सम्मान गर्दछ । कुनै पनि क्रियाकलापबाट नागरिकको मानव अधिकार हनन् गर्ने छुट कुनै व्यक्ति वा संस्थालाई हुनु हुदैन भन्ने आयोगको धारणा रहेको छ ।

स्वस्थ र स्वच्छ वातावरण संरक्षण गर्नु राज्यको दायित्व हुन आउछ । सरकारले आफ्ना नागरिकको स्वच्छ वातावरणको अधिकार संरक्षणको दायित्व पुरा गर्नका लागि विभिन्न प्रयास गरेका छन् । जस अन्तर्गत वातावरण संरक्षण र व्यवस्थापन गर्न नीति, ऐन, नियमावली तथा निर्देशिकाहरु जारी गरिएका छन् । वन तथा वातावरण मन्त्रालय, वातावरण विभाग जस्ता संस्थाहरु निर्माण गर्नु सकारात्मक कदम देखिन्छ । तर विद्यमान ऐनको कार्यन्वयनमा फितलोपन, संविधानले नै व्यवस्था गरेको क्षतिपुर्तिको अधिकार, कानुन उल्लङ्घन गर्नेलाई कारवाहीमा इच्छाशत्तिमा कमी हुनु, प्रर्याप्त जनशक्ति नहुनु, प्रर्याप्त अनुगमन, नियमन नहुनु, नागरिको अधिकार संरक्षणमैत्री प्रभावकारी कार्यक्रम नहुनु, वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड-२०६९ परिपालना नगरिनु, नगराइनु जस्ता मुल समस्या रहेका छन् । खासगरी वायु प्रदूषणको भयावह तथ्यांकहरु सार्वजनिक भैरहदा, वायु प्रदूषण अनुगमन संयन्त्रले दिने तथ्यांकको आधारमा वायु प्रदूषण नियन्त्रण गर्न हस्तक्षेपकारी भूमिका खेल्न नसक्दा दिनानुदिन नागरिकहरुको स्वस्थ वातावरणमा बाँच्न अधिकार उल्लङ्घन हुन गई सबैभन्दा गरिब सीमान्तकृत समुदाय पीडित हुनु परिरहेको अवस्थामा आयोगको गम्भीर सरोकार रहेको छ ।

नागरिकहरुको संवैधानिक हक स्वच्छ वातावरण संरक्षणको लागि राज्यको दायित्वलाई थप मजवुत बनाउने पर्ने आवश्यकता रहेको छ । वायु प्रदूषण जस्तै सबै खाले वातावरण क्षयिकरणको कारणहरु नियन्त्रण गर्न प्रभावकारी हस्तक्षेप

आवश्यक देखिएको छ । त्यसैगरी वातावरण संरक्षण र व्यवस्थापन सम्बन्धी निकायहरुको संरचना थप गरी यसको विस्तार र पहुँच प्रदेश तथा स्थानीय तहसम्म विकेन्द्रीकरण गर्दै सहज बनाउनु पर्ने र क्रियाशिल अनुगमन आवश्यकता रहेको छ ।

स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउनु नागरिकको मानव अधिकार हो । नेपालको मानव अधिकारको समग्र अवस्थालाई सुधार गर्ने प्रयास आजको मुख्य चूनौति हो । वातावरणको विषय राष्ट्रिय मानव अधिकार आयोगले प्राथमिकतामा राखेको छ । पछिल्ला वर्षहरुमा आयोगले आफ्नो केन्द्रीय कार्यलय र सबै प्रदेश तथा प्रदेश शाखा कार्यलयहरुमा विषयगत सम्पर्क अधिकृतकै व्यवस्था गरी यस विषयमा उजुरी ग्रहण गर्ने, अनुगमन गर्ने, अन्तक्रियाहरु एवम् नेपाल सरकारलाई सिफारिसहरु गर्ने गर्दै आएको छ । यो प्रतिवेदन विशेष गरी आयोगले वातावरण प्रदूषणबाट मानव अधिकारमा परेको असर विषयमा स्थलगत अध्ययन, अनुसन्धान, अनुगमन र अन्तक्रियामा प्राप्त जानकारीमा आधारित रहेको छ । वातावरण प्रदूषणले मानवको स्वास्थ्यमा गम्भीर प्रभाव पारी मानवको जीवन, मर्यादा र सम्मानमा खलल् पारिरहेको छ । राष्ट्रिय मानव अधिकर आयोग यसको अन्त्य भएको हेर्न चाहन्छ । तसर्थ, राष्ट्रिय मानव अधिकार आयोगले यस विषयलाई मानव अधिकारको एक महत्वपुर्ण प्रमुख विषय मान्दै यस विषयमा निरन्तर कार्य गरिरहने छ । आगामी दिनहरुमा आयोगले यस विषयलाई प्राथमिकतामा राखी समाधानका लागि गुर्नपर्ने कार्यहरुको बारेमा सबै सरोकारवावाहरुको सहयोग र सुझावको समेत अपेक्षा राखेको छ । आयोगको यस प्रतिवेदनको विषयमा प्रशासनिक संयोजन एवम् सुझाव तथा सल्लाहको लागि आयोगका सचिव वेदप्रसाद भट्टराई, निर्देशकहरु, प्रतिवेदन लेखन तथा संयोजन गर्ने उप-निर्देशक लोकनाथ वास्तोला, उप-निर्देशक स्वर्णिमा भण्डारी, मानव अधिकार अधिकृत रबिलाल नेपाली, लेखन तथा प्रतिवेदन अन्तिम रुप दिने वातावरण तथा विकास अधिकार सम्पर्क अधिकृत किरण कुमार बराम, विज्ञ सुझावको लागि अधिवक्ता पदमबहादुर श्रेष्ठ, अधिवक्ता डा. चिरञ्जिवी भट्टराई, वातावरण विदद्वय नारायणवावु धिताल तथा सनोद अधिकारी, नेपाल सरकारका विभिन्न कार्यालय, आयोगका विभिन्न कार्यालयहरु र यस कार्यमा सुरुका दिनबाट अनुगमनमा खटी मेहनतसाथ लेखन कार्य गर्ने मानव अधिकार अधिकृत गीता कुमारी दाहाललाई धन्यवाद दिन चाहन्छु ।

सुदिप पाठक

सदस्य

वातावरण तथा विकासको अधिकार सम्बन्धी विषय हेर्ने

# विषय-सूची

**कार्यकारी सारंश**

**परिच्छेद-एक**
**प्रारम्भिक**

१.१ पृष्ठभूमि १
(क) वातावरण १
(ख) विकास २
(ग) मानव अधिकार २
(घ) वातावरण, विकास र मानव अधिकार विचको अन्तरसम्बन्ध २
१.२ अध्ययनको उद्देश्य ३
१.३ अध्ययनको औचित्य ४
१.४ अध्ययन विधी ५
१.५ अध्ययनको सीमा ६
१.६ अध्ययनको प्रारुप ६

**परिच्छेद-दुई**
**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्था**

२.१ राष्ट्रिय कानून र संयन्त्रहरू ८
(क) नेपालको संविधान ९
(ख) राष्ट्रिय मानव अधिकार आयोग ९
(ग) वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ ९
(घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ १०
(ङ) स्थानीय सरकार सञ्चालन ऐन २०७४ १०
(च) सिमेन्ट उद्योगहरूबाट निस्कासन भई हावामा जाने धुलो सम्बन्धी मापदण्ड-२०६९ ११
(छ) वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड-२०६९ ११
२.२ न्यायिक निर्णय १२
२.३ अन्तर्राष्ट्रिय कानून तथा संयन्त्रहरू १३
२.३.१. रामसार महासन्धि १९७१ १६
२.३.२. विश्व सम्पदा संरक्षण सम्बन्धी महासन्धि १९७२ १६
२.३.३. संकटासन्न वनस्पति तथा वन्यजन्तुको अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धी, १९७३ १६
२.३.४. हानिकारक फोहोरमैलाहरूको राष्ट्रिय सीमासार ओसार पसार नियन्त्रण सम्बन्धी बेसल महासन्धि १९८९ १७

२.३.५. जैविक विविधता सम्बन्धी महासन्धि १९९२ १७
२.३.६. जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि १९९२ १७
२.४ विशेष समाधिक्षक १८
२.५ अन्तर्राष्ट्रिय दस्तावेज, घोषणापत्र तथा सम्मेलन २०
२.६ दिगो विकासको लक्ष्य २०
२.७ वातावरण तथा विकास अधिकारको घोषणापत्र २३
२.८ अन्तर्राष्ट्रिय मानव अधिकारका प्रमुख महासन्धिहरू २३

**परिच्छेद–तीन**

**अध्ययन अनुगमनबाट प्राप्त तथ्य**

३. वायु प्रदूषण स्रोतहरू २५
३.१. विकास निर्माण कार्यान्वयन २५
३.२. फोहोरमैला व्यवस्थापन २८
३.३. स्वास्थ्य ३१
३.४. उद्योग ३४
३.४.१ सिमेन्ट उद्योग ३६
३.४.२ लुम्बिनी क्षेत्रमा वायु प्रदूषणको प्रभाव ४६
३.४.३ उद्योगमा श्रमिकको अवस्था ४७
३.५ सवारी साधन ४७
३.६ प्राकृतिक स्रोत ४८

**परिच्छेद–चार**

**विश्लेषण तथा निश्कर्ष**

४.१. विकास निर्माण ४९
४.२. उद्योग कलकारखाना ५२
४.३. उद्योग र लुम्बिनी क्षेत्रको वातावरण ५४
४.४. सवारी साधन प्रदूषण ५५
४.५. फोहोरमैला व्यवस्थापन ५६
४.६. वायु प्रदूषण र स्वास्थ्य ५८
४.७. प्राकृतिक स्रोत ६०
४.८. प्रारम्भिक वातावरणीय परिक्षण र वातावरण प्रभाव मुल्याङ्कन ६०
४.९. विविध ६१
४.१०. निश्कर्ष ६२

## परिच्छेद–पाँच
## सिफारिस

५.१. आयोगबाट मिति २०७५/०७/२७ मा काठमाण्डौ उपत्यकाको प्रदूषण र स्वच्छ वातावरणको अवस्था सम्बन्धमा भएको निर्णय। ६३
- १. विकास निर्माणका कार्य सम्बन्धमा ६३
- २. सवारी साधन व्यवस्थापन, मापदण्ड र कानूनको कार्यान्वयन सम्बन्धमा ६३
- ३. प्रारम्भिक वातारणीय परिक्षण र वातावरणीय प्रभाव मुल्याङ्कन सम्बन्धमा ६४
- ४. फोहोरमैला संकलन र व्यवस्थापन सम्बन्धमा ६४
- ५. फोहोरमैला विसर्जन स्थल (ल्याण्डफिल्ड साइट) सम्बन्धमा ६५
- ६. रसायनयुक्त संक्रमित र साधारण फोहोरमैला व्यवस्थापन सम्बन्धमा ६५
- ७. ईट्टाभट्टा उद्योग सम्बन्धमा ६६
- ८. वायु प्रदूषण मापन यन्त्रको विस्तार र विश्लेषण सम्बन्धमा ६६
- ९. सडकपेटी सफाई र हरियाली व्यवस्थापन सम्बन्धमा ६६
- १०. नियमित अनुगमन र जनचेतना र क्षतिपुर्ति सम्बन्धमा ६६

५.२. आयोगको अध्ययनबाट प्राप्त तथ्यहरूको विश्लेषणका आधारमा उपत्यका बाहिरको स्वच्छ वातावरण र प्रदूषण सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस ६७

## परिच्छेद–छ
## अनुसूचिहरू

अनुसूचि नं. १ः आयोगले नेपाल सरकारलाई आयोगको वातावरण र विकास सम्बन्धमा गरेको निर्णय कार्यन्वयनको सिफारिस पत्र ७२

अनुसूचि नं. २ः वातावरण र विकास सम्बन्धमा आयोगको विज्ञप्ति तथा प्रेस नोटहरू ७८

अनुसूचि नं. ३ः अन्तरकृया/गोष्ठी कार्यक्रमका सुझाव तथा सिफारिस ८८

अनूसूचि नं. ४ः अध्ययन, अनुगमन, अनुसन्धान र कार्यक्रमहरूको संक्षिप्त विवरण ९४

अनुसूचि नं. ५ः आयोगबाट निर्णय भएका उजुरी फायलको विवरण ९६

अनुसूचि नं. ६ः अध्ययन, अनुसन्धान, अनुगमन तथा अन्तक्रिया कार्यक्रमहरूको तस्विरहरू ९७

अनुसूचि नं. ७ः अध्ययन, अनुसन्धान, अनुगमन तथा अन्तक्रिया कार्यक्रमहरूका सहभागीको विवरण १०१

अनुसूचि नं. ८ः स्थलगत वातावरणीय र विकासको अधिकार अनुगमन प्रश्नावलीको चेकलिष्ट १२५

# कार्यकारी सारंश

पृथ्वीमा भएका सम्पूर्ण प्राणी जगतका लागि अपरिहार्य तत्वको रुपमा रहेको स्वच्छ वातावरण प्रकृतिको अनूपम उपहार हो । परम्परागत धारणाहरू, धर्म, मुल्य मान्यता, संस्कार संस्कृति, विश्वास, आस्था, दर्शन लगायतबाट सुरक्षित, स्वस्थ र स्वच्छ वातावरण कायम रहदै आएको छ । वातावरण र प्राणी जगतको अन्तरसम्बन्धलाई विश्लेषण गरेर स्वच्छ वातावरणको अधिकारलाई मानव अधिकारको एउटा अंगको रुपमा लिएको पाईन्छ ।

वर्तमान समयमा नेपालमा विकाससँगै वातावरणमा समस्याहरू मौलाउदै गएका छन् । वातावरणमा प्लाष्टिक प्रदूषणको रुपमा झोला, बोतल तथा प्लाष्टिजन्य सामाग्रीको अत्यधिक अव्यस्थित प्रयोग, गिट्टी, बालुवा, ढुङ्गा जस्ता नदी लगायत प्राकृतिक स्रोतको अनियन्त्रित प्रयोग, चुरे क्षेत्र दोहन, अव्यवस्थित ढल, मलमूत्र, फोहरमैला, अस्पतालजन्य फोहरमैला र यसको अव्यवस्थित विसर्जन स्थल, सिमेन्ट उद्योगजन्य प्रदूषण, वायु प्रदूषण, ध्वनि प्रदूषण, विषादी, रसायनिक पदार्थ तथा मलको अनियन्त्रित प्रयोग आदी वातावरण प्रदूषणका प्रमुख कारण हुन् । वन विनाश, डढेलो, पशुपालनजन्य फोहरबाट पानीका मुहान तथा नदीनालाको प्रदूषण, जथाभावी सडक निर्माण र बाढी पहिरो, निर्माणजन्य फोहोर, जलवायु परिवर्तनको असर र प्रभावले वातावरण क्षयिकरण भैइरहेको छ । यसले मानवको सुरक्षित, स्वच्छ र स्वस्थ वातावरणको अधिकारमा वाधा पुगेको छ ।

नेपाल विगतको आन्तरिक द्वन्दबाट पीडित भई हाल लोकतन्त्र तथा संघीय शासन प्रणालीमा आईसकेको अवस्था छ । समृद्धि भनेको विकास रहेको तथ्यलाई महशुस गरी वातावरण र विकास विच सन्तुलन कायम गरी मानव अधिकारमैत्री विकास हुनु पर्दछ भन्ने विषयलाई राष्ट्रिय मानव अधिकार आयोगले आत्मसाथ गरेको छ । तसर्थ यसले आफ्ना अध्ययन अनुगमन प्रतिवेदनमा वातावरण, विकास र मानव अधिकारका विविध मुद्दाहरू मध्ये वातावरण प्रदूषण र मानव अधिकारको विषयलाई अध्ययन अनुगमनमा प्रमुख विषयवस्तु वनाएको छ । खास गरी वातावरण प्रदूषण बृद्धि हुनुका कारणहरू अव्यवस्थित फोहोर व्यवस्थापन, अव्यवस्थित विकास निमार्णका योजना कार्यान्वयन, शहरका अव्यवस्थित भौतिक संरचना, ईट्टा उद्योग, वायु प्रदूषण नियन्त्रण फितलो संरचना तथा कमजोर नियमन, वातावरण प्रभाव मुल्याङ्कनको फितलो कार्यन्वयन, सिमेन्ट उद्योगहरू, विश्व सम्पदा सूचिमा सूचिकृत लुम्बिनी क्षेत्रमा स्थापित विभिन्न उद्योगहरू एवं विशेषत सिमेन्ट उद्योगहरूको कार्य सञ्चालनबाट निष्कासन हुने धुलो, धुवाँ, आदि रहेको पाईन्छ । तसर्थ यिनै मुद्दाहरूलाई यस अध्ययन अनुगमन प्रतिवेदनमा समेट्ने प्रयास गरिएको छ ।

सन् १९७२ को Stockholm Declararion of the United Nations Conference on Human Enviroment को सम्मेलनबाट पहिलो पटक अन्तर्राष्ट्रिय जगतमा स्वच्छ वातावरणमा बाँच्न पाउनु पर्ने प्रत्येक व्यक्तिको नैसर्गिक अधिकार रहेको विषयले प्रवेश पाएको पाईन्छ । संयुक्त राष्ट्रसंघीय विकासको अधिकार सम्बन्धी घोषणा पत्र सन् १९८६ ले विकासलाई मानव अधिकारको रुपमा परिभाषित

गरेको छ। वातावरण र विकासलाई जोडेर सन् १९९० मा भियना सम्मेलन, १९९२ मा ब्राजिलको रियो द जेनेरियोमा पृथ्वी सम्मेलनले वातावरण संरक्षण र विकासलाई मानव अधिकारसँग प्रत्यक्ष रुपमा जोडेर हेरेको छ। पछिल्लो समय जलवायु परिवर्तन र मानव अधिकारको सवाल पनि मुख्य रुपमा उठेको छ। सन् २०१८ मा भएको पेरिस सम्झौताको प्रस्तावनामा नै जलवायु परिवर्तनको मुद्दा समावेश गरिएको छ। मानव अधिकारको सम्मान गर्न जलवायु परिवर्तन मुद्दा सम्बोधन गरिनु पर्ने व्यवस्था गरेको छ। सन् १९९५ मा कोपेनहेगेनमा भएको सामाजिक विकास सम्बन्धी विश्व सम्मेलनले वातावरण र विकासलाई मानव अधिकारको विषयवस्तुको रुपमा औंल्याएको हुदा संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरूले वातावरण संरक्षणमा कानूनहरू निर्माण गरी लागु गर्नुपर्ने दायित्व सिर्जना भएको छ। नेपालले पनि वातावरण, विकास र मानव अधिकार सम्बन्धी विविध विषयका महासन्धिमा पक्ष राष्ट्र तथा अन्तर्राष्ट्रिय सम्मेलनहरूमा सहभागी भई प्रतिवद्धता जनाएको अवस्थामा मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्द्धन तथा परिपूर्ति गर्ने दायित्वबाट उन्मूक्त हुन सक्दैन।

वातावरण संरक्षण र मानव केन्द्रित विकास गर्ने उद्देश्य राखी नेपालमा पनि संविधान र ऐन कानूनहरूको निर्माण भएका छन्। वि.स. २०७२ मा जारी नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हक प्रत्याभूत गरिएको छ। नेपालको संविधानको धारा ३० को उपधारा (१) मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक व्यवस्था गरिएको छ। नेपालको संविधानको धारा ३० को उपधारा (२) मा वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति वापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हकको सुनिश्चित गरिएको छ। धारा ३० को उपधारा (३) मा राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन भनी उल्लेख छ। नेपालको संविधानको भाग ४ मा उल्लेखित राज्यका नीतिमा वातावरणीय सन्तुलन, पर्यावरणीय दिगो विकास, प्राकृतिक प्रकोपबाट हुने क्षतिको न्यूनीकरण गर्न पूर्व तयारी, उद्धार, राहत एवम् पुर्नस्थापना, प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग, वातावरण अनुकूल विकास, विकासमा सहभागिता अभिवृद्धि लगायत व्यवस्था समेटिएको छ। जुन व्यवस्थाहरू वातावरण संरक्षणसँग प्रत्यक्ष सम्बन्ध राख्दछन्।

वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ ले वातावरण संरक्षणको लागि विभिन्न व्यवस्थाहरू गरिएका छन्। यसैगरी फोहोरमैला व्यवस्थापन ऐन २०६८, वन ऐन २०४९, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ समेत वातावरण संरक्षणसँग सम्बन्धित छन्। यसरी नै ऐन कानूनहरू, मानव अधिकार राष्ट्रिय कार्ययोजना तथा सम्मानित सर्वोच्च अदालतबाट नजिरहरू प्रतिपादन भएको पाईन्छ। मानव अधिकार राष्ट्रिय कार्ययोजनाले नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारलाई कार्ययोजनामा समेटेको छ। दिगो विकासका लक्ष्यहरू तथा सम्बद्ध परिमाणात्मक लक्ष्यहरूले वातावरण संरक्षण गर्नु पर्ने दायित्वमा थप जिम्मेवार वनाएको छ।

राज्यले वातावरण संरक्षणका क्षेत्रमा भौतिक र आर्थिक लगानी गरेतापनि सो अनुसारको उपलब्धि हुन नसकेको पाईन्छ। यस क्षेत्रमा केही कानूनहरू निर्माण भई कार्यान्वयनमा आएको र सरकारले सो

कानूनहरू कार्यान्वयनका लागि विविध मापदण्ड, संरचना एवम् संयन्त्रहरू समेत निर्माण गरी सञ्चालनमा ल्याउने प्रयास गरेको भएता पनि स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको अधिकारको संरक्षण हुन नसकेको अवस्था रहेको छ । वातावरण संरक्षण गर्न सम्मानित अदालतहरूको महत्वपूर्ण भूमिका रहेको पाइएता पनि सरकारबाट अदालतहरूद्वारा गरिएका निर्णयहरूको आंशिक रुपमा मात्रै कार्यान्वयन गरेको अवस्था छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूमा उल्लेखित व्यवस्थाहरूमा स्वच्छ वातावरण र विकासको अधिकार सवाल मानव अधिकारको विषयको रुपमा स्थापित गरिएको छ । नेपालको संविधानद्वारा मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सूचिश्चित गर्ने दायित्व राष्ट्रिय मानव अधिकार आयोगलाई तोकिएको छ । राष्ट्रिय मानव अधिकार आयोगको सन् २०१५ देखि २०२० सम्मको रणनीतिक योजना कार्यन्वयनमा रहेको छ । आयोगले वातावरण र विकास मानव अधिकार संरक्षण, सम्बर्द्धन तथा परिपूर्तिका लागि अध्ययन, अनुसन्धान, अनुगमन, अन्तक्रिया, छलफल, सिफारिस गर्दै आएको छ । यस क्रममा आयोगले काठमाडौं, नुवाकोट, ललितपुर र भक्तपुर, रुपन्देही, दाङ, प्यूठान, बाँके, वर्दिया, कैलाली, कञ्चनपुर, मोरङ, सुनसरी, इलाम, धनुषा लगायत १५ जिल्लाहरूका वायु प्रदूषण र मानव स्वास्थ्यको अवस्था सम्बन्धमा वातावरण तथा कानून विज्ञ सहित स्थलगत अध्ययन, अनुगमन तथा अनुसन्धान गरेको छ । सोको विवरण यस प्रतिवेदनमा समेटिएको छ ।

सिमेन्ट उद्योगहरू र प्रदूषण विषयमा अध्ययन अनुगमन गर्ने क्रममा उद्योग विभागमा १११ वटा सिमेन्ट उद्योगहरू दर्ता रहेको, यी उद्योगहरू कुनैले ओपीसी (Ordinary Portland Cement (OPC), पीपीसी (Portland Pizzolam Cement (PPC) र क्लींकर (Clinker) वा यी मध्ये कुनै एक सिमेन्ट उत्पादन गर्ने गरेको पाइयो भने दाङ जिल्लामा मात्रै ७ वटा सिमेन्ट उद्योग र रुपन्देही जिल्लामा १६ वटा सिमेन्ट उद्योगहरू रहेको पाइयो । आयोगको अनुगमन टोलीले रुपन्देही जिल्लाको अर्घाखाँची सिमेन्ट प्रा.लि., दाङ्ग जिल्लाको सोनापुर मिनरल्स एण्ड आयल प्रा.लि. र घोराही सिमेन्ट उद्योग प्रा.लि.को अनुगमनका क्रममा प्रदूषण र मानव अधिकारको दृष्टिकोणले यी उद्योगहरूको उत्पादन क्षमता, उद्योगबाट निस्कने धुलो र ध्वनीको अवस्था तथा यसको न्यूनीकरण यन्त्र, उद्योग परिसर भित्र बृक्षारोपण र धातुको सडक (Metalic road) को अवस्था, Crushed Limestone Storage, श्रमिक तथा कामदारको अवस्था लगायत सम्बन्धमा नेपाल सरकारबाट तोकिएका मापदण्ड पूर्ण रुपमा कार्यान्वयन भए नभएको अध्ययन गरेको थियो ।

अनुगमनबाट प्राप्त तथ्यलाई हेर्दा विश्व सम्पदाको क्षेत्रभित्र समावेश पर्यटकीय, धार्मिक तथा पुरातात्विक महत्व रहेको लुम्बिनी क्षेत्र वातावरण प्रदूषणबाट प्रभावित भएको पाईन्छ । कानूनी मापदण्ड पालना हुन नसकेको तथा सिमेन्ट लगायतका उद्योग धन्दाबाट निस्कने अत्याधिक धूँवाधुलोको मात्राले सो क्षेत्रको वायु प्रदूषणमा वृद्धि हुनपुगेको देखिन्छ । फलतः स्थानीयवासी तथा पर्यटकहरूमा श्वासप्रश्वास, छालाजन्य रोग लगायतका समस्या देखिएका छन् । पुरातात्विक महत्वका भवन, मूर्ति तथा गुम्बाहरू खिइएर बिग्रन सक्ने देखिएको छ । तुवाँलो बढ्नाले हेराइमा समस्या पर्न गएको स्थिति छ । कृषि, खाद्यान्न र पशुपन्छी लगायतको आहारमा समेत नकरात्मक प्रभाव परेको स्थिति रहेको छ ।

सुदुरपश्चिम प्रदेशका कैलाली र कञ्चनपुर तथा प्रदेश नं. ५ का बाँके, वर्दिया, दाङ, प्युठान लगायतका जिल्लाहरूमा समेत फोहोर व्यवस्थापन हुन नसक्नु, खनिज पदार्थ उत्खनन्, नदी लगायत प्राकृतिक संरचनाहरूको नष्ट गरिनु, नदिजन्य पदार्थको अनियन्त्रित दोहन, अव्यवस्थित विकास निर्माणका कार्य, उद्योगहरूबाट निस्कासित प्रदूषण लगायतको समस्या यस क्षेत्रमा वायु प्रदूषण बृद्धि हुनुको मुख्य कारण रहेको देखिन्छ । विकास निर्माणका नाममा सिर्जना भएका प्रदूषण, प्राकृतिक स्रोत साधनको अत्यधिक दोहन लगायत विविध कारणले वातावरणीय सन्तुलनमा प्रत्यक्ष प्रतिकुल असर परी प्राकृतिक वातावरण परिवर्तन तथा विकृत भईरहेको अवस्था पाइएको छ । विकास निर्माणका कार्यहरू कार्यान्वयन गर्दा भइरहेका भौतिक संरचनाहरू सबैतिर भत्काउने कार्यमा आतुरता देखिन्छ तर निर्माण सम्पन्न गराउनमा खासै चासो देखिएको छैन । विकास निर्माण कार्यान्वयन गर्ने निकायहरूबीच आपसी समन्वयको अभाव छ । जिम्मेवारी लिने भन्दा पनि पन्छाउने प्रवृति फस्टाएको छ ।

काठमाडौँ उपत्यकाको वायु प्रदूषणको प्रमुख कारण अव्यवस्थित सहरीकरण, अव्यवस्थित फोहरमैला, सडक बिस्तार तथा विकास निर्माणका कार्य, फोहोरमैलाको व्यवस्थित बिर्सजन स्थलको अभाव, सवारीजन्य धुवाँधुलो, अव्यवस्थित ईट्टा उद्योगहरू रहेको पाईन्छ । सडक बिस्तारको लागि भत्काईएका घर र मूल सडकहरूमा मेलम्ची खानेपानी आयोजनाको पाइप बिछ्याउने क्रममा निस्किएको धूलोबाट जनजीवन अत्यन्त प्रभावित बन्न पुगेको पाइएको छ । भइरहेका सडक भत्काउने काममा तिब्रता तर बनाउनमा तदारुकता नदेखिएबाट विकास निर्माण र वातावरणको अवस्था दयनीय देखिन्छ । सर्वसाधारणमा रुघाखोकी, छालाको एलर्जी, आँखा चिलाउने र मानसिक रुपमा चिडचिडाहट जस्ता मनोवैज्ञानिक समस्याहरू देखिएका छन् । उपत्यकामा ट्राफिक व्यवस्थापनमा खटिएका करिब तीन सय ५५ प्रहरीहरूमा वायु प्रदूषणको कारण फोक्सोमा समस्या देखिएको स्थिति छ । उपत्यका भित्र रहेका करिब ३ सय ५० ईट्टा उद्योगहरू रहेको र त्यसबाट वातावरण प्रदूषणमा मूख्य भूमिका खेले को छ । हिउँद महिनामा मात्र ईट्टा उद्योग सञ्चालन हुने गरेको र त्यसमा कार्यरत कामदार, उनीहरूका स-साना बालबालिका सहितका परिवार उद्योग परिसर भित्र बस्न बाध्य भएकाले कामदार, परिवार र बालबालिकाहरूको स्वास्थ्यमा समेत नकरात्मक असर परेको स्थिति छ ।

प्रदूषण नियन्त्रण, न्यूनीकरण र दिगो विकासलाई अवलम्बन गर्न नेपाल सरकारले समय समयमा विभिन्न किसिमका वातावरणीय मापदण्डहरू निर्धारण गरी लागु गरिसकेको परिप्रेक्ष्यमा सोको कार्यान्वयन गर्नु गराउनु सम्बन्धित सरोकारवाला उद्योगीहरूको कर्तव्य र दायित्व हुन आउँछ । उद्योगहरूले यस्ता मापदण्डहरू उल्लङ्घन गरिएको खण्डमा वातावरण प्रदूषण भई जनस्वास्थ्य र पर्यावरणमा नै नकारात्मक असर पर्न जाने तथा प्रत्येक नागरिकको संविधान उल्लेखित मौलिक हकद्वारा प्रदत्त स्वच्छ वातावरणमा बाँच्न पाउने हकको हनन् हुन सक्ने भएकोले यस्ता उद्योगबाट निष्कासन हुने प्रदूषणलाई कम गरी वातावरण र उद्योगलाई सन्तुलित वनाई वातावरणमैत्री तवरले उद्योग एवं कलकारखानाहरूको सञ्चालन गरी दिगो विकासमा ध्यान पुऱ्याउनु पर्ने देखिएको छ ।

मानव अधिकारमैत्री विकास र सुरक्षित, स्वस्थ तथा स्वच्छ वातावरण हक कार्यन्वयन गर्न गराउन स्थानीय, प्रदेश तथा संघीय सरकारको दायित्व हो । विकास र वातावरणको अधिकारलाई मध्यनजर

राखी अनुगमन, अनुसन्धान, संवर्द्धनात्मक कार्यबाट प्राप्त तथ्यको आधारमा आयोगले नेपाल सरकारलाई निर्णय कार्यन्वयनको लागि सिफारिस गरेको छ। सिफारिसमा स्वच्छ वातावरणको हक, विकास निर्माण, सवारी साधन व्यवस्थापन, मापदण्ड र कानूनको कार्यान्वयन, प्रारम्भिक वातारणीय परीक्षण र प्रभाव मूल्याङ्कन, फोहोरमैला सङ्कलन र व्यवस्थापन, ईट्टाभट्टा उद्योग, वायु प्रदूषण मापन यन्त्रको बिस्तार, सरसफाइ, हरियाली आदि विषय छन् ।

स्वच्छ वातावरणमा बाँच्न पाउनुपर्ने प्रत्येक नागरिकको नैसर्गिक अधिकार रहेको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनहरूले स्थापित गरिसकेको छ। विकास गर्दा मानवलाई नै केन्द्रविन्दुमा राखेर वातावरणको संरक्षण गरी मानव स्वास्थ्य र वातावरण सन्तुलन हुन गरी गर्न आवश्यक छ। वातावरण संरक्षण र व्यवस्थापन सम्बन्धी निकायहरूको संरचना थप गरी यसको विस्तार र पहुँच प्रदेश तथा स्थानीय तहसम्म विकेन्द्रीकरण गर्दै सहज बनाउनु पर्ने आवश्यकता रहेको छ।

# परिच्छेद-एक

# प्रारम्भिक

## १.१. पृष्ठभूमि

विश्व नै साँघुरिएको समयमा वातावरण र विकासको मुद्दा कुनै एक विशेष देश र स्थानको मात्र नभई विश्वव्यापी मुद्दाको रुपमा लिइएको छ । वर्तमान समयमा विश्वव्यापी उष्णता, ओजनतहको विनास, बनविनास, बढ्दो औद्योगीककरण, अम्लीय वर्षा, सामुद्रिक प्रदूषण, अव्यवस्थित सहरीकरण, अव्यवस्थित विकास निर्माण, फोहोरमैला, मरुभुमिकरण, जलवायु परिवर्तन, वायु प्रदूषण, ध्वनी, पानीको मुल सुक्ने, पानी प्रदूषण, बाढी पहिरो, प्राकृतिक विपत्ति, खानी उत्खनन् लगायत प्राकृतिक स्रोतको अत्यधिक दोहन जस्ता वातावरणीय समस्याहरूबाट विश्व नै ग्रस्त वन्दै गएको छ ।

वायु प्रदूषण वातावरण प्रदूषणको मूख्य कारण रहेको छ । वायु प्रदूषण भनेको वायु मण्डलमा रहेका विविध प्रकारको रासायनिक पदार्थहरू जसले जैविक तथा अजैविक तत्वहरूलाई नकरात्मक असर गर्ने गर्दछ त्यस्ता प्रदूषणलाई वायु प्रदूषणलाई वायु प्रदूषण भन्ने गरिन्छ । जसले वायुको स्वच्छतालाई क्षति गर्नुका साथै ओजन तहलाई क्षयिकरण गर्दै पृथ्वीमा तापक्रम बढाउन भूमिका गर्दछ । प्रदूषित वायुले प्राणीको स्वास्थ्यमा नकारात्मक असर गर्दछ । वायु प्रदूषणले मानव स्वास्थ्य, वनस्पती र जलवायु परिवर्तनमा नकारात्मक प्रभाव पारेको छ । वायु प्रदूषणको कारणले मानवको स्वास्थ्यमा गम्भीर प्रभाव पारेको विभिन्न तथ्यांकहरूले देखाउने गरेको छ । स्वच्छ, सफा र सुरक्षित वातावरणको अधिकारमा वायु प्रदूषणले असर गरिरहेको छ ।

### (क) वातावरण

वातावरण आफैमा वृहत विषय भएकोले यसलाई व्यापक रुपमा वुझिन्छ । स्वच्छ वातावरण, वनजंगल, जल, वायु, नदिनाला, ताल तलैया, जिव जन्तु, पशुपन्छी, शहरीकरण, विकास, जैविक विविधतता, खनिज स्रोत लगायत समग्रमा प्राकृतिक, सामाजिक, सांस्कृतिक तथा समग्र मानवीय क्रियाकलापहरू र तिनीहरू विचको अन्तरसम्बन्धहरू नै  वातावरणका विषयवस्तु मानिन्छन् ।

पृथ्वीमा भएका सम्पूर्ण जिवित प्राणीका लागि स्वच्छ वातावरण प्रकृतिको देन हो । यो प्रकृतिको उपहारलाई परिवर्तन गर्नु वा विकृत पार्नु नै प्रदूषण हो । वातावरण प्रदूषणले स्वच्छ वातावरणमा क्षति पुऱ्याउने र जलवायु परिवर्तन गर्ने जस्ता कार्य गर्दछ । वर्तमान समयमा अत्यधिक वढेको प्रदूषणका कारण पृथ्वीको ओजनतहको विनास हुँदै गएकोले विश्वमा नै उष्णता वृद्धि भएको अवस्था छ । जसको परिणाम मानव स्वास्थ्यमा प्रतिकूल असर पारी महामारी फैलिरहेको  र प्राकृतिक प्रकोपमा वृद्धि भइरहेको छ । जलवायु परिवर्तन हुन गई भौतिक, मानविय, प्राकृतिक क्षति हुन पुगी मानव जीवनमा प्रतिकूल प्रभाव पर्न गएको छ ।

## (ख) विकास

सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक र मानवीय कृयाकलापमा देखिने सकारात्मक परिवर्तन लाई विकास भन्न सकिन्छ। विकास एक बहुआयामिक प्रक्रिया हो। यसले प्रगति उन्नतिको अवस्थालाई प्रतिविम्वित गर्दछ। समाजशास्त्रमा विकासलाई सामाजिक स्तरमा आउने सुधार हो। आधुनिकता, जीवनस्तरमा सुधार, बेरोजगारीको अन्त्य, आर्थिक असमानताको अन्त्य, सामाजिक न्याय, प्राकृतिक स्रोत साधनको दिगो प्रयोग, स्वस्थ्य र गुणस्तरीय जीवन विकासका गतिविधिबाट प्राप्त हुन्छ। विकासको सहि प्रयोग, कुशल व्यवस्थापनको अभावमा वातावरणीय क्षयिकरण समस्या सिर्जना गर्दछ। यसले गर्दा मानिसको स्वस्थ्य वातावरणमा रहन पाउने मौलिक हकमा नकारात्मक असर गर्दछ। यसकारण विकासको उच्चतम प्रयोग तथा व्यवस्थापन गदै वातावरण संक्षरणको निरन्तरतामा मानव अधिकारको प्रत्याभूत हुने गर्दछ।

## (ग) मानव अधिकार

कुनै पनि मानिस मर्यादित रुपमा बाँच्नको लागि आवश्यक पर्ने सम्पूर्ण अधिकारहरू नै मानव अधिकार हुन्। शान्ति, स्वतन्त्रता, न्याय र समानता मानव अधिकारका आधारभुत अंगहरू हुन्। मानव अधिकार धर्म, वर्ण, लिगं, जातजाति, उत्पती, भाषा वा वैचारिक आस्था वा अन्य कुनैपनि आधारमा विना भेदभाव मानिसलाई नैसर्गिक रुपमा प्राप्त हुन्छन्।

## (घ) वातावरण, विकास र मानव अधिकार विचको अन्तरसम्बन्ध

वातावरण संरक्षणका सम्बन्धमा दिगो विकासको सिद्धान्त, पूर्व सावधानीको सिद्धान्त, भावी सन्तती समेतको समन्यायको सिद्धान्त, सार्वजनिक न्यायको सिद्धान्त, क्षतिपूर्तिको सिद्धान्त, विकासको सिद्धान्तलगायतका सिद्धान्तहरू विकास भएका छन्। यी सिद्धान्तहरू विकास र वातावरणलाई सन्तुलन गरेर लैजानका लागि मार्गनिर्देशक रुपमा रहेको छ। वातावरणको हकमा भावी पुस्ताको समेत अधिकार रहने हुँदा वातावरण संरक्षणमा यी सिद्धान्तहरूको महत्वपूर्ण योगदान रहने हुन्छ।

भौतिक विकास  एउटा आवश्यक चक्र हो भने वातावरण संरक्षण आजको आवश्यकता हो। वातावरण संरक्षण र विकास विचको अन्योन्याश्रीत सम्बन्धबाट नै राष्ट्रको  दिगो विकास मौलाउने हो। दिगो विकासले वातावरणीय ह्रासबाट मानव जाती, जिवजन्तु, वनस्पती, प्रकृति तथा भौतिक वस्तुमाथी पर्नसक्ने प्रतिकूल असरलाई न्यूनिकरण गर्ने, स्वच्छ र स्वस्थ्य वातावरण कायम गर्ने र प्राकृतिक स्रोतको न्यायोचित उपयोग गरी वातावरण संरक्षण गर्ने उदेश्य लिएको हुन्छ। वातावरण, प्रदूषण, संरक्षण र वातावरणीय अध्ययन, परिक्षण तथा प्रभाव मुल्याङ्कनको अन्तरसम्बन्ध स्वच्छ वातावरणको महत्वपुर्ण विषयवस्तु हुन्। यी विषयको  परिभाषा वातावरण संरक्षण ऐन, २०५३ मा व्यवस्था गरिएको छ।

विकास र वातावरणसम्बन्धी प्रावधानहरूलाई हेर्दा स्पष्ट हुन्छः यी दुई अधिकार आपसमा अन्तरसम्बन्धित छन्। वातावरण संरक्षण विनाको विकास सम्भव हुन सक्दैन। वर्तमान अवस्थामा विकास र वातावरणको संरक्षणका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा विभिन्न अभियानहरू सञ्चालन भइरहेका छन्।

विकासको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र १९८६ ले विकास जहिले पनि मानिसलाई केन्द्रविन्दुमा राखेर मात्र गरिनु पर्दछ अर्थात जसको लागि विकास गरिएको उसले नै सो को प्रतिफल प्राप्त गर्नु पर्दछ भन्ने विकास सम्बन्धी अवधारणा प्रस्तुत गर्‍यो । विकास सम्बन्धी पाइला चालिरहेको समयमा सन् १९८० को दशकमा दिगो विकासको विषयले प्रवेश पायो । भावी पुस्ताको आवश्यकता परिपूर्तिमा कमी नआउने गरी वर्तमान आवश्यकतालाई परिपूर्ति एवं सम्वोधन गर्नु नै दिगो विकास हो भन्ने मान्यताले प्रवेश गर्‍यो । वास्तवमा भविष्यदर्शी, सन्तुलित, व्यवस्थित, पर्यावरणमैत्री, मानवीय सोचमा आधारित विकास नै दिगो विकास हो ।

दिगो विकासको नविनतम आयामले दिगो आर्थिक परिचालन, लोकतन्त्र प्रजातन्त्र, समानुपातिक समावेशी लगायत राजनैतिक व्यवस्थालाई समेत समेट्दछ । दिगो विकासका गातिविधीहरू कार्यान्वयन गर्दा जलवायु परिवर्तन, जैविक विविधता, लगायतका विषयमा सजग हुनुपर्ने र मानवीय सुविधा एवं जीवनशैलीमा सहजता, विकासका हरेक चरणमा सहभागीता, मानवीय स्वास्थ्यमा ध्यान पुर्‍याउनु पर्ने कुरामा जोड दिन्छ ।

वातावरण प्रदूषणका कारण वर्षेनी लाखौं मानिसहरूको मृत्यु हुने गरेको र कडा रोगको सिकार हुने गरेको समाचार पाइन्छ । विश्व स्वास्थ्य सँगठनका अनुसार विश्वमा बार्षिक ४२ लाख घर बाहिरको वायु प्रदूषण र ३८ लाख घर भित्रको वायु प्रदूषणको कारण मानिसहरूको अकाल मृत्यु भइरहेको छ । आजको विश्वमा वातावरण, विकास र मानव अधिकार एक अर्कामा अन्योन्याश्रित र अन्तरसम्बन्धित छन् । वातावरण र विकासलाई मानवअधिकारको एउटा आयामको रुपमा लिइन्छ । स्वच्छ विकासका गतिविधीहरू सञ्चालन गर्दा मानवको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारमा प्रतिकूल असर नपर्ने गरी गरिनु पर्दछ भन्ने वातावरण र मानव अधिकारको मान्यता हो ।

वर्तमान समयमा मानवद्धारा गरिएको विकासका नाममा प्राकृतिक स्रोत साधनको अत्यधिक दोहनले वातावरणीय सन्तुलनमा प्रत्यक्ष प्रतिकुल असर पारी विविध प्राकृतिक प्रकोप, जलवायु परिवर्तन, विविध खाले प्रदूषणमा वृद्धि, सवारी दुर्घटना, महामारी जस्ता घटनाहरूबाट मानिसको बाँच्न पाउने अधिकार हनन् भइरहेको छ । ठुलाठुला कारखानाहरू सञ्चालन गर्दा सोबाट निस्कने धुवाँ, ध्वनीबाट वातावरण प्रदुषित भई रहेको छ । बाटोघाटो सडक निर्माण गर्दा समेत वनजंगल मासिन गई बाढी पहिरो लगायतमा वृद्धि भई मानवीय जीवन झन कष्टकर बन्दै गईरहेको हुँदा विकास गर्दा मानवलाई नै केन्द्रविन्दुमा राखेर गरिनु पर्ने र यसबाट वातावरणको विनास हैन संरक्षण  गरिनु पर्छ र विकास प्रकृया मानव अधिकारमैत्री हुनु पर्दछ । अतः वातावरण, दिगो विकास र मानव अधिकारको गहिरो अन्तरसम्बन्ध रहेको हुन्छ ।

## १.२. अध्ययनको उद्देश्य

यस अध्ययन अनुगमन तथा अनुसन्धानका उदेश्यहरू तपशिल अनुसार रहेका छन् ।

- काठमाण्डौ उपत्यका लगायत देशै भरीको वायु प्रदूषणको कारण पत्ता लगाई सो बाट मानव स्वास्थ्यमा पर्न गएको नकारात्मक असरका सम्बन्धमा मानव अधिकारको दृष्टिकोणबाट विश्लेषण गरी नागरिकको स्वच्छ वातावरणको हक संरक्षण, प्रवर्द्धन र प्रत्याभूतिको लागि नेपाल

सरकारलाई सिफारिस गर्ने ।

- शहर केन्द्रीत फोहोरमैला संकलन तथा विर्सजनको व्यवस्थापनको लागि स्थानीय सरकार बढी जिम्मेवार हुनु पर्ने भएकाले स्थानीय सरकारलाई बढी जिम्मेवार बनाउने ।
- उपत्यका लगायत देशभरीकै सवारी साधन सञ्चालनलाई व्यवस्थित बनाई पुराना, बढी धुवाँ फ्याँक्ने तथा बढी वायु प्रदूषण गर्ने खालका सवारी साधनहरूलाई व्यवस्थित बनाउन सिफासिर गर्ने ।
- स्वच्छ वातावरण कायम राख्न हालसम्म सरकारबाट भएका पहलहरूको बारेमा जानकारी लिई सो को विश्लेषण गरी स्वच्छ वातावरण कायम राख्न अवलम्बन गर्नु पर्ने थप उपायहरूको बारेमा राज्यलाई सुझाव तथा सिफारिस गर्ने ।

## १.३ अध्ययनको औचित्य

काठमाण्डौ उपत्यका लगायत देशका विभिन्न स्थानमा सञ्चालित विकास निर्माण सम्बन्धी परियोजनाहरू सञ्चालन गर्दा, ईंट्टा भट्टा उद्योगहरू सञ्चालन गर्दा, उपत्यका तथा अन्य स्थानको फोहोर संकलन र विर्सजन गर्दा अपनाउनु पर्ने कार्यविधि तथा सोको कार्यान्वयन अवस्था कस्तो छ ? के कति कारणले गर्दा उपत्यकाको वायु प्रदूषण वृद्धि हुन गई आम नागरिकहरूको स्वास्थ्यमा प्रतिकुल असर परी स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक तथा मानव अधिकारको उल्लङ्घन हुन गएको हो भन्नेतर्फ यस अध्ययन केन्द्रीत रहेको छ।

नेपालको संविधान, ऐन, कानून तथा नियमावलीहरूमा व्यवस्था गरिएका वातावरण र प्रदूषण नियन्त्रण सम्बन्धी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्ने सम्बन्धमा राज्यले के कस्तो योजना वनाएको छ ? कार्यान्वयन अवस्था कस्तो छ ? सो को विस्तृत अध्ययन गरी अध्ययन प्रतिवेदनलाई सार्वजनिक गरी सरकारलाई वायु प्रदूषण नियन्त्रणका प्रभावकारी उपायहरूको अवलम्बनद्वारा आम नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारप्रति बढी उत्तरदायी वनाउनको लागि यस अध्ययनको आवश्यकता वोध गरिएको हो ।

वातावरण प्रदूषणका कारण देशभरीकै आम नागरिक लगायत काठमाण्डौ उपत्यकामा बसोवास गर्ने मात्र नभई केही दिनका लागि काठमाण्डौ आउने व्यक्तिहरू तथा विदेशी पर्यटकहरू समेत प्रभावित भई रहेको पाईन्छ। वायु प्रदूषण नियन्त्रण गरी स्वच्छ वातावरण कायम गर्ने सन्दर्भमा संघीय सरकार लगायत स्थानीय सरकार समेतको प्रशस्त लगानी रहेको, यस क्षेत्रमा गैह्र सरकारी संस्थाहरू पनि प्रशस्त रुपमा कृयाशील रहेको पाइएतापनि खासै सुधार देखिएको छैन। यस अध्ययनबाट सरकारी लगानी, ऐन कानून, प्रतिवद्धता, नीति नियम समेतको विश्लेषण गरी सरकारलाई सिफारिस समेत गरिएबाट यस अध्ययनको औचित्यलाई थप पुष्टि गर्दछ।

प्रस्तुत अध्ययनमा वातावरण प्रदूषणका विभिन्न आयामहरू मध्ये वायु प्रदूषणबाट आम नागरिकमा पर्न गएको नकरात्मक असर त्यसबाट नागरिकको मानव अधिकार तथा मौलिक हक हनन भएको सम्बन्धमा विस्तृत अध्ययन, अनुगमन तथा अनुसन्धान गरी निकालिएको निष्कर्षका आधारमा सुधारका पक्षहरू

समेत औल्याईएको हुँदा यस अध्ययन राज्य, स्वच्छ वातावरणमा बाँच्न पाउने नागरिकको अधिकारको क्षेत्रमा कार्यरत संघ संस्था तथा यस क्षेत्रमा अध्ययन अनुसन्धान गर्न चाहने सवैको लागि उपयोगी हुने अपेक्षा गरिएको छ।

## १.४. अध्ययन विधी

नेपालको संविधान २०७२ को धारा ३० अनुसार स्वच्छ वातावरणमा बाँच्न पाउनु प्रत्येक नागरिकको मौलिक अधिकार भएकाले स्वच्छ वातावरण कायम गर्नु, यसका लागि आवश्यक कार्यहरू गर्नु राज्यको दायित्व हुन आउँछ । यसै सन्दर्भमा काठमाण्डौ उपत्यका लगायत देशभरीको विशेष गरी उपत्यका बाहिर औधोगिक क्षेत्रहरू बढी रहेको स्थानहरूको स्वच्छ वातावरणको अवस्था के छ ? यहाँ वसोवास गर्ने नागरिकहरूले नेपालको संविधान २०७२ ले प्रत्याभुत गरेको स्वच्छ वातावरणको हकको साँच्चै नै उपभोग गरिरहेका छन् ? भन्ने सम्बन्धमा अध्ययन, अनुगमन र अनुसन्धान गरी वास्तविकता नागरिक समक्ष ल्याई सुधारका पक्षहरू समेत औंल्याउने र सो को आधारमा राज्यलाई अझ बढी उत्तरदायी बनाउने उद्देश्यका साथ यस अध्ययनलाई अगाडी बढाइएको थियो।

पहिलो चरणमा यससँग सम्बन्धित नेपाल सरकारका वन तथा वातावरण मन्त्रालय, शहरी विकास मन्त्रालय, भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय, स्वास्थ्य मन्त्रालय, खानेपानी तथा सरसफाई मन्त्रालय त्यस्तै गरी वातावरण विभाग, सडक विभाग, काठमाण्डौ उपत्यका विकास प्राधिकरण, खानेपानी तथा ढल निकास विभाग, मेलम्ची खानेपानी विकास समिति, काठमाण्डौ महानगरपालिका र ललितपुर महानगरपालिकालाई पत्राचार गरी वायु प्रदूषणको अवस्था, कारण तथा न्यूनीकरणका लागि अवलम्बन गरिएका उपायहरूको बारेमा जानकारी तथा तथ्याङ्कहरू माग गरिएको थियो। तत्पश्चात ती निकायहरूबाट प्राप्त जानकारीहरू तथा आयोगलाई प्राप्त अन्य जानकारीहरूको विश्लेषण गरिएको थियो।

दोस्रो चरणमा प्राप्त जानकारीहरूको विश्लेषण पश्चात कार्यक्षेत्र अध्ययनका लागि तयारी गरिएको थियो। जसमा वातावरण कानून विज्ञ, वातावरण विज्ञ सहितको टोली विभिन्न मितिमा विभिन्न मन्त्रालयहरू, विभागहरू, निकायहरू, महानगरपालिकाहरू, प्रदेश नं. १, प्रदेश नं. २, प्रदेश नं. ३, प्रदेश नं. ५, र सुदुरपश्चिम प्रदेश, काठमाडौं, नुवाकोट, ललितपुर र भक्तपुर, रुपन्देही, दाङ, प्यूठान, बाँके, वर्दिया, कैलाली, कञ्चनपुर, मोरङ, सुनसरी, इलाम, धनुषा लगायत १५ जिल्लाहरूको विभिन्न स्थानको भ्रमण गरी तथ्य/सूचना संकलन गरिएको थियो। त्यस्तै गरी प्राप्त तथ्य/जानकारी/सूचनाका आधारमा वायु प्रदूषण बढी भएको स्थानहरूमा गई प्रत्यक्ष स्थलगत अवलोकन गरिएको थियो भने प्रभावितहरूसँग अन्तर्वार्ता तथा छलफल गरिएको थियो। उपत्यका लगायत अन्य ठाउँहरूको फोहोर संकलन प्रकृया, विसर्जन प्रकृया र विर्सजन स्थलको प्रत्यक्ष स्थलगत अवलोकन गरी सूचना तथा जानकारीहरू संकलन गरिएको थियो। अध्ययनकै क्रममा नेपाल सरकारका सम्बन्धित मन्त्रालय, विभागका उच्चस्तरिय कर्मचारीहरूलाई आयोगमा बोलाई विभिन्न मितिमा छलफल समेत गरिएको थियो।

तेस्रो चरणमा काठमाण्डौ उपत्यकाभित्रको हकमा प्राप्त तथा संकलित सम्पूर्ण सूचनाहरूको विषय विज्ञ सहित छलफल/विश्लेषण गरी राय सुझाव सहित आयोगमा पेश गरी आयोगले समेत सो मा छलफल

गरी निर्णय गरी नेपाल सरकारलाई सिफारिस पेश गरी सकेको छ भने काठमाण्डौ उपत्यका लगायत अन्य स्थानको प्राप्त तथा संकलित सम्पूर्ण सूचनाहरूको विषय विज्ञ सहित विश्लेषण गरी सुझाव तथा सिफारिसहरू प्रस्तुत गरिएको छ।

## १.५ अध्ययनको सीमा

यस अध्ययनमा वातावरणमा वायु प्रदूषणको नकरात्मक असर र सो बाट आम नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारलाई विशेष विषय वनाई अध्ययन गरिएको छ। वायु प्रदूषण के के कारणले हुन्छ? सो को स्रोतहरूको पहिचान गर्ने क्रममा प्राकृतिक स्रोत साधनको अत्यधिक दोहोनका कारण वातावरणीय ह्रास, उद्योग कलकारखाना सञ्चालनका कारण निस्कासित प्रदूषण, एतिहासिक संरचनामा प्रदूषणको असर, विकास निर्माणका कार्य गर्दा अपनाउनु पर्ने सावधानीहरू नअपनाउँदा, सहरी क्षेत्रमा फोहोरको सही तरिकाले विर्सजन गर्न नसक्दा सो बाट सृजित वातावरण प्रदूषण विशेष गरी वायु प्रदूषण र त्यसबाट आम नागरिकमा पर्न गएको नकरात्मक असरबाट कसरी व्यक्तिको मानव अधिकार उल्लङ्घन भएको छ भन्ने सन्दर्भमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून/दस्तावेजहरू, संयुक्त राष्ट्र संघबाट भएका पहलहरू, विभिन्न संघ संस्थाहरूबाट भएका अनुगमन, अनुसन्धान एवं अध्ययनहरूको विश्लेषणका आधारमा वातावरण प्रदूषणको अवस्था र सो को परिणामको बारेमा अध्ययन केन्द्रित गरिएको छ।

अध्ययन अनुगमनका क्रममा पूर्व मेची देखि पश्चिम महाकालीसम्मका प्रदेश नं. १, प्रदेश नं. २, प्रदेश नं. ५, कर्णाली प्रदेश, सुदुरपश्चिम प्रदेश  अर्न्तगतका विभिन्न जिल्लाहरू र औद्यागिक क्षेत्र भएका ठाउँमा पुगी सरोकारवाला निकायहरूसँग अन्तरकृया, प्रादेशिक गोष्ठी, छलफल, अध्ययन अनुगमन गरी वातावरण प्रदूषण र मानव अधिकार अवस्था सम्बन्धमा सुझाव तथा तथ्यहरू संकलन गरिएको छ। साथै वायु प्रदूषण र मानव अधिकार सम्बन्धमा प्रश्नावली तयार गरी सो का आधारमा सुचनाहरू संकलन गरिएको छ।

स्रोत साधन तथा सूचनाको अभाव, फोहोर विसर्जन स्थलको भौगोलिक विकटता एवम् अत्याधिक दुर्गन्धका कारण सबै ठाउँमा सबै समयमा पुग्न नसकेको महसूस गरिएको छ। साथै यस प्रतिवेदन  वायु प्रदूषण र यसबाट मानव स्वास्थ्यमा पर्न गएको नकरात्मक असरबाट मानिसको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको अवस्थाको बारेमा मात्र अध्ययन गरी तयार पारिएको छ।

प्रस्तुत प्रतिवेदन तयारीका क्रममा विभिन्न नेपाल सरकारका सरोकारवाला मन्त्रालयहरूबाट प्राप्त सूचनाहरू, विभिन्न समयमा गरिएका छलफल तथा अन्तरक्रियाबाट प्राप्त सुझावहरू, यस विषयका विज्ञहरूको राय सुझाव, यस अघि प्रकाशित पुस्तक, पुस्तिका, अध्ययन तथा प्रतिवेदन तथा विभिन्न लेखहरूको अध्ययन गरिएको छ।

## १.६ अध्ययनको प्रारुप

आयोगले वातावरणको सवालमा गरिएका स्थलगत अध्ययन, अनुसन्धान, अनुगमन र अन्तक्रियामा प्राप्त तथ्य, जानकारीको आधारमा तय गरिएको छ। प्रतिवेदनमा वातावरण प्रदूषणको विषयवस्तुमा बढी

केन्द्रित गरिएको छ। प्रतिवेदनको पहिलो परिच्छेदमा अध्ययनको पृष्ठभूमि, उदेश्य, औचित्य, विधि र सीमा समेटिएको छ। दोस्रो परिच्छेदमा वातावरणको सवालमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्था र संयन्त्रे, संवैधानिक व्यवस्था, दिगो विकासको लक्ष्य, विशेष समाधिक्षक मानव अधिकास सम्बन्धी प्रमुख महासन्धि लगायत समेटिएको छ। तेस्रो परिच्छेदमा स्थलगत अध्ययन, अनुसन्धान, अनुगमन र अन्तक्रियाबाट प्राप्त तथ्यहरू प्रस्तुत गरिएको छ। चौथो परिच्छेदमा तथ्यको आधारमा विश्लेषण सहित निश्कर्ष निकालिएको छ। पाँचौ परिच्छेदमा नेपाल सरकारलाई स्वच्छ वातावरणको हक कार्यन्वयन तथा मानव अधिकारमैत्री विकास पद्धति लागि सिफारिस गरिएको विषयवस्तु समेटिएको छ। प्रतिवेदनको अन्तिम परिच्छेद अनुसूचिहरूमा आयोगको सिफारिस, प्रेस विज्ञप्ति, सान्दर्भिक तस्विर, सहभागी विवरण आदि समेटिएको छ।

परिच्छेद-दुई

# राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनी व्यवस्था

## २.१. राष्ट्रिय कानून र संयन्त्रहरू

वातावरण र समाज एक रथका दुई पाँग्रा हुन् तसर्थ वातावरण र समाजलाई अलग अलग रुपमा राखेर हेर्न सकिदैन। वातावरण संरक्षण सम्बन्धमा नेपालको कानूनी इतिहासलाई अध्ययन गर्दा लिखित कानूनको रुपमा सर्व प्रथम मुलुकी ऐन १९१० मा रुख काट्नेको महल मूल कानूनमा उल्लेख गरिएको र मुलुकी ऐन २०२० मा अदालती वन्दोवस्तको १० नं. ले वातावरण संरक्षण सम्बन्धी मुद्दाहरू अदालतको अनुमती लिई कुनै पनि नागरिकले अदालतमा प्रवेश गर्न पाउने उल्लेख गरेकोले वातावरण संरक्षणलाई कानूनी अधिकारको रुपमा स्थापित गरेको मान्न सकिन्छ । नेपालको वैधानिक कानून २००४ मा गाउँ शहरको सरसफाई, ढल निर्माण उल्लेख भएको, नेपाल अधिराज्यको संविधान २०१९ मा प्राकृतिक स्रोत सम्पदालाई न्यायोचित परिचालन गर्ने उल्लेख, नेपाल अधिराज्यको संविधान २०४७ मा प्राकृतिक स्रोत तथा सम्पदाको राष्ट्र अनूकुल उपयोग र परिचालन गर्ने/वन्यजन्तु र बनस्पतिको विशेष संरक्षण गर्ने उल्लेख गरिएको र नेपालको अन्तरिम संविधान २०६३ को भाग ३ को मौलिक हक धारा १६ मा प्रत्येक व्यक्तिलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्ने हक हुनेछ भनी उल्लेख गरी वातावरणीय विषयलाई सर्व प्रथम मौलिक हकको रुपमा स्थापित गरिएको पाइन्छ।

मानव अधिकार विश्वव्यापी विषय भएपनि यसको प्रभावकारी कार्यान्वयनको लागि राष्ट्रिय कानूनको आवश्यकता पर्दछ। नेपालको संविधानको मौलिक हकको धारा ३० मा स्वच्छ वातावरणको हक भनी व्यवस्था गरेको अवस्था छ। त्यसैगरी वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली २०५५, वन ऐन, २०४९, नियमावली, २०५०, राष्ट्रिय प्रकृति संरक्षण कोष ऐन, २०३७, खानी तथा खनिज पदार्थ ऐन, २०४२, अन्तर्राष्ट्रिय पर्वतीय एकिकृत विकास केन्द्र ऐन, २०४०, भू तथा जलाधार संरक्षण ऐन, २०३९, प्राकृतिक प्रकोप उद्धार ऐन, २०३९, चरण भूमि राष्ट्रियकरण ऐन, २०३१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, शहरी विकास योजना ऐन, २०४५, काठमाडौ उपत्यका विकास प्राधिकरण ऐन, २०४५, भू तथा जलाधार संरक्षण ऐन, २०३९, नेपाल खानेपानी संस्थान ऐन, २०४६, जलस्रोत ऐन, २०४९, सवारी तथा यातायात ब्यवस्था ऐन, २०४९, फोहोरमैला ब्यवस्थापन ऐन, २०६८, औद्योगिक ब्यवस्थापन ऐन, २०७३, उपभोक्त संरक्षण ऐन, २०५५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ लगायत स्वच्छ वातावरणलाई सम्बोधन गर्ने ऐन तथा कानूनहरूतथा नियमावलीहरू तर्जुमा भई कार्यान्वयन भईरहेका छन्। नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको व्याख्या सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट नजिरहरू प्रतिपादन भएका छन्। वातावरण र विकास सन्तुलन सम्बन्धमा राष्ट्रिय योजनाहरूमा र दिगो विकासका लक्ष्यमा समेत मा पनि उल्लेख भएको पाइन्छ।

### (क) नेपालको संविधान

नेपालको संविधानको धारा ३० मा स्वच्छ वातावरणको हक समेटिएको छ :

(१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ।

(२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

(३) राष्ट्रको विकास सम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन।

त्यस्तै, भाग-४ को राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको धारा ५१ (छ) मा प्राकृतिक साधन स्रोतको संरक्षण, संवर्द्धन र उपयोग सम्बन्धी नीति औंल्याइएको छ।

### (ख) राष्ट्रिय मानव अधिकार आयोग

नेपालको संविधानको धारा २४८, २४९ अनुसार मानव अधिकारको सम्मान, संरक्षण, संवर्द्धन र त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भन्ने व्यवस्था गरेको छ।

### (ग) वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४

वातावरण संरक्षण ऐन, २०५३ को दफा २ (ख) मा प्रदूषण भन्नाले वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी नोक्सानी पुऱ्याउने क्रियाकलाप सम्झनु पर्छ भन्ने उल्लेख गरिएको छ।

वातावरण संरक्षण ऐन, २०५३ को दफा ३ मा कुनै पनि प्रस्ताव स्वीकृत नगराई कार्यान्वयन गर्न/गराउन नहुने कुरा उल्लेख छ। प्रारम्भिक वातावरणीय परीक्षण स्वीकृति सम्बन्धित निकायबाट हुने र वातावरणीय प्रभाव मूल्याङ्कनको स्वीकृति वन तथा वातावरण मन्त्रालयबाट हुने व्यवस्था रहेको छ। कसैले प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नगराई वा स्वीकृत प्रस्ताव विपरीत कार्य गरेमा तोकिएको अधिकारीले त्यस्तो कार्य गरेको तुरून्त बन्द गराउन सक्नेछ र त्यस्तो कार्य गर्ने कुनै व्यक्ति वा संस्थालाई निजलाई कसुरको मात्रा हेरी एक लाख रुपैयाँसम्म जरिवाना गराउनसक्ने व्यवस्था छ। वातावरण संरक्षण नियमावली, २०५४ को अनुसूचीमा उद्योग क्षेत्र लगायतका क्षेत्रहरू सम्बन्धी आयोजनाहरूको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) गर्नुपर्ने आधारहरू तोकिएको छ।

वन तथा वातावरण मन्त्रालयले वातावरण संरक्षण सम्बन्धी कानूनलाई संशोधन र एकिकरण गर्न 'वातावरण संरक्षण विधेयक, २०७५' तयार गरेको छ। विधेयकमा संक्षिप्तमा तपशिलका नयाँ विशषेता वातावरण संरक्षण ऐन २०५३ मा थपिएको छ। यो विधेयक ऐनमा परिर्णत भएपछि स्वत वातावरण संरक्षण ऐन २०५३ खारेज हुने व्यवस्था छ।

- जलवायु परिवर्तन सम्बन्धी व्यवस्था गरिएको छ । अनुकूलन योजना बनाउन सक्ने, न्यूनीकरणका कार्यहरू गर्न सक्ने, जलवायु परवर्तनबाट हुने असर तथा जोखिम व्यवस्थापन, प्राविधिक मापदण्ड निर्धारण गर्न सक्ने, कार्बन व्यापारमा भाग लिन सक्ने व्यवस्था राखिएको छ ।
- जोखिमपुर्ण फोहोरको आयात प्रतिबन्ध लगाउन सक्ने तथा व्यवस्थापन बारे समेटिएको छ ।
- पुरक वातावरणीय परीक्षणको व्यवस्था समेटिएको छ ।
- संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन व्यवस्था गरिएको छ ।
- संक्षिप्त वातावरणीय प्रतिवेदन स्थानीय तह, प्रारम्भिक वातावरणीय परिक्षण प्रदेश मन्त्रालय र वातावरणीय प्रभाव मुल्याङ्कन संघीय मन्त्रालयले गर्ने व्यवस्था छ ।
- सेवा सुरु भए पछि वातावरणीय परिक्षण गर्ने व्यवस्था थपिएको छ ।
- जरिवानाको शुल्क बढाइएको छ ।

### (घ) विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४

वातावरण व्यवस्थापनसँग सरोकार गर्ने विपद् व्यवस्थापन मुख्य विषय हो । नेपालमा पहिलो पटक विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ बनेको छ । ऐनले विपद् व्यस्थापनका सबै क्रियाकलापको समन्वयात्क र प्रभावकारी रूपमा व्यवस्थापन गरी प्राकृतिक तथा गैरप्राकृतिक विपद् बाट सवसाधारणको जीउज्यान र सार्वजनिक, नीजि तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवंम साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनसँग व्यवस्था निर्धारण गरिएको छ । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विपद् व्यवस्थापन कोष तथा विपद् सङ्कटग्रस्त क्षेत्रको घोषणा लगायत विपद् व्यवस्थापनको सवाल ऐनले व्यवस्था गरेको छ ।

### (ङ) स्थानीय सरकार सञ्चालन ऐन २०७४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय विकास, वातावरणीय संरक्षण, विपद् व्यवस्थापन लगायत सरोकारको लागि स्थानीय सरकारको काम, कर्तव्य र अधिकार निर्धारण गरेको छ । स्थानीयस्तरको विकास आयोजना तथा परियोजना, प्राकृतिक स्रोत साधनको पहिचान तथा व्यवस्थापन, आधारभूत स्वास्थ्य सरसफाई तथा फोहोरमैला व्यवस्थापन, वायु तथा ध्वनी प्रदूषण नियन्त्रण नियमन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी कार्य, स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण, वातावरणीय प्रदूषण र हानिकारक पदार्थको नियन्त्रण, न्यून कार्बन मुखी तथा वातावरणमैत्री विकास अवलम्बन, हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन, वैकल्पिक उर्जा सम्बन्धी प्रविधि विकास, विपद् व्यवस्थापन सम्बन्धी पूर्व तयारी, प्रतिकार्य योजना, पुर्व सूचना प्रणाली, खोज तथा उद्धार, पुर्नस्थापना, पुर्ननिर्माण, जलाधार, वन्यजन्तु, खानी तथा अनिज पदार्थको संरक्षण, महामारी नियन्त्रण, यातायात व्यस्थापन, जलवायु परिवर्तन अनुकूलन, भूमि व्यवस्थापन आदिको स्थानीयस्तरमा नीति, कानून, मापदण्ड तर्जुमा, कार्यन्वयन, अनुगमन, मुल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई ऐनले व्यवस्था गरेको छ ।

## (च) सिमेन्ट उद्योगहरूबाट निस्कासन भई हावामा जाने धुलो सम्बन्धी मापदण्ड–२०६९

मिति २०६९ कार्तिक १३ को राजपत्रमा प्रकाशित खण्ड ६२ संख्या ३० को सूचना अनुसार, सिमेन्ट उद्योगको हकमा सिमेन्ट उद्योगहरूबाट निस्कासन भई हावामा जाने धुलाको (Total Suspended Particulate Matter) अधिकतम सिमा ५०० μg/Nm$^3$ हुनुपर्ने व्यवस्था छ।

| Standard on Emission for Dust Particles in Air | | |
|---|---|---|
| **Industry** | **Compulsory** | **Emission limit** |
| Cement Industry | Total Suspended Perticulate Matter | Less than 500 μg/Nm3 |
| Croser Industry | | Less than 600 μg/Nm3 |
| *Source: Environment Statistics of Napal, 2019, CBS* | | |

**तालिका नं. १**

यसका साथै सिमेन्ट उद्योगहरूले उद्योग परिसर भित्र देहाय बमोजिमका व्यवस्थाहरू मिलाउनु पर्नेछ।

(क) उपकरणहरूमा धुलो धारण प्रणाली (Dust Containment) तथा धुलो उन्मूलन/नियन्त्रण सम्बन्धी (Dust Suppression) प्रणाली जडान गर्नु पर्नेछ।

(ख) हावालाई विस्थापन गर्ने पर्खालहरू (Wind Breaking Walls)निर्माण गर्नु पर्नेछ।

(ग) उद्योगको क्षेत्रभित्र धातुले बनेको सडक (Metallic Road) निर्माण गर्नु पर्नेछ।

(घ) उद्योग क्षेत्रभित्र नियमित रुपमा सरसफाइ गर्न पर्नेछ र सतह पखाल्नु पर्नेछ।

(ङ) उद्योग वरिपरि हरित पेटी (Green Belt) निर्माण गर्नु पर्नेछ।

## (छ) वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड–२०६९

मिति २०६९ श्रावण २९ को राजपत्रमा प्रकाशित खण्ड ६२ संख्या १९ को सूचनामा नेपाल सरकारले वायुको गुणस्तर मापदण्ड (National Ambient Air Quality Stanndard-NAAQS) तोकेको छ।

| National Ambient Air Quality Standards for Nepal, 2012 | | | | | |
|---|---|---|---|---|---|
| **Parameters** | **Units** | **Averaging Time** | **Concentration in Ambient Air Max.** | **WHO Guidelines (μg/m3)** | **Remarks** |
| TSP (Total Suspended Particulates) | μg/m३ | Annual | - | - | |
| | | 24-hours* | 230 | - | |
| PM10 | μg/m३ | Annual | - | 20 | |
| | | 24-hours* | 120 | 50 | |
| Sulphur Dioxide | μg/m३ | Annual | 50 | - | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | 24-hours* | 70 | 20 | |
| Nitrogen Dioxide | µg/m३ | Annual | 40 | 40 | |
| | | 24-hours* | 80 | - | |
| Carbon Monoxide | µg/m३ | 8 hours* | 10,000 | - | |
| Lead | µg/m३ | Annual** | 0.5 | - | |
| Benzene | µg/m३ | Annual** | 5 | - | |
| PM2.5 | µg/m३ | Annual | - | 10 | |
| | | 24-hours* | 40 | 25 | |
| Ozone | µg/m३ | 8 hours* | 157 | 100 | |
| * 24 & 8 hourly values shall be met 95% of the time in a year. 18 days per calendar year the standard may be exceeded but not on two consecutive days. | | | | | |
| ** The above indicators are prepared by the 104 data taken yearly average in a fixed location in one week by observing two times in 24 hours. | | | | | |
| *Source: Environment Statistics of Nepal, 2019, CBS* | | | | | |

**तालिका नं. २**

## २.२. न्यायिक निर्णय

- **सूर्य प्रसाद शर्मा ढुंगेल वि.गोदावरी मार्वल समेत** (२०४९): यस मुद्दामा गोदावरी क्षेत्रको पर्यावरण संरक्षण सम्बन्धमा वायु, जल, ध्वनी एवं पर्यावरण संरक्षण गर्न आवश्यक कानून तर्जुमा हुन र गोदावरी क्षेत्रको पर्यावरण प्रभावकारी संरक्षण तथा कारवाही गर्नु भनी निर्देशनात्मक आदेश जारी गरिएको छ।

- **राजेन्द्र पराजुली वि. श्री डिस्ट्लरी प्रा.लि. समेत** (२०५३) : यस मुद्दामा वातावरण विनास हुन नदिई उद्योग सञ्चालन गर्नुपर्ने र उद्योगबाट निस्कासन हुने फोहोरमैला उद्योगले जिल्ला कार्यालयमा गरेको कागज अनुरुप गर्नु गराउनु भनी परमादेश जारी भएको छ।

- **भरतमणी गौतम वि. श्री ५ को सरकार** (२०५४) : यस मुद्दामा नदिलाई स्वच्छ र पवित्र राखी प्रदूषण हुनबाट जोगाउन व्यक्ति, सरकार र सर्व साधारणको दायित्व हुने हुँदा सबैले वाग्मती नदीको प्रदूषण रोक्ने कार्य गर्नु भनी परमादेश जारी भएको छ।

- **थानेश्वर आचार्य वि. भृकुटी पल्प एण्ड पेपर लि.**( २०५७) : प्रदूषण रोकथाम र स्वच्छ एवं स्वस्थ्य वातावरण कायम राख्न Water Treatment plant जडान गर्नु, धुवाँमा भुसको धुलो मिसिन नदिनु Dust Colletor समेत प्रभावकारी रुपमा प्रयोग गर्नु निर्देशात्मक आदेश जारी भएको।

- **अधिवक्ता प्रकाशमणी शर्मा वि. मन्त्रीपरिषद् सचिवालय समेत** ( २०६१) : इट्टा उद्योगहरूको हकमा अध्ययनबाट पाइएको प्रदूषण गर्ने इट्टा भट्टाहरूलाई गठित समितिले आवश्यक र मनासिव समय भित्र कानूनमा तोकिएको अधिकारी वा निकायबाट प्रदूषण नियन्त्रण उपकरण जडान गर्न

लगाउने सो को कार्यान्वयनको प्रतिवेदन अदालतमा उपलब्ध गराउने भनी निर्देशनात्मक आदेश जारी भएको छ।

- **अधिवक्ता प्रकाशमणी शर्मा वि. प्रधानमन्त्री तथा म.प.का.समेत** (२०६३) : यस मुद्दामा स्वास्थ्य संस्थाबाट उत्पादन हुने हानिकारक फोहोर र घर वा कार्यालयबाट उत्पादन हुने सामान्य फोहोर एकै ठाउँमा भण्डारण तथा विसर्जन गर्नाले सम्पूर्ण फोहोर हानिकारक हुन जान्छ। त्यसैले स्वास्थ्य संस्थाबाट निस्कासित फोहोरलाई संक्रमित र असंक्रमित फोहोर मेसिनमा राखेर निर्मलीकरण गरी किटाणु रहित भएपछि अरु फोहोरमा मिसाई ल्याण्डफिड साईटमा पठाउने दायित्व त्यस्ता संस्थाको हुन्छ। यस सम्बन्धमा छुट्टै नियमावली वनाई लागु गर्नु भनी परमादेशको आदेश जारी भएको छ।
- **अधिवक्ता नारायण देवकोटा वि. वातावरण मन्त्रालय समेत** ( २०६६) : रोडा, ढुंगा लगायतका प्राकृतिक स्रोत साधन उत्खनन् तथा प्रयोग गर्दा अपनाउनु पर्ने विधिका सम्बन्धमा एउटा कार्यदल गठन गरी सो कार्यदलको प्रतिवेदनको आधारमा मात्र EIA लगायतका कार्यहरू गर्ने निर्देशनात्मक आदेश जारी भएको छ।
- **वातावरणीय विकास तथा संरक्षण कानूनी मञ्च** वि. **प्रधान मन्त्री तथा म.प.का.समेत** (२०६८) : यस मुद्दामा विकासका योजना वनाउँदा वातावरणलाई सम्भव भए सम्म प्रतिकूल असर नपुर्याउन, सम्भव नभए वातावरणलाई कम भन्दा कम असर पुर्याउनु र वन जंगल समेतको प्राकृतिक सम्पदालाई छुनै पर्ने वाहेक अन्य कुनै विकल्प नै नभए यसको प्रभाव अति कम समय मात्र रहि पुनः पुर्वावस्थामा ल्याउने उपायहरू संरक्षण विच सन्तुलन हुनुपर्दछ। वातावरणीय प्रभाव मुल्याङ्कनको विषय भित्र अदालतले प्रवेश गर्नु हुदैन भन्न नमिल्ने भन्ने निर्णय भएको छ।
- **अधिवक्ता पदम वहादुर श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय** समेत (२०७३): विकास निर्माण, सवारी साधन, फोहोरमैलाका लगायत वायु प्रदूषण सम्बन्धमा सरकारका नाममा निर्देशनात्मक आदेशको निर्णय भएको छ।

## २.३. अन्तर्राष्ट्रिय कानून तथा संयन्त्रहरु

वातावरण र विकास अधिकार आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६६ सँग सम्बन्धित छ। यो महासन्धिको नेपाल पक्ष राष्ट्र हो। यो महासन्धिको धारा ११ को उपराधारा २ (क), धारा १२ उपधारा २(ख) र (ग) वातावरणीय अधिकारको व्यवस्था गरिएको छ।

वातावरण  तथा विकास अधिकारका लागि संयुक्त राष्ट्रसंघले छुट्टाछुट्टै विशेष समाधिक्षक र मानव अधिकार मामलाको विशेष समाधिक्षक एकिकृत प्रयास वातावरणीय नीति, विकास नीति र मानव अधिकारलाई दृष्टिगत गरी क्रियाशिल छन्। विभिन्न देशहरूको क्षेत्रिय प्रयासहरू पनि भैइरहेका छन्।

वातावरण संरक्षण र आर्थिक विकासलाई आधारिभूत रुपमा सन् १९७२ को स्टकहोम घोषणाले सर्वप्रथम सम्बन्ध स्थापित गरेको हो। यहि सम्मेलनले नै संयुक्त राष्ट्रसंघ वातावरण कार्यक्रम (United Nations

Environment Programme (UNEP) स्थापना गरेको हो । यस पछाडि वातावरण संरक्षण सम्बन्धी संरचना र महासन्धि, अभिसन्धी, सम्झौता, प्रतिवद्धताहरू हुने क्रम सुरु भएको हो ।

वातावरण सम्बन्धी अन्तर्राष्ट्रिय घोषणा, महासन्धि, अभिसन्धि, सम्झौता, प्रतिवद्धताहरू जैविक विविधता, जलवायु परिवर्तन, ओजन तह संरक्षण, विषादीयुक्त तथा हानिकारक वस्तुहरू, सुख्खापन, वायु गुणस्तर, भूमि, पानीसँग जोडिएको छ । मानव अधिकार विषयमा ती अन्तर्राष्ट्रिय कानूनहरूले सरोकार राख्दछन् । वातावरण सन्तुलन, प्रजातिको व्यापार तथा संरक्षण, मानव अधिकार र पृथ्वीको आयु बढाउने मोक्षत राखेका छन् ।

वातावरण संरक्षणको कार्यमा अन्तर्राष्ट्रिय कानून तथा संयन्त्रहरूको पनि महत्वपूर्ण भूमिका रहने गर्दछ । सन्धि ऐन २०४७ को दफा ९ ले नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था नेपाल कानून सरह लागु हुने भनी व्यवस्था गरेको सन्दर्भमा नेपाल पक्ष भएका वातावरण सम्बन्धी सन्धि सम्झौता नेपालको हकमा घरेलु कानून सरह लागु हुन्छ । यसै सन्दर्भमा हालसम्म नेपाल पक्ष भएका वातावरणसँग सम्बन्धित सन्धि सम्झौतामा व्यवस्था भएका विषयहरू नेपालका लागि कानून सरह लागु हुने स्पष्ट छ ।

वातावरण संरक्षणसँग सम्बन्धित मुख्य महासन्धि, अभिसन्धि, सम्झौताहरूको तपशिल अनुसार रहनुका साथै केही मुख्य महासन्धि, अभिसन्धि, सम्झौताहरूको संक्षिप्त चर्चा गरिन्छ ।

नेपालले अनुमोदन तथा हस्ताक्षर गरिएको वातावरण सम्बन्धी महासन्धि तथा सम्झौताको विवरण तालिका नं. ३ मा उल्लेख गरिएको छ ।

| List of Conventions Signed and/or Ratified by the Government of Nepal | | | |
|---|---|---|---|
| **S. N.** | **Name of Convention** | **Ratification** | **Entry into Force in Nepal** |
| 1 | UN Convention to Combat Desertification in those Countries Experiencing Serious Drought and / or Desertification Particularly in Africa,1994 | 10 Sept, 1996 | 13 Jan, 1997 |
| 2 | UN Framework Convention on Climate Change, 1992 | 2 May, 1994 | 31 Jul, 1994 |
| 3 | Convention on Biodiversity Diversity May 22,1992 Bio-safety Protocol | 23 Nov,1993 | 21 Feb, 1994 |
| 4 | Agreement on the Network of Aquaculture Centers in Asia and the Pacific Region,1988 | | 4 Jan,1990 |
| 5 | Convention on Wetlands of International Importance especially as Waterfowl habitat, 1971 | 17 Dec ,1975 | 17 Apr,1988 |
| 6 | Convention on International Trade in Endangered Species of Wild Fauna and Flora CITES) 1973 | 18 June, 1975 | 16 Sep,1975 |

| | | | |
|---|---|---|---|
| 7 | Plant Protection Agreement for the South East Asia and Pacific Region (as amended ) 1956 | 12 Aug,1965 | 12 Aug,1965 |
| 8 | Convention on the High Seas,1958 | 28 Dec, 1962 | 27 Jan,1963 |
| 9 | Treaty Banning Nuclear Weapon Test in the Atmosphere, in outer Space and Sea-bed 1963 | 7 Oct, 1964 | 7 Oct, 1964 |
| 10 | Treaty on Prohibition of the Emplacement Nuclear Weapons and Other Weapons of Mass destruction on the Sea-bed and the Ocean Floor and in the Subsoil Thereof 1971 | 6 Jul, 1971 | 18 May, 1972 |
| 11 | Convention for the Protection of the World Cultural and Natural Heritage, 1972 | 21 Jun,19785 | 20 Sept, 1978 |
| 12 | International Agreement for Tropical Timber (ITTA),1983 | | 3 Jul ,1990 |
| 13 a | Vienna Convention for the Protection of the Ozone Layer, 1985 | 6 Apr, 1994 | 4 Oct,1994 |
| 13 b | Montreal Protocol substances that Deplete the Ozone Layer (Montreal Protocol), 1987 | 6 Jul, 1994 | 4 Oct,1994 |
| 13 c | London Amendment to the Montreal Protocol on Substances that Deplete the Ozone Layer (London Agreement), 1990 | 6 Jul, 1994 | 4 Oct,1994 |
| 14 | Basel Convention on the Control of Tran boundary Movements of Hazardous Wastes (Basel Convention), 1989. | 15 Aug, 1996 | 13 Jan, 1997 |
| 15 | Treaty on Principals Governing the activities of State in the Exploration and Use of Outer Space including and Other the Moon Celestial Bodies, 1967 | | 10 Oct, 1967 |
| 16 | Kyoto Protocol | 16 Sept,2005 | 14 Dec, 205 |
| 17 | Convention on the Prevention of Marine Pol-lution by Dumping of Wastes and Other Matter 1972 | | 1 Jan,1973 |
| 18 | Stockholm Convention on Persistent Organic Pollutants, 20001 | 2006 | 2002 |
| 19 | Rotterdam Convention on the Prior Informed Consent Procedure for certain Hazardous chemicals and Pesticides in international Trade | 2007 | 2007 |
| **Signed** | | | |

| | | |
|---|---|---|
| 1 | Convention on the Prohibition of the Development, Production and stockpiling of Bacteriological and Toxic Weapons and on their Destruction,1972 | 10 Apr,1972 |
| 2 | United Nations on the Law of the Sea, 1982 | 10 Dec,1982 |
| 3 | Convention on Fishing and Convention of the Living Resources of the High Sea, 1958. | 29 Apr,1958 |
| 4 | Convention on the Continental Shelf, 1958. | 29 Apr,1958 |
| 5 | Minamata Convention on Mercury | 10,oct. 2013 |
| | | *Source: Environment Statistics of Napal, 2019, CBS* |

**तालिका नं. ३**

### २.३.१. **रामसार महासन्धि १९७१**

सन् १९७१ मा सामसार महासन्धि आएको हो । पारिस्थितिकिय प्रणाली, जैविक विविधता, सिमसार तथा यससँगसम्बद्ध भुभाग संरक्षणसँग सम्बन्धित छ र हाल यसको १६८ पक्ष राष्ट्र छन् । नेपाल यस महासन्धिको सन् १९८८ अप्रिल १७ मा पक्ष राष्ट्र भएको हो । नेपालका १० तालहरू रामसार क्षेत्रमा सुचिकृत छन् । नेपालमा राष्ट्रिय ताल संरक्षण विकास समिति लगायत संरचना क्रियाशिल छन् ।

### २.३.२. **विश्व सम्पदा संरक्षण सम्बन्धी महासन्धि १९७२**

विश्व सम्पदा महासन्धि १९७२ साँस्कृतिक तथा प्राकृतिक सम्पदा संरक्षणसँग सम्बद्ध महासन्धि हो । यो महासन्धि सन् १९७३ डिसेम्बर १७ मा भएको हो । प्राकृतिक, साँस्कृतिक तथा ऐतिहासिक सम्पदाहरूको परम्परा कला, सीप, संस्कृति पहिचान, चिनारी, पुरातात्वियकपनलाई भौतिक तथा आधुनिक विकासले पार्ने नकरात्मक प्रभावबाट जोगाउनु यो महासन्धिको लक्ष्य हो । १९३ देश यो महासन्धिको पक्ष राष्ट्र छ । नेपा सन् १९७८ जुन २० मा पक्ष राष्ट्र भएको हो । नेपालका १० साँस्कतिक तथा प्राकृतिक क्षेत्रहरू विश्व सम्पदा सुचिमा सुचिकृत छ । United Nations Educational, Scientific and Cultural Organizatio (UNESCO) जस्ता सँगठनहरू यस क्षेत्रमा क्रियाशिल छन् । नेपालमा विभिन्न निकाय प्राकृतिक तथा साँस्कृतिक सम्पदा संरक्षणमा क्रियाशिल छ ।

### २.३.३. **संकटासन्न वनस्पति तथा वन्यजन्तुको अन्र्तराष्ट्रिय व्यापार सम्बन्धी महासन्धी, १९७३**

यो महासन्धि संकटासन्न प्रजातिहरूको संरक्षणको उदेश्यले सन् १९७३ मा हस्ताक्षर भई सन् १९७५ जुलाई १ देखि कार्यन्वयनमा आएको हो । संकटासन्न प्रजाति वनस्पति तथा वन्यजन्तुको निकासी, पैठारी तथा व्यापारमा नियन्त्रण तथा नियमन गर्न यस महासन्धिले अन्तरसरकारी तहमा सहमति गरी कार्य गरिरहेको छ । यस महासन्धिको १८२ देश पक्ष राष्ट्र भएका छन् । नेपाल सन १९७५ जुन १८ मा यो महासन्धिको पक्ष राष्ट्र भएको हो । International Union for Conservation of Nature (IUCN) नेपालको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्पर्क कार्यलयको रुपमा क्रियाशिल छ ।

### २.३.४. हानिकारक फोहोरमैलाहरूको राष्ट्रिय सीमासार ओसार पसार नियन्त्रण सम्बन्धी बेसल महासन्धि १९८९

हानिकारक फोहोरमैलाको अन्तरदेशीय आवातजावत तथा ती वस्तुहरू विस्थापनको नियन्त्रण सम्बन्धी महासन्धि हो । सन् १९८९ मार्च २२ मा भएको महासन्धि १९९२ मा मात्रै कार्यन्वयनमा आएको हो । यो महासन्धि स्वीजरल्याण्डको बेसलमा भएको हुनाले बेसल महासन्धि पनि भनिन्छ। उद्योग तथा आणविक भट्टीहरूबाट निस्कने विषालु धुवाँ, धुवाँको कण, हानिकारक रसायनिक फोहोरहरू लगायतको नियन्त्रण गर्ने मोक्षत यस महासन्धिको छ। यसको अन्तरदेशीय आवातजावतको नियन्त्रण गरी वातावरण जोगाउने मुख्य ध्येय हो । यसका १८७ देश पक्ष राष्ट्र छन् । नेपाल सन् १९९६ अक्टुबर १५ गते पक्ष राष्ट्र भएको हो । फोहोरमैला व्यवस्थापन सम्बन्ध कानूनी व्यवस्था र सरकारी संरचना नेपालमा क्रियाशिल छन् ।

### २.३.५. जैविक विविधता सम्बन्धी महासन्धि १९९२

जैविक विविधता संरक्षणको लागि ब्राजिलमा सन् १९९२ जुन ५ मा यो महासन्धि जारी भएको हो । सन् १९९३ बाट कार्यन्वयनमा आएको हो। यस महासन्धिको १९६ पक्ष राष्ट्र छन्। प्रजातिहरूको संरक्षण, दिगो प्रयोग, जैविक विविधतामा आधारित आम्दानीको न्यायिक तथा पारदर्शी बाँडफाँड, प्रविधि हस्तान्तरण लगायत पारिस्थितिक, बंशाणुगत तथा परम्परागत प्राकृतिक स्रोतको प्रयोग तथा व्यवस्थापनको सम्बोधन गर्नु रहेको छ। नेपाल सन् १९९४ फेब्रुअरी २१ मा पक्ष राष्ट्र भएको हो। नेपालको कुल ग्राहस्थ उत्पादनमा प्राकृतिक स्रोतको उपयोग ठुलो हिस्सा छ। नेपालले राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्ययोजना निर्माण गरेको छ। विभिन्न सरोकार सरकारी निकाय जैविक विविधता संरक्षण, दिगो उपभोग तथा लाभांस वितरणमा क्रियाशिल छन् ।

### २.३.६. जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि १९९२

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धि (United Nation Framework Convention on Climate Change (UNFCCC) सन् १९९२ देखि पक्ष राष्ट्रहरूको सम्मेलन वर्षै पिच्छे हुदै आएको छ। यो महासन्धिको १९७ राष्ट्र छन्। नेपाल यस महासन्धिको पक्ष राष्ट्र हो। जलवायु परिवर्तनको कारणले मानव जाति तथा पर्यावरणीय क्षेत्रमा पर्न सक्ने नकारात्मक असरबाट जोगाउने तथा दिगोरुपमा सामाजिक तथा आर्थिक विकास हासिल गर्दै वायु मण्डलमा हरितगृह ग्याँसहरूलाई स्थिर वनाउने यस महासन्धीको मुख्य उद्येश्य रहेको छ । यो महासन्धिमा जलवायु परिवर्तनको असर कम गर्ने, कार्बन उत्सर्जन कटौति गर्ने, अनुकूलनका उपाय अवलम्बन गर्ने जस्ता विषयमा सहमति, बहस तथा कार्यक्रमहरू निर्धारण गर्दै आएको छ। क्योटो प्राटोकल, पेरिस सम्झौता लगायत यस महासन्धिको उपलब्धि हो ।

प्राकृतिक विपद्, बाढी, सुख्खा, पानीको महान तथा स्रोत हराउनु, आँधी हुरी, नयाँ नयाँ रोगहरू जलवायु परिवर्तन कारण भएको औल्याएको छ । मानवको जीवन, पानी, सरसफाई, खाद्य, आवास, संस्कति र विकास अधिकार लगायतको सरोकारको मानव अधिकारको सवालमा जलवायु परिवर्तन जोडिएर आएको छ ।

क्योटो प्रोटोकल (१९९७) र पेरिस सम्झौता (२०१५) यो महासन्धिका पक्ष राष्ट्रहरूको सम्मेलनले निकालेको महत्वपुर्ण उपलब्धी मानिएको छ।

### ३.२.६.१ **क्योटो प्रोटोकल**

क्योटो प्रोटोकल जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिको सन् १९९७ मा जापानमा भएको पक्ष राष्ट्रहरूको सम्मेलनले गरेको एक महत्वपुर्ण प्रोटोकल हा। यस प्रोटोकलले हरित ग्याँस उत्सर्जनलाई कटौती गरी विश्व तापमान घटाउने व्यवस्था गरेको थियो । मराकेस एकर्डसको प्रतिवद्धता अनुसार औद्योगिक सम्पन्न देशहरूले सन् १९९० लाई आधार वर्ष मानेर सन् २००८ देखि २०१२ सम्म हरितगृह ग्यास उत्सर्जन कम गर्ने लक्ष्य थियो। महासन्धिको पक्ष राष्ट्र सम्मेलन को १८ औं दोहा सम्मेलनले सन् २०२० सम्मलाई प्रोटोकलको दोस्रो अवधि बढाइएको छ।

### ३.२.६.२ **पेरिस सम्झौता**

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय खाका महासन्धिको सन् २०१५ को २१ औ पक्ष राष्ट्रहरूको फ्रान्समा भएको सम्झौतालाई पेरिस सम्झौता भनिन्छ। सम्झौताले जलवायु परिवर्तनको प्रभावहरूसँग जुध्न तथा यसका प्रभावको अनुकूलन हुन साझा प्रयास गर्ने सहमति हो। जसले विकास उन्मुख तथा अतिकम विकसित देशहरूलाई जलवायु परिवर्तनको असर कम गर्न तथा अनुकूलनको लागि सहयोग गर्ने सहमति हो।

पेरिस सम्झौताको प्रस्तावनामा नै मानव अधिकारको दायित्व सम्मान गर्न जलवायु परिवर्तन मुद्दा सम्बोधन गरिनु पर्ने व्यवस्था गरेको छ। जलवायु परिवर्तनको मुद्दाले मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धन गरिनु पर्ने व्यवस्था गरेको छ। स्वास्थ्यको अधिकार, आदिवासी जनजाति, स्थानीयवासी, आप्रवासी, बालबालिका, अपाङ्गता भएका व्यक्ति, मानवअधिकार मैत्री विकास, लैङ्गिक समावेशीकरणलाई पेरिस सम्झौतामा उल्लेख गरेको छ। मानव अधिकारको लागि उच्चाआयुत्तको कार्यलयले (Office of the High Commissioner for Human Rights (OHCHR) ले जलवायु परिवर्तन र मानव अधिकारको सवालमा १० बुदैं सरोकार महासन्धिको पक्ष राष्ट्र सम्मेलनमा राखेको थियो।

ओजन तह संरक्षणको लागि भियना महासन्धि १९८५, ओजन तह सम्बन्धी मन्ट्रेअल प्रोटोकल, मानव स्वास्थ्य र वातावरण संरक्षणका लागि चिरस्थायी जैविक प्रदुषक (Persistent Organic Pollutants) सम्बन्धी महासन्धि २००१, आदिवासी जनजाति सम्बद्ध आइ.एल.ओ. महासन्धि नं. १६९ लगायतका अन्य थुप्रै महासन्धि विषयगत, भूगोल विशेषको रुप छन्।

## २.४. विशेष समाधिक्षक

संयुक्त राष्ट्र संघ मानव अधिकार सम्बन्धी उच्च आयुक्तको कार्यलय मार्फत मानव अधिकार परिषद्ले सन् २०१२ देखि २०१८ सम्म सुरक्षित, स्वच्छ, स्वस्थ वातावरण, जलवायु परिवर्तन र मानव अधिकार लगायत विभिन्न दायित्व निर्धारण गरी स्वतन्त्र विज्ञ John Knox लाई विशेष समाधिक्षक रुपमा नियुक्त गरेको थियो। विशेष समाधिक्षकले मानव अधिकार सम्बद्ध सुरक्षित, स्वच्छ स्वस्थ दिगो वातावरणको

अध्ययन, वातावरण संरक्षण क्षेत्रमा भएको मानव अधिकारको दायित्व पुरा गर्न उत्तम अभ्यास, सहयोग, वातावरणीय नीति, सम्बर्द्धन, पहिचान गर्ने जिम्मेवारी तोकिएको थियो । सुरक्षित, स्वच्छ र स्वस्थ दिगो वातावरण साथै दिगो विकासमा मानव अधिकारका दायित्व पुरा गर्न देखिएका चुनौति र अवरोधको पहिचान गर्ने जिम्मेवारी दिइएको थियो ।

विशेष समाधिक्षकले वातावरणीय सवालमा पहिचान प्रतिवेदन (Mapping report, 2014), असल अभ्यास प्रतिवेदन (Good practices report 2015), जलवायु परिवर्तन प्रतिवदन (Climate change report 2016), कार्यन्वयन प्रतिवेदन (Implementation report 2016) र जैविक विविधता प्रतिवेदन (Biodiversity report 2017) संयुक्त राष्ट्रसंघ मानव अधिकार परिषद्को सन् २०१४ को २५ औं सभामा प्रस्तुत गरेका छन् ।

पहिचान प्रतिवेदन सुरक्षित, स्वच्छ, स्वस्थ वातावरणका मानव अधिकारको दायित्वहरूमा केन्द्रीत छ । पहिचान प्रतिवेदनमा १४ वटा छुट्टाछुट्टै प्रतिवेदन मानव अधिकारका लागि अन्तर्राष्ट्रिय कानूनी व्यवस्था आधारित रहेर समेटिएको छ । यो प्रतिवेदनमा विश्वव्यापी मानव अधिकार सन्धिको कार्यन्वयन अवस्था, संयुक्त राष्ट्रसंघ, मानव अधिकार परिषद्, विशेष अधिकार पाएको अधिकारीको निकाय, संरचना, क्षेत्रिय मानव अधिकार पद्धति र वातावरणका अन्तर्राष्ट्रिय कानूनी व्यवस्था समेटिएका छन् ।

यो प्रतिवेदनको निश्कर्ष वातावरणीय प्रभावलाई मानव अधिकारको रुपमा लिदै वातावरणीय सुचना तथा जानकारी सार्वजनिक गर्नु पर्ने, वातावरणीय सवालको निर्णय प्रक्रियामा नागरिकको सहभागिताको लागि सहजिकरण गर्नु पर्ने तथा वातावरणीय क्षतिको आवश्यक उपचारको व्यवस्था राज्यको दायित्व हुने उल्लेख छ । मानव अधिकारको प्रत्याभूतको लागि राज्यले कानूनी संरचनाको व्यवस्था गर्दै वातावरणीय क्षतिबाट संरक्षण गर्नु पर्ने तथा नीजि क्षेत्रलाई पनि जवाफदेहि बनाउनु पर्ने व्यवस्था उल्लेख छ । संकटासन्न अवस्थाको समुदाय, महिला, आदिवासी जनजातिहरूलाई संरक्षण विभेदरहित संरक्षण गर्नु राज्यको दायित्व हो ।

मानव अधिकार परिषद्मा सन् २०१५ मा पेश भएको असल अभ्यास प्रतिवेदनमा सरकार, अन्तर्राष्ट्रिय सँगठन, नागरिक समाज, संस्थान लगायतको वातावरण सम्बद्ध मानव अधिकारको दायित्व उल्लेख छ । सन् २०१६ मा परिषद्मा पेश भएको जलवायु परिवर्तन प्रतिवेदनमा जलवायु परिवर्तन सम्बद्ध मानव अधिकारको दायित्वलाई परिक्षण गरिएको छ । संकटासन्न समुदायको अधिकार संरक्षण गर्नु, जलवायु परिवर्तनको प्रभाव कम गर्नु तथा प्रभावबाट जोगाउनु राज्यको सारभूत दायित्व भएको उल्लेख छ । कार्यन्वयन प्रतिवेदनमा स्वस्थ वातावरण उपलब्धको लागि मानव अधिकार दायित्वका उपायहरू सुझाइएको छ । सन् २०१७ मा परिषद्मा पेश भएको जैविक विविधता प्रतिवेदनमा मानव अधिकारको प्रत्याभूतिको लागि जैविक विविधताको संरक्षण र दिगो प्रयोगको उपाय दिनुका साथै मानव अधिकारको प्रत्याभूतिमा जैविक विविधता र पारिस्थितिकिय प्रणालीको महत्व उल्लेख गरिएको छ ।

मानव अधिकार परिषद्ले Mr. David. R. Boyd लाई सन् २०१८ देखि मानव अधिकार र वातावरणको लागि विशेष समाधिक्षकमा नियुक्त गरेको छ ।

## २.५. अन्तर्राष्ट्रिय दस्तावेज, घोषणापत्र तथा सम्मेलन

वातावरणसँग सम्बन्धित सबै महासन्धिहरूको आवधिक, वार्षिक, कार्यक्रमिक तथा विषयगत सम्मेलन, दस्तावेज तथा घोषणापत्र जारी हुने गर्दछन् । वातावरण र विकासका सम्बन्धमा धेरै नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयासहरू भएका छन् । विकासको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघिय घोषणा पत्र सन १९८६ ले विकासलाई मानव अधिकारको रुपमा परिभाषित गरेको छ । त्यस्तै वातावरण र विकासलाई जोडेर सन १९९० मा भियना सम्मेलन, १९९२ मा ब्राजिलको रियो द जेनेरियोमा पृथ्वी सम्मेलन भएको छ जसले वातावरण संरक्षण र विकासलाई मानव अधिकारसँग प्रत्यक्ष रुपमा जोडेर हेरिएको छ । त्यस्तै सह्रशताब्दी लक्ष्य तथा मानव विकास प्रतिवेदन २००० ले मानव अधिकारका सबै पक्षलाई विकाससँग जोडेर मानव अधिकारका सो पक्षहरूको पूर्णताबाट मात्रै विकास लक्ष्य प्राप्त गर्न सकिने भनेको छ । सन् १९९३ मा भएको मानव अधिकार सम्बन्धी विश्व सम्मेलनले पनि यसलाई त्यत्तिकै महत्व दिएको छ । सन १९९५ मा कोपेनहेगेनमा भएको सामाजिक विकास सम्बन्धी विश्व सम्मेलनले वातवारण र विकासलाई मानव अधिकारको विषयवस्तुको रुपमा औंल्याएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८,  बालबालिको अधिकार सम्बन्धी विश्व घोषणपत्र १९२३, मानव अधिकार विश्वव्यापी घोषणापत्र १९४८, अपाङ्गगता भएका व्यक्तिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र १९७५, साँस्कृतिक विविधता सम्बन्धी विश्वव्यापी घोषणापत्र २००१, आदिवासी जनजाति सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००९ आदि घोषणापत्र मानव अधिकारसँग सम्बन्धित छ ।

## २.६. दिगो विकासको लक्ष्य

सहस्राब्दी विकास (२००१-२०१५) लक्ष्यहरूको सापेक्षिक सफलतामा आधारित रहेर दिगो विकासका लक्ष्यहरूलाई सन् २०३० सम्ममा अवलम्बन गर्न नेपाल प्रतिबद्ध रहेको छ । सन् २०१६ देखि २०३० सम्मका लागि दिगो विकासका १७ वटा लक्ष्यहरू र १६९ परिमाणात्मक लक्ष्य तथा दिगो विकास लक्ष्यका उपलब्धि मापन र अनुगमन गर्न २३० भन्दा बढी सूचकहरू प्रस्ताव गरिएका छन् ।

सहस्राब्दी विकास (२००१-२०१५) लक्ष्यहरूको सापेक्षिक सफलतामा आधारित रहेर दिगो विकासका लक्ष्यहरूलाई सन् २०३० सम्ममा अवलम्बन गर्न नेपाल प्रतिबद्ध रहेको छ । सन् २०१६ देखि २०३० सम्मका लागि दिगो विकासका १७ वटा लक्ष्यहरू र १६९ परिमाणात्मक लक्ष्य तथा दिगो विकास लक्ष्यका उपलब्धि मापन र अनुगमन गर्न २३० भन्दा बढी सूचकहरू प्रस्ताव गरिएका छन् । खासगरी लक्ष्य-१, लक्ष्य-५,  लक्ष्य-६, लक्ष्य-७, लक्ष्य-११, लक्ष्य-१२, लक्ष्य-१३ र लक्ष्य-१५ नागरिकको वातावरण र विकास अधिकारसँग सम्बन्धित छन् ।

**लक्ष्य १– हरेक क्षेत्रमा रहेका सबै स्वरूपहरूको गरीबीको अन्त्य गर्ने ।**

यो लक्ष्यको लागि प्रस्ताव गरिएका परिमाणात्म लक्ष्य (ङ) मा  गरीब र संकटग्रस्त अवस्थाहरूमा रहेका मानिसहरूलाई आर्थिक, सामाजिक र वातावरणीय नकारात्मक धक्काहरू (Shocks) र विपद्हरू एवम्

जलवायु परिवर्तनसँग सम्बन्धित विषम घटनाहरू सहनसक्ने तुल्याउन उत्थानशीलता (Resilience) निर्माण गर्ने परिमाणात्मक लक्ष्य तय गरिएको छ।

**लक्ष्य ५ – लैङ्गिक समानता हासिल गर्ने र सबै महिला, किशोरी तथा बालबालिकाहरूलाई सशक्त बनाउने**

दिगो विकास लक्ष्य ५ को  परिमाणात्मक लक्ष्य (क) मा सबै महिला र किशोरीहरूविरुद्ध जुनसुकै क्षेत्रर स्थानमा हुने सबै प्रकारका विभेदहरूलाई अन्त्य गर्ने तथा राष्ट्रिय कानून मार्फत महिलाहरूको आर्थिक स्रोत साधन, भूमि, सवै प्रकारका सम्पत्ति, आर्थिक सेवा, प्राकृतिक स्रोतहरूमा स्वामित्व र नियन्त्रणको समान अधिकार व्यवस्था गर्ने उल्लेख छ।

**लक्ष्य ६ – सबैको निम्ति खानेपानीको साथै सरसफाईको उपलब्धताका साथै यसको दिगो व्यवस्थापन सुनिश्चित गर्ने।**

यो लक्ष्य अन्तर्गत सन् २०३० सम्ममा हासिल गर्न तपशिलका परिमाणात्मक लक्ष्य प्रस्ताव गरिएका छन्।

(क) सबैको निम्ति सुरक्षित र खर्चले धान्न वा बेहोर्न सकिने खानेपानीको सर्वव्यापी र न्यायोचित पहुँच हासिल गर्ने,

(ख) सरसफाई र स्वस्थ/आरोग्यपूर्ण अवस्था कायम गर्ने कुरामा सबैको निम्ति पर्याप्त र न्यायोचित पहुँच सुनिश्चित गर्ने र खुला रूपमा दिसा-पिसाब गर्ने चलन वा बानीको अन्त्य गर्ने,

(ग) प्रदूषण घटाएर, पानीमा फोहोर फाल्ने कार्यको अन्त्य गरेर, हानिकारक फोहोरहरू तथा रसायनहरू र वस्तुहरूको विसर्जन कार्यलाई न्यूनीकरण गरेर खानेपानीको गुणस्तर सुधार गर्ने,

(घ) पानी-प्रयोगको दक्षतालाई सबै क्षेत्रहरूमा सारभूत रूपमा सुधार गर्ने,

(ङ) सबै तहमा एकीकृत जलस्रोत व्यवस्थापन कार्यक्रमहरू कार्यान्वयन गर्ने,

(च) पहाड, वन, सीमसार, नदी, भूमिगत जलभण्डार र तालहरू लगायत पानीसँग सम्बन्धित पारिस्थितिकीय प्रणालीहरूको संरक्षण र पुनर्स्थापन गर्ने आदि परिमाणात्मक लक्ष्यहरू समावेश गरिएका छन्।

**लक्ष्य ७ – धान्न/बेहोर्न सकिने, भरपर्दो, दिगो रआधुनिक ऊर्जामा सबैको पहुँच सुनिश्चित गर्ने**

दिगो विकास लक्ष्य ७ को  परिमाणात्मक लक्ष्य (ख) मा विश्वव्यापी रूपमा विभिन्न प्राथमिक ऊर्जा स्रोतहरूको समिश्रण (Energy mix) मा नवीकरणीय ऊर्जाको हिस्सा सारभूत रूपमा बढाउने परिमाणात्मक लक्ष्य समावेश गरिएको छ।

**लक्ष्य ११ – सहरहरू र मानव बस्तीहरूलाई समावेशी, सुरक्षित, उत्थानशील (Resilient) र दिगो बनाउने**

दिगो विकास लक्ष्य ११ को लागि वातावरण सम्बद्ध ३ वटा परिमाणात्मक लक्ष्य निर्धारण गरिएको छ।

लक्ष्य ११ को  (घ) मा विश्वका सांस्कृतिक र प्राकृतिक सम्पदाहरूको संरक्षण तथा सुरक्षा,

(ङ) गरीब र संकटग्रस्त अवस्थाहरूमा रहेका मानिसहरूको संरक्षणमा केन्द्रित भएर पानीजन्य लगायतका विपद्हरूको कारण कुल गार्हस्थ्य उत्पादनमा हुने आर्थिक हानिनोक्सानीहरूलाई कम गर्ने र

(च) विशेष गरेर महिला र बालबालिका, प्रौढ व्यक्तिहरू र अपाङ्गता भएका व्यक्तिहरूको लागि सुरक्षित, समावेशी, पहुँचयोग्य र हरित सार्वजनिक स्थलहरूमा सर्वव्यापी पहुँच प्रदान गर्ने जस्ता परिमाणात्मक लक्ष्यहरू राखिएको छ।

**लक्ष्य १२– दिगो उपभोग र उत्पादन ढाँचाहरू सुनिश्चित गर्ने**

दिगो विकास लक्ष्य १२ को  परिमाणात्मक लक्ष्यहरू यसानुसार छ।

(क) मा  दिगो उपभोग र उत्पादन कार्यक्रमहरूको १० वर्षे ढाँचा/खाका कार्यान्वयन गर्ने,

(ख) सन् २०३० सम्ममा प्राकृतिक स्रोतहरूको दिगो व्यवस्थापन गर्दै यिनीहरूको प्रयोग प्रभावकारी रूपमा गर्ने,

(ग) खुद्रा तथा उपभोक्ता तहमा हुने प्रतिव्यक्ति विश्व खाद्यवस्तुको दुरुपयोगलाई सन् २०३० सम्ममा आधा घटाउने र खाद्यान्न क्षति घटाउने,

(घ) सन् २०२० सम्ममा रासायनिक पदार्थहरू र सबै फोहोरमैलाहरूको जीवनचक्रभरि नै वातावरणीय दृष्टिकोणले प्रभावकारी रूपमा व्यवस्थापन गर्ने,

(ङ) फोहोरमैलाको उत्पादनलाई सन् २०३० सम्ममा रोकथाम तथा न्यूनीकरण गरेर साथै खेर गएका वस्तुहरूलाई पुनः प्रशोधन एवम् पुनः प्रयोग गरेर सारभूत रूपमा घटाउने र

(छ) दिगो विकास र प्रकृतिसँग तालमेल/सङ्गति भएको जीवनपद्धतिका सान्दर्भिक सूचनाहरू रहेको साथै सचेतना भएको कुरा सुनिश्चित गर्ने जस्ता परिमाणात्मक लक्ष्यहरू समावेश गरिएको छ।

**लक्ष्य १३– जलवायु परिवर्तन र यसको प्रभावहरुसँग जुध्न तल्काल कार्य अघि बढाउने**

दिगो विकास लक्ष्य १३ अन्तर्गत तपशिलका परिमाणात्मक लक्ष्य तय गरिएको छ।

(क) सबै देशहरूमा जलवायुसँग सम्बान्धित घातक/हानिकारक कुराहरूको साथै प्राकृतिक विपद् हरूको सामना गर्न उत्थानशीलता र अनुकूलन क्षमतालाई सुदृढ गर्ने,

(ख) जलवायु परिवर्तनका उपायहरूलाई राष्ट्रिय नीतिहरू, रणनीतिहरू र योजनामा एकीकृत गर्ने, र

(ग) जलवायु परिवर्तनलाई कम गर्न अनुकूलन गर्न, प्रभाव घटाउन र यस सम्बन्धमा पूर्वसावधानी गराउन शिक्षा, सचेतना र मानव तथा संस्थागत क्षमतामा सुधार गर्ने लगायतका प्रमुख परिमाणात्मक लक्ष्यहरू प्रस्ताव गरिएका छन्।

**लक्ष्य १५ – पृथ्वीको भूपरिधिस्तरीय पारिस्थितिकीय प्रणालीहरूको दिगो उपयोग, रक्षा र पुनर्स्थापन गर्ने, वनको दिगो रूपमा व्यवस्थापन गर्ने, मरुभूमीकरणविरुद्ध लड्न र जमिनको क्षयीकरण रोक्नुका साथै यसलाई उल्ट्याउने र जैविक विविधताको ह्रासलाई रोक्ने**

दिगो विकास लक्ष्य १५ अन्तर्गत तपशिलका परिमाणात्मक लक्ष्य तय गरिएको छ।

(क) सन् २०२० सम्ममा अन्तर्राष्ट्रिय सम्झौताहरू अन्तर्गतका दायित्वहरूअनुरूप भूपरिधि र जमिनको स्वच्छ पानी पारिस्थितिकीय प्रणालीहरू र तिनीहरूको सेवाहरू विशेषगरी वनजङ्गल, सीमसार क्षेत्र, हिमालयहरू र सुख्खा क्षेत्रहरूको संरक्षण, पुनर्स्थापना र दिगो प्रयोग सुनिश्चित गर्ने,

(ख) सबै प्रकारका वनहरूको दिगो व्यवस्थापनको कार्यान्वयनलाई प्रभावकारी बनाउने र मरुभूमीकरणविरुद्ध लड्ने साथै दिगोविकासका निम्ति आवश्यक लाभहरू प्रदान गर्ने खालका क्षमता वृद्धि गर्नको निम्ति जैविक विविधता लगायतका पर्वतीय पारिस्थितिकीय प्रणालीहरूको संवर्द्धन/संरक्षणलाई सुनिश्चित गर्ने जस्ता परिमाणात्मक लक्ष्यहरू निर्धारण गरिएको छ।

दिगो विकासको लक्ष्यहरू मुख्य त आर्थिक, सामाजिक र वातावरणीय पक्षहरूमा समृद्धि प्रयास छ। मुलुकको वातावरण र प्राकृतिक स्रोतहरूलाई संरक्षण गर्दै प्राकृतिक तथा आर्थिक संकट वहन गर्न सक्ने बनाउन राष्ट्रिय उत्थानशीलता (Resilience) बढाउने रणनीति नेपालको छ। दिगो विकास लक्ष्यहरूको पुरा गर्न नेपालमा प्रधानमन्त्रीले अध्यक्षता गरेको निर्देशक समितिको संस्थागत संरचना छ। राष्ट्रिय योजना आयोगका उपाध्यक्षले अध्यक्षता गर्ने समन्वय तथा कार्यान्वयन समिति छ। यस्तै, राष्ट्रिय योजना आयोगका सदस्यहरूको नेतृत्वमा विषयगत/क्षेत्रगत (Thematic) समितिहरू पनि रहेका छन्।

## २.७. वातावरण तथा विकास अधिकारको घोषणापत्र

स्वच्छ र दिगो वातावरण मानव अधिकारको मुख्य आधार हो। मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति सफा, स्वच्छ, स्वस्थ तथा दिगो वातावरणमा मात्रै सम्भव हुन्छ। स्वच्छ वातावरणको मानव अधिकार सिद्धान्तले राज्यले सफा, स्वच्छ, स्वस्थ तथा दिगो वातावरणको प्रत्याभूत आफ्ना नागरिकहरूमा दिनु पर्दछ। वातावरणमा पर्ने नकरात्मक असरले मानव अधिकारको प्रत्याभूतिमा गम्भीर असर गर्दछ। राज्यले नीजि तथा सार्वजनिक क्षेत्रलाई वातावरणीय मापदण्ड पुरा तथा लागु गर्न जिम्मेवार वनाउनु पर्दछ। भूमि, भूभाग र प्राकृतिक स्रोत माथिको परम्परागत अभ्यास, ज्ञान सीपको सम्मान गरिनु पर्दछ।

सन् १९८६ मा विकास अधिकार सम्बन्धमा १० वटा धारा सहितको विश्व घोषणपत्र जारी भएको छ। यस घोषणापत्रले मानव अधिकारमैत्री विकासलाई जोड दिएको छ। मानवीय मुल्य मान्यतामा आधारित रहेर आर्थिक र विकासका क्रियाकलापले नागरिकहरूको समान पहुँच, अवसर, समृद्धि, लाभांस लगायत उल्लेख गरेको छ। राज्यले विकस गतिविधि गर्दा समृद्धिसँगै बासिन्दाको सक्रिय, स्वतन्त्र तथा प्रभावकारी सहभागिता तथा न्यायिक लाभांस वितरणको प्रत्याभूत गराउनु पर्दछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेश तथा अनुकूल विकास अधिकार राज्यको दाहित्व हो। जाति, भाषा, धर्म, लिङ्गको आधारमा हुने विभेद प्रत्यक विकास क्रियाकलापमा निषेध गरिनु पर्दछ। विकासका प्रत्येक गतिविधिमा व्यक्तिगत तथा सामुहिक अधिकारको संरक्षण गरिनु पर्दछ।

## २.८. अन्तर्राष्ट्रिय मानव अधिकारका प्रमुख महासन्धिहरू

- सवै प्रकारको जातीय भेदभावको उन्मुलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि, १९६५
- नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६

- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६
- महिलाविरुद्धमा हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १९७९
- बाल अधिकार महासन्धि, १९८९
- यातना, तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा दण्डविरुद्धको महासन्धि, १९८४
- आप्रवासी कामदारहरू र तिनीहरूका परिवारको सदस्यहरूको अधिकारको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, १९९०
- वलपुर्वक वेपत्ताबाट सबै व्यक्तिहरूको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६
- अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६
- आइ.एल.ओ. महासन्धि नं. १६९

## परिच्छेद-तीन

# अध्ययन अनुगमनबाट प्राप्त तथ्य

वातावरण, विकास र मानव अधिकार सम्बन्धमा भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि सम्झौता, संविधान, कानून समेतमा उल्लेखित अधिकारहरूको सम्बन्धमा विभिन्न मितिमा विभिन्न माध्यमहरूबाट वातावरण तथा वातावरण कानूनविद् समेतको टोली सहित गरिएको अध्ययन अनुगमनबाट निम्न लिखित तथ्यहरू प्राप्त भएको थियो ।

## ३. वायु प्रदूषण स्रोतहरु

### ३.१. विकास निर्माण कार्यान्वयन

- कैलाली जिल्लाका विभिन्न स्थानहरूमा निर्माणाधिन सडक विस्तारका कार्यहरू कतिपय ठाउँमा सडकहरू रुग्ण अवस्थामा रहेको, निर्माणास्थलमा सडकमा धुलो न्यूनीकरण गर्न पानी छ्याप्ने कार्य नभएको, सडकमा खाल्डाखुल्डी भएको कारण धुलो पानी जम्ने गरेको, निर्माणाधिन सडकहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री बाटो हुन नसक्दा पैदलयात्रीहरूलाई आवतजावत गर्न कष्ठकर भएको, सडकका छेउ छेउका रुखहरू काटिएको, लामा लामा सडकहरूमा गर्मीमा ओत लाग्ने ठाँउसम्म नभएको पाइयो ।
- महेन्द्रनगर, बाँके, कञ्चनपुर जिल्लाका नगरपालिका र उपमहानगरपालिका भित्र विकासका पूर्वाधारहरूमा अत्यावश्यक ढल निकासका भौतिक संरचना न्युनरुपमा रहेको पाइयो ।
- दाङ जिल्लाको घोराही नगरपालिका देखि तुलसीपुर उपमहानगरपालिका सम्म निर्माणाधिन सडक कार्य भइरेहकोले अत्यधिक धुलो उत्पन्न भई यात्री तथा पैदलयात्रीलाई स्वतन्त्ररुपमा आवत जावत गर्न कठिनाई भएको पाइयो ।
- प्युठान जिल्लाको धार्मिक क्षेत्र स्वर्गद्धारी जाने पहाडको बाटोमा सडक विकास निर्माणका गतिविधि भईरहेको पाइयो, उक्त निर्माणाधिन जोखिमयुक्त अव्यवस्थित र कच्ची बाटोको कारण दुर्घटना भइरहने जानकारी स्थानीयवासीहरूबाट बुझिएको ।
- गाउँपालिका र नगरपालिकामा आएको धेरैजसो बजेट बाटो निर्माणमा खर्च गरिएको र सम्बन्धित प्राविधिक विज्ञ विना अव्यवस्थित रुपमा बाटो खन्दा वाढी पहिरो लगायत वातावरणीय क्षति र खेतीयोग्य जमिन नास हुन गएको जानकारी पाइयो ।
- बनजंगल अतिक्रमण गरेर अव्यवस्थित वसोबास संख्या बढ्दो रहेका कारणले वन विनासले तिव्ररुपम लिएको र खुल्ला रुपमा मानव मलमुत्र विसर्जन गरिएको पाइयो ।
- सदरमुकाम तथा शहरमा अव्यवस्थित जनसख्या वृद्धि, धुवाँ धुलो लगायत वायु प्रदूषणले पहाडी हिमाली भेगको पर्यावरणीय अवस्थामा समेत नकारात्मक प्रभाव परेको भन्ने जानकारी पाईयो ।

- बिकास निर्माण गर्दा सम्बन्धित नगरपालिका, खानेपानी, ढल, दुरसंचार, विद्युत, सडक, वन आदि महत्वपूर्ण निकायहरू बीच समन्वयको अभाव रहेको पाइयो ।
- काठमाडौं उपत्यकाभित्र निर्माणाधिन सडक विस्तार र मेलम्ची खानेपानी आयोजनाको पाईप विछ्याउने कार्य लगायतका आधारभूत विकास निर्माणका कार्यहरू सडक विभाग, मेलम्ची खानेपानी आयोजना, काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड, काठमाण्डौ महानगरपालिका, ललितपुर महानगरपालिका र भक्तपुर नगरपालिकाद्वारा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा कार्य गरिरहेको बुझियो ।
- काठमाडौं उपत्यकाभित्र सडक विस्तार लगायत आधारभूत विकास निर्माणका गर्दा एकै समयमा उपत्यका भित्रका धेरै जसो सडक भत्काउने र समयमा सडक निर्माण कार्य सम्पन्न नगर्ने हुँदा वाटामा माटो थुप्रिने, खाल्डो पर्ने भएकोले वायु प्रदूषणमा वृद्धि हुनुका साथै यातायातमा अवरुद्ध भएको, सर्वसाधारण व्यक्तिलाई स्वतन्त्र आवागमनमा प्रभाव पर्न गएको पाइयो ।
- सडक निर्माण कार्य सम्पन्न भएतापनि खानेपानी, ढल लगायतका नाउँमा फेरी सडक पटक पटक भत्काई सडकको छेउ छेउमा माटोको फोहोर थुपार्ने, खाल्डो पार्ने जस्ता कार्यहरूले निरन्तरता पाउने गर्दा धुलो धुवाँ र स्वतन्त्र आवागमनमा व्यापक रुपमा असर परेको ।
- काठमाडौं उपत्यकामा मेलम्ची खानेपानीका पाइपहरू राख्ने प्रयोजनका लागि ठाउँठाउँमा कालो पत्रे गरिएका र नगरिएका मुख्य सडक तथा टोल टोलका सहायक सडकहरू खन्ने गरेको कारण धुलोको मात्रामा वृद्धि भइरहेको पाइयो ।
- विकास निर्माणका कार्यहरू ठेक्कापट्टा लिंदा एउटै व्यक्तिले ७ वटा ठाउँमा ठेक्कापट्टाको काम गर्ने, हिउँदमा काम नगर्ने बर्षा लागेपछि राता रात काम सक्ने प्रवृत्ति हुदा ठेकेदार जिम्मेवार र जनउत्तरदायी भएको पाइएन ।
- मेलम्ची खानेपानी आयोजनाको लागि अन्तर्राष्ट्रिय स्तरबाट ठेकेदारहरू लिने ठेक्का लिने गरेको, स्थलगत काम नेपाली कामदारहरूबाट हुने गरेको, ठेकेदारहरूले समयमा काम सम्पन्न गर्न नसकेको अवस्थामा फेरी सोही वाँकी कार्यको लागि अर्को ठेकेदारको प्रकृया थाली कार्य सञ्चालन गर्न प्राय व्यवहारिक रुपमा कठिनाई हुने गरेको भन्ने बुझियो ।
- विकास निर्माणका कार्य अन्तर्गत सडक निर्माणका कार्य गर्दा ठेकेदारहरूले समयमा कार्य सम्पन्न नगर्ने, आफुले लिएको ठेक्का प्रति हेलचेक्रयाई गर्ने प्रवृत्ति भएका ठेकेदारलाई कानूनी दायरा भित्र ल्याई कारवाही गर्ने विषयमा सरोकारवाला निकायहरू उदासिन रहेको पाइयो ।
- काठमाण्डौ उपत्यकामा सडक विस्तार गर्दा भत्काइएको सडक तथा घर, मेलम्ची खानेपानी आयोजनाको पाइप विछ्याउने कार्यका लागि खनिएको सडक तथा विभिन्न समयमा खानेपानी तथा ढलको पाईप बिछ्याउने क्रममा खनिएको सडक जस्ताको तस्तै छोडिदिंदा अत्याधिक धुलो उड्न गई सर्व साधारण व्यक्तिहरू लगायत वृद्ध, गर्भवती महिला, अपांगता भएका व्यक्ति, बालबालिकालाई हिंडडुल गर्न समस्या हुने गरेको पाइयो ।
- विकास निर्माणका कार्य अनुगमन गर्न महानगरपालिका, मेलम्ची खानेपानी आयोजना र सडक विभाग सम्मिलित अनुगमन टोली गठन गरिएको र महानगरपालिकाले फागुनसम्म सबै सडक

कालोपत्रे गर्ने लक्ष्य राखेको भन्ने सरोकारवाला निकायबाट जानकारी पाइयो ।

- सडकमा जोडिएर रहेका केही घरहरू भत्काए पछि मात्र विद्युतको पोलहरू सार्नु पर्ने अवस्था रहेको र ति केही घरहरूको विवादका सम्बन्धमा अदालतबाट आदेश जारी भएकोले उक्त आदेशको टुंगोमा नपुगन्जेल सडकमा रहेका घर भत्काउन नसकिने र विजुलीको पोल पनि सार्न नसकिने बुझियो ।
- विद्युतको पोलहरूमा देखिएका केवल लाइन, टेलिकमका लाईन र इन्टरनेट लगायतका केवल लाइनहरू समेत भएका कारण यी सम्बन्धित निकायहरूविच समन्वय नभएकोले सडकमा रहेका विजुलीका पोल स्थानान्तरण गर्न कठिन रहेको पाइयो ।
- सडक निर्माणको योजना कार्यान्वयन गर्दा एक चोटी सडक निर्माणका कार्य सम्पन्न भईसकेपछि पुनः सडक वरपर विस्तार भइरहेको हुँदा जवसम्म सडकको सिमा कति हो सो यकिन नभई विजुलीको पोल पटक पटक सार्न असम्भव हुने भएकाले विजुलीको पोल सार्न नसकिएको अवस्था रहेको भन्ने बुझियो ।
- उपत्यका भित्र सडक विस्तार गर्ने क्रममा सडकको क्षेत्र कायम भएका जग्गामा बनेका घर लगायत भौतिक संरचनाहरू भत्काउनु पर्ने । उक्त सरोकारवाला जग्गा तथा घरधनीहरू व्यक्तिगत सम्पत्तिको सुरक्षाको लागि सम्मानित अदालतमा निवेदन गर्ने र सम्मानित अदालतबाट अन्तरिम आदेश आउने कार्यले सडक विस्तारका कार्य यथास्थानमा रोकिनु पर्ने भई समय सिमा भित्र सम्पन्न हुन नसक्दा धुवाँ धुलोमा वृद्धि भइरहेको भन्ने जानकारी पाइयो ।
- मेलम्ची खानेपानी आयोजना निर्माणका कार्य कार्यन्वयन गर्दा उक्त निर्माण कार्यबाट निस्कने धुलो नियन्त्रणको लागि न्यूनीकरणका उपायहरू अवलम्बन गरिएको रातको समयमा सडक खन्ने, खनिएका स्थानमा पुननिर्माण तथा सडकको पुनर्स्थापना गर्ने, सडक कालोपत्र गर्ने, हरियो जाली राखी सडकहरू खन्ने कार्य गरेको भन्ने सरोकारवाला निकायबाट जानकारी पाइएता पनि सो वमोजिमको कार्य प्रभावकारी रुपमा भएको पाईएन ।
- ट्राफिक प्रहरी महाशाखाका अनुसार काठमाडौं उपत्यका भित्र कार्यरत ३५५ जना ट्राफिक प्रहरीहरूलाई वायु प्रदूषणको कारण फोक्सोजन्य समस्या रहेको पाइयो ।
- सडकको छेउछाउमा रहेका पसल तथा खाद्यान्न होटलहरूमा धुलो जति सफा गरेपनि एकछिनमा फेरी धुलो जमिहाल्ने गरेको कारण मानसिक रुपमा चिडचिडाहट हुन पुगेको भन्ने बुझियो ।
- सडक निर्माण तथा सडक भत्काउने कार्यका कारण निस्कासित धुलो र गाडीहरूबाट निस्कने कालो धुवाँका कारण सर्व साधारणलाई रुघा खोकी, छालाको एलर्जी, आखाँ चिलाउने र मानसिक रुपमा चिडचिडाहट जस्ता स्वास्थ्य तथा मनोवैज्ञानिक असर पर्न गएको भन्ने स्थानीय व्यक्तिहरूको भोगाई रहेको पाइयो ।
- उपत्यका भित्र नीजि भवन संरचनाहरूको निर्माण गर्दा गिट्टी बालुवा लगायतका निर्माण सामाग्रीहरू सार्वजनिक बाटोमा थुपार्ने गरेको पाइयो जसबाट सर्वसाधारलाई आवागमनमा समस्या हुने गरेको पाईयो ।

- उपत्यकाभित्र विभिन्न समयमा ढल तथा खानेपानीको पाईप फुटी दुर्गन्ध फैलिने गरेको, मुख्य र भित्रीबाटो पुरै हिलो हुने गरेको, पानी सुकेपछि त्यहि ठाउँमा धुलो हुने गरेको बुझियो ।
- वातावरण मन्त्रालय र वातावरण विभागले निर्माणजन्य परियोजनाहरूको स्वच्छ वातावरणको दृष्टिकोणबाट प्रर्याप्त अनुगमन भएको पाइएन ।

## ३.२. फोहोरमैला व्यवस्थापन

- कञ्चनपुर जिल्लाको महाकाली अञ्चल अस्पतालबाट निस्कासित मानव अंग संक्रमित फोहरमैला व्यवस्थापनका लागि इन्सेरेटरको अभाव रहेको, फोहर जलाउने तथा जमिनमुनी गाड्ने गरेको, सालनाल समेत ढ्वागंमा हाल्ने गर्दा अस्पतालको वातावरण दुर्गन्धित भएको पाइयो ।
- कैलाली जिल्लाको सेती अञ्चलमा अस्पतालबाट निस्कासित फोहोरमैला अस्पतालको परिसर भित्र खुल्लारुपमा छरिएर रहेकोले अस्पताल भित्र र अस्पताल बाहिर दुर्गन्ध फैलिएको पाइयो ।
- बाँके जिल्लाको भेरी अञ्चल अस्पतालबाट निस्कने फोहोर (सालनाल बाहेक) र अन्य फोहोर एउटै ठाउँमा संकलन गर्दा अस्पताल परिसरको वातावरण दुषित हुने गरेको र सालनाल समेत ढ्वागंमा हाल्ने गरेको तर उक्त ढ्वागंको विर्को नलगाई खुल्ला छोड्दा अस्पतालको वातावरण दुर्गन्धित र झिंगा फैलिएको, अस्पताल भित्र विरामी सुत्ने वार्ड सँगै जोडिएको नालको पानी जमेर भुसुना उडिरहेको पाइयो ।
- कञ्चनपुर र कैलाली जिल्लाका कुनै कुनै सडकहरूमा यत्रतत्र बाटोमा खुल्लारुपमा छाडिएको चौपायाहरूको मलमुत्रका कारण शहर दुर्गन्धित भएको र स्वतन्त्र यातायात अवागमनमा समेत कठिन भएको पाइयो ।
- कैलाली जिल्लाको सदरमुकाम भित्र वग्ने साना नदी खोल्साहरूमा मलमुत्र लगायतका ढल मिसाउने र फोहरमैला फाल्ने गरेको पाइयो ।
- कञ्चनपुर जिल्लाको भिमदत्त नगरपालिकाबाट निस्कासित फोहरमैला लगायत मरिसकेका घर पालुवा चारखुट्टे जनावार समेत नगरपालिका कार्यालय परिसर भित्रको चौरमा खुल्ला रुपमा थुपारिएको, त्यहाँको वातावरण दुर्गन्धित हुन पुगेको, उक्त फोहोर थुपारिएको स्थान वरापर पर्खालको घेरावार नभएको र थुपारिएको फोहोर नजिक नीजि घरहरू रहेको देखियो ।
- काठमाडौं उपत्यकाका (काठमाडौं, ललितपुर र भक्तपुर) बाट निस्कासित फोहोरहरू नुवाकोट जिल्लाको ओखरपौवा, सिसडोल वडा नं.२ ककनी गा.वि.स.मा ३ वर्षसम्म मात्र फोहोर विसर्जन गर्ने भन्ने सम्झौता भएता पनि हाल १३ वर्षसम्म फोहोर विसर्जन गरिरहेको पाइयो ।
- काठमाडौं उपत्यकाको फोहोरमैला विसर्जन स्थल ओखरपौवामा अव्यवस्थित र खुला रुपमा फोहोर विसर्जन स्थल (ल्याण्डफिल्ड साइट) रहेकाले त्यस स्थान लगायत आसपासका वसोवास गर्ने स्थानीय वासिन्दाहरूलाई खान मन नलाग्ने, रिंगटा लाग्ने, वाक वाक लाग्ने, टाउको दुख्ने लगायत स्वास प्रश्वासमा समस्या हुने गरेको भन्ने बुझियो ।
- ओखरपौवा क्षेत्रमा लिचर्ड (फोहोरको थुप्रोबाट निस्कने विषाक्त पानी) खुल्ला रुपमा वगीरहेको

र उक्त सोही स्थानको कोल्पु खोलामा मिसिने गरेको पाइयो ।

- काठमाडौं उपत्यकाभित्रको फोहोरमैला व्यवस्थापन गर्ने मुख्य जिम्मेवार निकाय काठमाडौ र ललितपुर महानगरपालिका र भक्तपुर नगरपालिका भएता पनि यी सरोकारवाला स्थानीय निकायहरूबिच फोहोर व्यवस्थापना गर्ने विषयमा समन्वयको अभाव रहेको पाइयो ।
- काठमाडौं महानगरपालिकाले निजी क्षेत्रको सहयोगमा उपत्यकाको फोहोरमैला व्यवस्थापन गर्ने, अनुगमन र निर्देशन दिने कार्य समेत गरेको भन्ने जानकारी पाइएता पनि स्थानीय सरकार र त्यससँग सम्बन्धित फोहोरमैला संकलन गर्ने संघ, संस्था र स्थानीय सरकारको बीचमा समन्वय अभाव रहेकोले फोहोरमैलाको समयमा घरघरबाट उठ्न नसकी घर, टोल र सडकमा थुप्रेर रहने हुनाले फोहारमैला व्यवस्थापन प्रभावकारी रुपमा हुन नसकेको पाइयो ।
- फोहोरलाई न्यूनीकरण गर्न कुहिने र नकुहिने फोहोरलाई स्रोतमै वर्गीकरण गरी बेग्लाबेग्लै गाडीमा संकलन गरी ल्याडफिल्ड साइटमा पुन प्रयोग नहुने फोहोरलाई मात्र विसर्जन गर्नुपर्नेमा स्रोतमा वर्गीकरण नगरी विर्सजन गर्ने गरेको पाइयो ।
- फोहोरमैला संकलनकर्ताहरूले सडक सफा गर्दा निकस्ने फोहोरका साथै अनाधिकृत रुपमा भित्ता र पोलमा टाँसिएको विज्ञापनहरू समेत संकलन गरी विसर्जन गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन ।
- अधिकांश फोहोरमैला संकलन कर्ताहरूले फोहोरमैलाहरू संकलन गर्न निश्चित समय तालिका बनाएको पाइएन जसका कारण सवारी साधनहरू र मानिसहरूको आवागमन सडकमा सुरु भएपछि जतातत‌ै धुलो उडाउँदै सडक सफा गरिरहेको पाईयो ।
- फोहोरमैलाहरू जथाभावी सडकमा थुपार्ने र यसरी थुप्रिएका फोहोरहरूलाई विसर्जन गर्ने क्रममा सर्व साधारणहरूबाट खुला स्थानमा आगो लगाउने कार्य भइरहेको पाइयो ।
- उद्योग कलकारखाना तथा स्वास्थ्य संस्थाबाट उत्सर्जन भएका फोहोरमैला संवेदनशील र सामान्य छुट्ट्याई सामान्य फोहोर मात्र नगरपालिकाको फोहोर व्यवस्थापन दायित्व भित्र पर्ने कानूनी प्राब्धान रहेको, वातावरण विभागले उद्योग कलकारखाना लगायत स्वास्थ्य संस्थाबाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनको नियमित रुपमा अनुगमन कार्य गरिरहेको भन्ने जानकारी पाइएपनि त्यस्ता फोहोरमैला सहि रुपमा विसर्जन भईरहेको छ कि छैन् ? सो को अनुगमनकर्ता सरोकारवाला निकायले प्रभावकारी रुपमा अनुगमन गरेको पाइएन ।
- काठमाडौं उपत्यकाभित्रको फोहोरमैला व्यवस्थापन गर्नको लागि तत्कालिन जनसंख्या तथा वातावरण मन्त्रालय अन्तर्गत फोहोरमैला व्यवस्थापन केन्द्र रहेको जसको कार्यालय ललितपुरको पुल्चोकमा रहेको पाईयो । यसको प्रमुख कार्य काठमाडौं उपत्यकाको फोहोर व्यवस्थापन गर्नु रहेको तर उपयुक्त बजेटको अभाव र सरोकारवाला निकायहरूसँग समन्वयको अभावका कारण प्रभावकारी कार्य गर्न नसकेको तथापि फोहोरमैला व्यवस्थापन केन्द्रले स्थानीय निकायलाई प्राविधिक सहयोग तथा तालिमको सहजीकरण गर्दै आएको जानकारी पाइयो ।
- प्लाष्टिकजन्य फोहोरबाट ब्ल्याक कार्बन वढी मात्रमा उत्सर्जन हुने हुँदा यसबाट क्यान्सरजन्य रोगहरूको दिर्घकालीन रुपमा महामारी फैलिने सम्भावना रहेको भन्ने विज्ञहरूबाट जानकारी प्राप्त

भएको ।

- काठमाडौं महानगरपालिकाले जनचेतनाका कार्यहरू गरिरहेको, युवा तथा विद्यार्थीहरू लगायतलाई फोहोरमैला व्यवस्थापनमा परिचालन गरीरहेको र धुलो नियन्त्रणको लागि ब्रुमर परिचालन गरिएको भन्ने जानकारी पाइएतापनि फोहोरमैला वैज्ञानिक रुपमा छुट्टा छुट्टै कसरी व्यवस्थित गर्नु पर्छ भन्ने जनमानसमा चेतनाको अभाव रहेको पाइयो ।
- काठमाडौं उपत्यकामा प्रदूषण बढ्नुमा आन्तरिक र बाह्य गरी दुइ समस्या रहेको, आन्तरिक समस्यामा सडक निर्माण, सडक विस्तार, ढल निर्माण तथा खानेपानी लगायतका संरचना निर्माण, सवारी साधनबाट निस्केको धुवाँ र बोटविरुवाको विनासबाट उत्पन्न समस्याहरू र बाह्य कारणहरूमा हावाको वहावको माध्यमबाट रातको समयमा धुवाँ धुलो लगायत ब्ल्याक कार्बन जमिनको सतहमा आएर बस्ने गरेको भन्ने जानकारी पाइयो ।
- काठमाडौं उपत्यकालाई स्वच्छ, सफा र हराभरा बनाउन रुख, बोटविरुवाहरू रोप्ने योजना बनाएको, Clean the city अभियान सञ्चालन गरिएको र प्रत्येक वार्डहरूमा सोको लागि बजेट पठाइएको भन्ने जानकारी काठमाडौं महानगरपालिकाबाट जानकारी पाइयो ।
- मृत जीवजन्तुहरूको व्यवस्थापनको लागि Clean Nepal अभियान अर्न्तगत फोन नं तथा मोवाइल नं समेत उपलब्ध गराई पर्चा पम्प्लेट टाँस गर्ने गरेको पाइयो ।
- फोहोरमैला ढुवानी गर्ने सवारी साधनहरूका कारण सडक छिटो छिटो भत्किने, भत्किएका सडकहरू समयमा मर्मत नहुने र  सवारी साधन गुडिदिंदा धेरै धुलो उड्ने गर्दा वालाजुदेखि ओखरपौवासम्मको सडक बाटो वरपर वसोवास गर्ने स्थानीय र यात्रुहरूलाई उक्त धुलो धुवाँको प्रत्यक्ष असर परेको पाइयो ।
- धुलो बढी उड्ने स्थानमा पानी हाल्ने काम भइरहेको, बाटो पिच गर्ने काम पनि द्रुत गतिमा भइरहेको र सडक विभाग र का.म.न.पा.को एउटा टोली सडकको धुलो उठाउन गाडी सहित परिचालन गरिएको भन्ने सरोकारवाला निकायबाट जानकारी पाइएता पनि नगरपालिकाका फोहोर उठाउने गाडीहरूले सडक तथा बाटोमा रहेका प्लास्टिक लगायतका फोहोरमैला मात्र उठाउने तर कुचिकारले सडकमा थुपारेको फोहोरमैला उठाएर नलग्दा धुलोको मात्रा वृद्धि भएको, उक्त सडकको धुलो कुन निकायले उठाउने भन्ने विषय अन्यौल रहेको पाईयो ।
- फोहोरमैला संकलन गर्ने संकलनकर्ताहरूले सडक सफा गर्दा निकस्ने फोहोरका साथै अनाधिकृत रुपमा भित्ता र पोलमा टाँसिएको विज्ञापनहरू समेत संकलन गरी विसर्जन गर्नुपर्नेमा सो अनुसार गरिएको पाइएन ।
- काठमाडौं उपत्यका लगायत अन्य ठूला सहरहरूमा प्लाष्टिकका झोला, वोतल लगायत विभिन्न प्लाष्टिक जन्य सामाग्री प्रयोग भईरहेको र अनियन्त्रित रुपमा जथाभावी फालिएको हुँदा यसलाई नियन्त्रण गर्न प्रभावकारी रुपमा सरकारले कार्यान्वयन गर्न नसकेको पाइयो ।

## ३.३. स्वास्थ्य

- काठमाडौं उपत्यकामा २०७२ को भूकम्प पश्चात भत्किएका भौतिक संरचनाहरूका कारण धुलोको मात्रा वढेको, उपत्यका भित्रिने सवारीसाधनहरूको चक्कामा धुलो टासिएर आएका कारण पनि काठमाडौ उपत्यका भित्र धुलो भित्रिने गरेको, काठमाडौंमा पानी परेपछि जमेको हिलो पानी र सुकेपछि वढी धुलो हुने गरेको पाइयो ।
- दिनको १२ वजे पश्चात चोभार, थानकोटबाट हावासँगै धुलो काठमाडौंमा प्रवेश गरेको कारण धुलो र धुवाँ नियन्त्रण एक चुनौति रहेको पाइयो ।
- काठमाडौं जिल्लामा ११ वटा सरकारी अस्पताल, ७५ वटा निजी अस्पतालहरू रहेको र सरकारी तथा निजी अस्पतालहरूले प्रत्येक महिना जिल्ला जनस्वास्थ्य कार्यालयमा मासिक प्रतिवेदन वुझाउनु पर्ने कानूनी व्यवस्था रहेको भन्ने जानकारी पाइयो ।
- जिल्ला जनस्वास्थ्य कार्यालयको आर्थिक वर्ष २०७१/७२ र २०७३/७४ को वार्षिक प्रतिवेदनमा निम्नानुसार तथ्यांक प्रकाशित गरेको पाईयो । प्रतिवेदनमा उल्लेखित तथ्यांकहरू मध्ये प्रदूषणसँग सम्बन्धित रोगहरूको मात्र तथ्यांक अनुगमन टोलीले तथ्यमा लिएको छ ।

  आर्थिक वर्ष २०७१/७२ को वार्षिक प्रतिवेदन अनुसार मुख्या रोगहरू तालिका नं. ४ मा उल्लेख गरिएको छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| Hypertension | Headach | Upper-respiratorytract infection | ARI/Lower respiratory | Lower-respiratory tract infection | Acute tonsillitis |

तालिका नं. ४

आर्थिक वर्ष २०७१/७२ को वार्षिक प्रतिवेदन अनुसार उपचार गर्न आएका रोगीहरूको संख्या तालिका नं. ५ मा उल्लेख गरिएको छ ।

| Heart | Kidney | Cancer | Alzheimer's Disease |
|---|---|---|---|
| 36.18% | 18.23% | 44.72% | 0.35% |

तालिका नं. ५

आर्थिक वर्ष २०७१/७२, २०७२/७३, २०७३/७४ मा अस्पतालको OPD मा उपचार गराउन आउनेको संख्या तालिका नं. ६ मा देखाइएको छ ।

| No. | OPD new visit | 2071/72 | 2072/73 | 2073/74 |
|---|---|---|---|---|
| 1 | Total visit | 54.11% | 40.86% | 62% |
| 2 | Female visit | 52.11% | 55.4852.1% | 52.1% |
| 3 | Communicable visit | 10.28 % | 9,16 % | 14.52% |
| 4 | Senior citizen visit | 5.55 % | 1.97 % | 6 % |

तालिका नं. ६

- काठमाडौं जिल्लामा जिल्ला जनस्वास्थ कार्यालयको आर्थिक वर्ष २०७१/७२ र

२०७३/७४ को वार्षिक प्रतिवेदनमा उल्लेखित तथ्यांङ्क अनुसार Hypertension/Headach, Diabeties/Upper-respiratorytract infection/AR-Lower respirator/Lower-respiratory tract infect/Acute tonsillitis लगायतका रोगहरू र Heart/Kidney/ Cancer/Alzheimer's Disease जस्ता गम्भीर प्रकृतिका रोगहरूको वृद्धि भएको भन्ने तथ्याङ्क प्रकाशित भएको पाइएको हुँदा यी रोगहरू वायु प्रदूषणका कारण उत्सर्जन हुन मद्धत पुगेको भन्ने जानकारी चिकित्सकबाट पाइयो ।

- नेपालमा १८ वर्षदेखि ६० वर्ष सम्मका ३७ प्रतिशत व्यक्तिहरू क्षयरोगबाट प्रभावित रहेको, क्षयरोगको उपचारको लागि वहिरंङ्ग सेवा मात्रै सञ्चालनमा रहेको तर अन्तरंग (आवासीय) अस्पताल नभएको तथा क्षयरोगको उपचार घरमा नै दवाई खुवाएर गर्नुपर्ने वाध्यता रहेको पाइयो ।
- कान्तिबाल अस्पतालका वरिष्ठ चिकित्सकका अनुसार काठमाण्डौं उपत्यकामा वृद्धि भएको ब्ल्याक कार्बन र धुलोको वायु प्रदूषणका कारण बालबालिकाहरूको अध्ययनमा आलस्य एवं शिक्षामा असर, शारीरिक विकासमा कमी, क्षमता विकासमा अवरोध, वौद्धिक विकासमा असर र छालाका रोगहरू लगायतका अन्य नकारात्मक असरहरू बालबालिकाहरूलाई पर्न गएको पाइयो ।
- Black Carbon Oxidation गाडीको धुवाँमा प्रचुर मात्रामा पाइने र यो मानव स्वास्थ्यका लागि गम्भीर घातक तत्वको रुपमा विश्वमा नै परिचित रहेकोले यसले मानिसलाई दिर्घकालीन रुपमा पुऱ्याउने नकारात्मक असरहरूमा खास गरी श्वास प्रश्वासमा अवरोध, रगतको प्रकृयामा विकृति, क्यान्सर, दम, कुपोषण लगायतका रोगहरूबाट मानव स्वास्थ्य र स्वच्छ वातावरणलाई प्रभावित वनाउन सक्ने हुन्छ भन्ने जानकारी स्वास्थ्य विज्ञहरूबाट पाइयो ।
- कान्तिबाल अस्पतालले मिति २०७३/९/१५ देखि २०७४/९/१५ सम्म वातावरण प्रदूषणका कारण प्रभावित बालबालिकाहरूको संख्या र रोगको सम्बन्धमा सर्भे गरिएको पाइयो र सो सर्भे प्रतिवेदन निम्नानुसार रहेको पाईयो ः

| क.सं. | रोगको नाम | जम्मा संख्या |
|---|---|---|
| 1 | Enteric Fever | 347 |
| 2 | Acute Gastroenteritis | 662 |
| 3 | Severe Acute Respiratory Infection. | 1273 |
| 4 | Asthma | 28 |
| 5 | Bronchiolitis | 267 |
| 6 | Pneumonia | 1068 |

तालिका नं. ७

- यसले स्वास्थ्यमा प्रतिकुल असर पार्ने, प्लाष्टिकजन्य फोहोरबाट Black Carbon वढी मात्रामा उत्सर्जन हुने, सवारी साधनबाट निस्कने धुवाँ, चिम्नी भट्टाबाट निस्कने धुवाँबाट मानव स्वास्थ्यमा गम्भीर प्रकृतिका क्यान्सरजन्य लगायतका रोगहरूको दिर्घकालिन रुपमा महामारी फैलिने सम्भावना रहन्छ भन्ने स्वास्थ्य विज्ञहरूबाट जानकारी पाइयो ।
- सडक निर्माण तथा सडक भत्काउने कार्यका कारण निस्कासित धुलो र अधिकांस गाडीहरूबाट

निस्कने कालो धुवाँका कारण सर्व साधारणलाई रुघा खोकी, छालाको एलर्जी, आखाँ चिलाउने र मानसिक रुपमा चिडचिडाहट जस्ता मनोवैज्ञानीक असर पर्न गएको भन्ने स्थानीय व्यक्तिहरूको भोगाई रहेको बुझियो ।

- काठमाडौं उपत्यकामा खटिएका अन्दाजी ३५५ जना जति ट्राफिक प्रहरी कर्मचारीहरूलाई वायु प्रदूषणको कारण स्वास्थ्य सम्वन्धि निम्न समस्या रहेको र दैनिक रुपमा हरेक इकाईहरूमा विरामी हुने कर्मचारीको संख्या बढ्दो रहेको भन्ने जानकारी पाइयो ।

| सि.नं. | समस्या | संक्रमित संख्या | संक्रमित प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| | हाडजोर्नी | ९७ | २७.३३ | |
| | नाक, कान, घाँटी | ७६ | २१.४० | |
| | फिजिसियन सेवा | ६० | १६.९० | |
| | छाती रोग | ५१ | १४.३७ | |
| | नशारोग | १५ | ४.२२ | |
| | महिला तथा प्रसुति | ३१ | ८.७४ | |
| | पेट तथा पित्त थैली | २५ | ७.०४ | |
| **जम्मा** | | **३५५** | **१००** | |

तालिका नं. ७

- काठमाडौं उपत्यकाको वायु प्रदूषण वृद्धि हुनुको मुख्य कारण सवारी साधनबाट निस्कने धुवाँ प्रमुख रहेका छ। काठमाडौं उपत्यकाको धूलो १०PM को छ। यसले स्वास्थ्यमा प्रतिकुल असर नपर्ने तर धुलो र सवारीबाट निस्कने धुवाँ मिसिएपछि क्यान्सर लगायतका अन्य घातक रोगहरूमा बृद्धि हुन जाने जानकारी स्वास्थ्यकर्मीबाट जानकारी पाइयो ।
- काठमाडौं उपत्यकाभित्रको धुलो धुवाँलाई लक्षित गरिएका मास्क वजारमा सरल र सुलभ रुपमा उपलब्ध भएको पाइएन ।
- सिभिल अस्पतालमा नै भर्ना भई उपचार गरिरहेका विरामीको संख्या (Date 2074/01/01 to 2074/09/30)

| Male | Female | Total |
|---|---|---|
| 343 | 421 | 764 |

तालिका नं. ८

- सिभिल अस्पतालमा ओपीडीमा उपचारार्थ आएका श्वास प्रश्वासका विरामीको संख्या (Date 2074/01/01 to 2074/09/30 )

| Male | Female | Total |
|---|---|---|
| 13 | 17 | 30 |

तालिका नं. ९

- कञ्चनपुर जिल्लाको महाकाली अञ्चल अस्पतालबाट निस्कने फोहर व्यवस्थापनका लागि इन्सेरेटरको अभाव रहेको, फोहर जलाउने तथा जमिनमुनी गाड्ने गरेको, सालनाल समेत ढ्वागंमा हाल्ने गर्दा अस्पतालको वातावरण दुर्गन्धित भएको पाइयो ।
- कैलाली जिल्लाको सेती अञ्चलमा अस्पतालबाट निस्कने फोहोर अस्पतालको परिसर भित्र खुला छरिएर फालिएको देखिएको हुँदा अस्पताल भित्र र अस्पताल बाहिर दुर्गन्ध फैलिएको पाइयो ।
- महिलाले महिनावारीमा प्रयोग गर्ने स्यानिटरी प्याडहरू फाल्ने छुट्टै ठाउँको व्यवस्थापन नहुँदा घरघर, कार्यालय, पसल, शैक्षिक संस्थाबाट निस्कासित फोहोरसँग स्यानिटरी प्याड मिसिन जाने हुदा त्यस्ता संक्रमित फोहोरका कारण वातावरण प्रदूसण हुने र मानव स्वास्थ्यको लागि हानिकारक हुने पाइयो ।
- कृषि तथा खाद्य सामाग्रीमा विषाक्त पदार्थ अत्यधिक मात्रामा रहने र यसको असर हावामा समेत रहने हुँदा यसले क्यान्सर लगायतका गम्भीर रोग मानव समुदायमा लाग्न मद्धत मिल्ने सम्भावना रहेको विज्ञहरूबाट जानकारी पाइयो ।
- सरकारी कार्यालय तथा निकायहरूमा कम्प्युटर, बत्ती लगायत विद्युतीय उपकरणहरू जति खेर पनि अनावश्यक समयमा सुचारु भईरहने हुँदा विद्युतीय नकारात्मक उर्जा पैदा भई मानव स्वास्थ्यमा र वातावरणमा असर परेको बुझियो ।
- सरकारी कार्यालय तथा निकायहरूमा कम्प्युटर, बत्ती लगायत विद्युतीय उपकरणहरू जति खेर पनि सुचारु भईरहने हुँदा विद्युतीय नकारात्मक उर्जा पैदा भई मानव स्वास्थ्यमा र वातावरणमा असर परेको ।

## ३.४. उद्योग

- बाँके जिल्ला नेपालगञ्ज शहरको मुटुमा मिति २०३० सालमा अन्दाजी २३३ रोपनीमा औद्योगिक क्षेत्र स्थापना भई ३५ भन्दा वढी उद्योग कलकारखानाहरू सञ्चालनमा रहेको भन्ने पाईयो । यस औद्योगिक क्षेत्रको मुख्य उत्पादनमा तामा पित्तल, काँस, आल्मुनियमका चक्का, पाता तथा भाँडावर्तनहरू, विद्युतका तार तथा सामान, प्लास्टिकका सामानहरू, धाराका सामानहरू, रगंरोगन, सावुन सरफ, खाद्य सामाग्री लगायतका उत्पादन हुने गरेको भन्ने जानकारी पाइयो । उक्त औद्योगिक क्षेत्र बाँके जिल्लाको नेपालगञ्ज उ.म.न.पा. शहरको मध्य भागमा रहेको र नजिकै अस्पताल समेत रहेको पाइयो ।
- कैलाली जिल्लामा उद्योग कलकारखाना दर्ता गर्दा वातावरण प्रभाव मुल्याङ्कन गर्ने कार्य गरिएता पनि उद्योग सञ्चालनमा आइसके पछि स्थलगत अनुगमन तथा मुल्याङ्कन कार्यमा सरोकारवाला निकायको उदासिनता रहेको पाइयो ।
- कैलाली जिल्लाको लम्कीचुहा नगरपालिका वडा नं. ६ लोहारपुर मा एउटा टायर पलेर टायरको तेल उत्पादन गर्ने उद्योग ४ वर्ष अघि सञ्चालनमा रहेको पाइयो । यस उद्योग नजिक जनहित वाल

प्रा.वि. विद्यालय र वरीपरि मानव वस्ती रहेको र उक्त टायर उद्योगका कारण स्थानीय जमिनबाट पानी निकाल्दा पानी कालो हुने, टायरको धुवाँ र गन्ध अत्यधिक भई श्वास फेर्न समेत कठिनाई भई वातावरण प्रदूषण भएकोले सो सम्बन्धमा सम्बन्धित निकायहरूमा निवेदन दिएको र उद्योगमा डेलिगेशन समेत गएका कारण हाल उक्त उद्योग करिव २ महिना देखि वन्द रहेको र उद्योगका कर्मचारीलाई समेत विदा दिइसकेको भन्ने बुझियो, अनुगमन टोलीले उक्त उद्योगको वरीपरि अनुगमन गर्दा उद्योग वन्द भएकोले वरपर कालो माटो र केही कालो दागहरू देखियो । जमिन मुनिको पानी पम्पबाट निकाल्दा समेत पानीमा केही कालो पदार्थ पाइयो ।

- बाँके जिल्लाको खजुरा गा.पा.मा सञ्चालित कर्णाली डिस्टिलरीबाट विभिन्न थरीका मदिरा उत्पादन गरिरहेको पाइयो । यस डिस्टिलरी वरीपरि मानव वस्ती रहेको, कारखानाबाट निस्कने पानी, दुर्गन्ध र ध्वनीबाट नजिकै रहेको वस्तीमा प्रभाव परिरहेको कारण वातावरण प्रदूषण हुन गएको भन्ने विषयमा अदालतमा उजुरी परी उद्योगका नाममा वातावरण स्वच्छ राख्ने कार्य गर्नु भन्ने आदेश गरिएको पाइयो ।
- कर्णाली डिस्टिलरीबाट निस्कासित पानी नजिकैको खोलामा मिसाउने गरेको पाइयो, अनुगमनका क्रममा डिस्टिलरीबाट धुलो, धुवाँ र गन्ध पूर्ण रुपमा बन्द भएको पाइएन ।
- बर्दिया जिल्लाको वाँसागढीमा रहेको वाइवाइ चाउचाउको उद्योग मिति २०७२ सालदेखि सञ्चालनमा रहेको, उक्त उद्योगबाट निस्कने धुवाँ व्यवस्थित गर्न व्याग फिल्टर जडान गरेको, चाउचाउ उद्योगबाट निस्कने पानीको किटाणु नास गरी नजिकैको ढलमा मिसाउने गरेको, फोहोरहरू गोदाममा जम्मा गरी कवाडीलाई दिने गरेको, उद्योगबाट निस्कने धुवाँले वायूमण्डललाई प्रभाव पार्ने तर जमिनमा असर नगर्ने साथै चाउचाउको गन्ध कम गर्ने, धुलोधुवामा कमी ल्याउने जस्ता कार्यहरूमा आगामी दिनहरूमा सुधार गर्दै जाने भन्ने जानकारी उद्योगका कार्यालय प्रमुखबाट जानकारी पाइयो ।
- मोरङ-सुनसरी उद्योग करिडोर मोरङ र सुनसरी जिल्लाको सिमानामा र विराटनगर-रंगेली उद्योग करिडोर मोरङ जिल्लामा रहेको पाइयो । मोरङ-सुनसरी उद्योग करिडोर भित्र करिव १९९ वटा उद्योग कलकारखाना रहेको उद्योग सँगठन मोरङबाट प्राप्त तथ्यांक पाइयो ।
- मोरङ-सुनसरी उद्योग करिडोरले वातावरणीय पक्ष सन्तुलन नगरेका कारण वातावरण प्रदूषण वढेको स्थानीय व्यक्तिको गुनासो रहेको पाइयो ।
- केही उद्योगहरूले उद्योगमा प्रयोग गरिएको पानी Treatment गरी पुनः गरेको र केही उद्योगहरूले प्रयोग गरेको पानी निकालेको उद्योग वाहिर निस्कासन गरेको पाइयो । उद्योग परिसर भित्र उद्योग सञ्चालन भएको समयमा ध्वनी निस्किएको पाइयो ।
- वातावरण सन्तुलन गर्न उद्योग परिसर भित्र विभिन्न प्रजातिका रुखहरू रोपिने भनिएता पनि सो अनूरुप यथेष्ठ संख्यामा रुखहरू रोपेको पाईएन ।
- कानूनी मापदण्ड वमोजिम उद्योग सञ्चालन गर्ने र नगर्ने उद्योगहरू विचमा कुनै पुरस्कार र दण्ड दिने कार्यक्रम सरकारले ल्याउन नसक्नु नै उद्योगबाट निष्कासित वातावरण प्रदूषण वृद्धिहुन सहयोग

पुर्याउने प्रमुख कारण रहेको भन्ने जानकारी उद्योगबाट पाइयो ।

- उद्योग खोल्ने वेलामा प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मुल्याङ्कन सहि छ कि छैन् हेर्ने अनुगमन प्रणाली फितलो रहेकोले स्थानीयवासी र उद्योग विच सदैव संघर्ष भईरहको पाइयो ।
- काठमाडौं उपत्यकामा करिब ३५० वटा ईट्टा उद्योगहरू रहेको र भक्तपुर जिल्लामा रहेका ईट्टा भट्टा उद्योगहरू को संख्या धेरै रहेको र हिउँद (पौष देखि वैशाख महिना) महिनामा मात्र उद्योग सञ्चालन हुने गरेको र ईट्टा भट्टा सञ्चालन हुँदा भट्टाको चिम्नीबाट धुवाँको मुस्लो निस्कने गरेको पाइयो ।
- अधिकांश जिल्लामा शहरको विचमा ईट्टाभट्टाहरू रहेको र ईट्टाभट्टाको चिम्नीबाट निस्किएको धुवाँको मुस्लोको कारण समग्र स्वच्छ वातावरणमा असर पुगेको पाइयो ।
- इट्टाभट्टा उद्योगहरूका महिला कामदारहरू आफ्ना बालबालिका सहित रहेका र केही महिला कामदारहरू ३ महिनाका सुत्केरी समेत रहेको पाइयो । सुत्केरी महिला कामदार र तिनका बालबालिकाहरू ईट्टाभट्टाको क्षेत्र भित्र नै वसोवास गर्ने हुदा तहाँ रहेको माटो, कोइला र भुसको धुलोको कारण निजहरूको स्वास्थ्यमा समेत प्रत्यक्ष असर पर्नसक्ने बुझियो ।

### ३.४.१. सिमेन्ट उद्योग

अध्ययन अनुगमन टोलीले वातावरण विज्ञ सहित ३ वटा सिमेन्ट उद्योग र वातावरणमा प्रभाव भन्ने विषयमा अध्ययन अनुगमन गरी प्राप्त भएको तथ्यहरू यसानुसार छ ।

- सगरमाथा सिमेन्ट उद्योग मानव वस्तीको विचमा रहेको, डाँडागाउँ गोग्ली उच्च मा.वी. रहेको र विद्यार्थीलाई समेत असर पुगेको भन्ने अभिभावकबाट बुझियो ।
- सगरमाथा सिमेन्ट नजिकै रहेको लक्ष्मीपुर स्वास्थ्य चौकीमा जसो रुघाखोकी, छालाका एलर्जी, श्वास प्रश्वास, ब्रोन क्राइटिस, कानका विरामी, झाडा पखाला जस्ता विरामीहरूको संख्या पहिलेको तुलनामा वढ्दै गएको भन्ने स्वास्थ्य चौकीबाट जानकारी पाइएको ।
- दाङ जिल्लाको बंगलाचुली गा.पा.मा चुनढुंगा खानी र चुनढुगां पेल्ने क्रसर उद्योग सञ्चालनमा आएपछि दैनिक चौविसै घण्टा करिव ५०० ठूला साना ट्रिपरले चुनढुंगा ओसार/पसार, ढुवानी गर्दा बाटोमा रहेका स्थानीय व्यक्तिका घर, विद्यालय, खेतीपाती धुलाम्मे हुने बुझियो । उक्त धुलो र धुवाँका कारण स्थानीय व्यक्तिहरूलाई निन्द्रा नलाग्ने, टाउको भारी हुने र टाउको दुख्ने, विद्यार्थीहरू विद्यालयजाँदा धुलाम्मे हुने, गाईवस्तुलाई खुवाउने पानी र घासमा धुलो बाक्लो भएर जम्ने लगायतका मानिसको स्वास्थ्य र खेती किसानी तथा पशुमा गम्भीर असर पारेको पाइयो ।
- सगरमाथा सिमेन्ट उद्योगका कारण वातावरणमा असर पुग्न गएको विषयमा स्थानीय व्यक्तिहरूले जिल्ला प्रशासन कार्यालयमा उजुर गरेपछि उक्त चुनढुंगा ओसार पसार गर्ने बाटोमा ट्यांकरद्वारा पानी हाल्ने सम्झौता भएपनि उक्त सम्झौता वमोजिम पानी नियमित रुपमा हाल्ने नगरेको भन्ने गुनासो पाइयो ।

- सिमेन्टका लागि आवश्यक कच्चा पदार्थ चुनढुंगा खानीबाट खनेर निकाल्दा प्राकृतिक रुपमा रहेका डाँडाहरूका साथै बनजंगल मासिने हुनाले नेपालकै प्राकृतिक वातावरणमा दिर्घकालिन असर पर्नसक्ने विज्ञहरूबाट बुझियो ।
- सम्बन्धित सरकारी निकायबाट नियमित अनुगमन नभएको पाइयो ।

३.४.१.१. **अर्घाखाँची सिमेन्ट प्रा.लि., रुपन्देही**

अर्घाखाँची सिमेन्टसँग सम्बन्धित वातावरणसँग सरोकार राख्ने विषयवस्तुहरूको अध्ययनको नतिजा र विश्लेषण यसानुसार छ ।

- अर्घाखाँची सिमेन्ट उद्योग वि. सं. २०६५ मा रुपन्देही जिल्लामा स्थापना गरी सञ्चालन गरिएको क्लिङ्करमा आधारित (http://www.acplnepal.com) उद्योग २७ डिग्री ३१ मिनेट ५८.३७ सेकेण्ड उत्तरी अक्षांश र ८३ डिग्री २४ मिनेट ३३.७८ सेकेण्ड पूर्वी देशान्तरमा प्रसिद्ध लुम्बिनी क्षेत्रको कोर एरियाबाट करिब १२.५ किलोमिटरको सिधा दुरीमा अवस्थित रहको पाइयो ।
- लुम्बिनी विकास कोषका अनुसार वि.सं. २०६४ देखि यता लुम्बिनी क्षेत्रबाट १५ किलोमिटर भन्दा नजिकको सिधा दुरीमा उद्योगधन्दा खोल्न नपाइने नीति लिइएता पनि उक्त नीति लागु भए पश्चात स्थापना भएको यस सिमेन्ट उद्योग लुम्बिनी क्षेत्रबाट करिब १२.५ किलोमिटरको दुरीमा रहेको छ भन्ने जानकारी प्राप्त भएको ।




चित्र नं. १

**अर्घाखाँची सिमेन्ट उद्योगको अवस्थिति र आसपासको क्षेत्रको गुगलअर्थ नक्सा चित्र नं. १ (Imagery Date: 4/17/2017)**

- सिमेन्ट उद्योगले क्लिङ्कर उत्पादनका लागि मुख्य कच्चा पदार्थको रुपमा प्रयोग गरिने चुनढुंगा अर्घाखाँची र पाल्पा जिल्ला बाट उत्खनन् गरी ल्याउने गरेको पाइयो । उद्योगका प्रवन्धकका अनुसार उद्योगको हालको उत्पादन क्षमता १३०० टन क्लिङ्कर प्रति दिन रहेको र थप २२०० टन प्रति दिन उत्पादन क्षमता वृद्धि गर्ने कार्य गरिरहेको । आर्थिक वर्ष २०७४/०७५ मा जेठ २१, २०७५ सम्म कूल क्लिङ्कर उत्पादन ३५७१०९ मेट्रिक टन रहेको र त्यस अनुरुप औषत दैनिक उत्पादन करिब ११०६ मेट्रिक टन रहेको । यस तथ्याङ्कका आधारमा उद्योगले अनुमति प्राप्त क्षमता भित्र नै रहि उत्पादन गरिरहेको पाइयो ।
- धूलोजन्य प्रदुषक नियन्त्रण गर्न यस सिमेन्ट उद्योगले क्लिङ्कर उत्पादन यूनिटमा इलेक्ट्रोस्ट्याटिक प्रेसिपिटेटर (ESP) र क्रसर लगाएतका स्थानहरूमा जम्मा २२ वटा व्याग हाउस प्रयोग गरिएको पाइयो । अवलोकन गरिएको समयको अवस्था अनुसार उद्योगले प्रयोग गरिरहेको प्रदूषण नियन्त्रणका प्रयासहरू सन्तोषजनक रहेको । तर केही स्थानहरूमा लिकेजका कारण धूलोको डिफ्यूसिभ इमिशन (Diffusive Emission) भएको पाइयो ।
- मिति २०६९ कार्तिक १३ को राजपत्रमा प्रकाशित खण्ड ६२ संख्या ३० को सूचना अनुसार, सिमेन्ट उद्योगले आफ्नो उद्योग परिसर भित्र धातुले बनेको सडक (Metallic Road) निर्माण गर्नु पर्ने, उद्योग क्षेत्रभित्र नियमित रुपमा सरसफाइ गर्नु पर्ने र सतह पखाल्नु पर्ने भनिएको छ तर यस अर्घाखाँची सिमेन्ट उद्योग परिसरमा प्राय कच्ची सडकहरू मात्र भएको, नियमित सरसफाइ नगरिएको र सतह नपखालिएको पाइयो ।
- उद्योगको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उद्योग परिसर भित्र विभिन्न प्रजातीका रुखहरू रोपिने भनिएता पनि सो अनूरुप यथेष्ठ संख्यामा रुखहरू रोपेको पाईएन ।
- उद्योग परिसर भित्र करिब ५१ मिनेट गरिएको वायुको गुणस्तर परिक्षण अनुसार पिएम २.५ र पिएम १० को औषत मात्रा क्रमशः ४४.९ माइक्रोग्राम प्रति क्यूविक मिटर र ६०.० माइक्रोग्राम प्रति क्यूविक मिटर पाईयो । नेपालमा औद्योगिक क्षेत्रभित्रको पिएम २.५ र पिएम १० को लागि हालसम्म कुनै मापदण्ड छैन तर वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड २०६९ (NAAQS) ले यी दुइ प्रदुषकहरूको २४ घण्टे औषत मापदण्ड क्रमशः ४० माइक्रोग्राम प्रति क्यूविक मिटर र १२० माइक्रोग्राम प्रति क्यूविक मिटर तोकेको छ । जस अनुरुप उद्योग परिसर भित्रको पिएम १० को मात्रा सन्तोषजनक पाइएता पनि पिएम २.५ को मात्रा ज्यादा रहेको पाइयो । उद्योग परिसरको पिएम २.५ को Instantaneous concentration चित्र २ मा देखाइएको छ ।




चित्र नं. २ः

**अर्घाखाँची सिमेन्ट उद्योग परिसरको पिएम २.५ को Instantaneous Concentration**

- उद्योगको कार्यालयमा सर्वसाधरणबाट गुनासाहरू लिन र गुनासो सम्बोधन गर्नका लागि कुनै विशेष संरचना नरहेको पाइयो । साथै उद्योगमा वातावरण सम्बन्धी विज्ञका लागि कुनै पद तथा यूनिट नरहेको पाइयो ।
- यस उद्योगको IEE प्रतिवेदनमा कामदारहरूलाई मास्क, पञ्जा, एप्रोन लगायत PPE (Personal Protective Equipment) उपलब्ध गराउने उल्लेख भएकोमा आयोगको अनुगमनको क्रममा कामदारहरूले PPE प्रयोग गरेको देखिएन ।

### ३.४.१.२. **सोनापुर मिनरल्स एण्ड आयल प्रा.लि., दाङ**

सोनापुर सिमेन्टसँग सम्बन्धित वातावरणसँग सरोकार राख्ने विषयवस्तुहरूको अध्ययनको नतिजा र विश्लेषण :

- सोनापुर सिमेन्ट उद्योग पश्चिम नेपालको दाङ जिल्लामा स्थापना गरी सञ्चालन गरिएको क्लिङ्करमा आधारित सिमेन्ट उद्योग रहेको पाइयो । यो २८ डिग्री ५ मिनेट २३.९७ सेकेण्ड उत्तरी अक्षांश र ८२ डिग्री २२ मिनेट ४३.१९ सेकेण्ड पूर्वी देशान्तरमा घोराहीबाट करिब १२ किलोमिटरको उत्तर पश्चिम दिशामा दुध्रास भन्ने स्थानमा करिव ७५ बिगा जमिनमा २०६७ साल देखि अवस्थित रहेको यस उद्योगको वरपर मानव बस्ती, कृषि जमिन तथा सामुदायिक वन रहेको पाइयो ।




चित्र नं. ३

**सोनापुर सिमेन्ट उद्योगको अवस्थिती र आसपास क्षेत्रको गुगलअर्थ नक्सा (Imagery Date: 12/13/2016)**

- उक्त सिमेन्ट उद्योगले क्लिङ्कर उत्पादनका लागि मुख्य कच्चा पदार्थको रुपमा प्रयोग गरिने चुनढुंगा रोल्पा जिल्लाबाट उत्खनन् गरी ल्याउने गरेको पाइयो ।
- उद्योगको हालको उत्पादन क्षमता १०५० टन क्लिङ्कर प्रति दिन रहेको । गत वर्ष कूल क्लिङ्कर उत्पादन २६४२२७ मेट्रिक टन रहेको र त्यस अनुरुप औषत दैनिक उत्पादन करिब ७२४ मेट्रिक टन रहेको पाइयो । यस तथ्याङ्कका आधारमा उद्योगले अनुमति प्राप्त क्षमता भित्र नै रही उत्पादन गरिरहेको पाइयो ।
- उद्योगले मुख्य इन्धनका रुपमा प्रति वर्ष करिब ६०,००० मेट्रिक टन कोइला प्रयोग गर्ने गरेको । साथै लोडसेडिङका समयमा जम्मा ६ मेगाबाट क्षमताका डिजेल जेनेरेटरहरू सञ्चालन गर्ने गरेको पाइयो ।
- धूलोजन्य प्रदुषक नियन्त्रण गर्न यस सिमेन्ट उद्योगले क्लिङ्कर उत्पादन यूनिटमा इलेक्ट्रोस्ट्याटिक प्रेसिपिटेटर (ESP) र क्रसर लगाएतका स्थानहरूमा व्याग हाउस प्रयोग गरिएको पाइयो । अवलोकन गरिएको समयको अवस्था अनुसार उद्योगले प्रयोग गरिरहेको प्रदूषण नियन्त्रणका प्रयासहरू सन्तोषजनक नै रहेको । तर केही स्थानहरूमा लिकेजका कारण धूलोको डिफ्यूसिभ इमिशन (Diffusive Emission) भएको पाइयो ।
- मिति २०६९ कार्तिक १३ को राजपत्रमा प्रकाशित खण्ड ६२ संख्या ३० को सूचना अनुसार, सिमेन्ट उद्योगले आफ्नो उद्योग परिसर भित्र धातुले बनेको सडक (Metallic Road) निर्माण

गर्नु पर्ने, उद्योग क्षेत्रभित्र नियमित रुपमा सरसफाइ गर्नु पर्ने र सतह पखाल्नु पर्ने व्यवस्था रहेता पनि यस सोनापुर सिमेन्ट उद्योग परिसरमा प्राय कच्ची सडकहरू मात्र भएको, नियमित सरसफाइ नगरिएको र सतह नपखालिएको पाइयो। सोहि सूचनामा उद्योग वरिपरि हरित पेटी (Green Belt) निर्माण गर्नु पर्ने भनिएकोमा उद्योगले यस्तो हरित पेटी निर्माण गरेको पाइयो। तर हरित पेटीमा पतझड प्रजातिका एकै जातका रुखहरू लगाइएकाले हिउँद मौसममा पात झरी हरित पेटीले प्रदूषण न्यूनीकरणमा यथेष्ट सघाउ नपुर्याउने भएकोले मिश्रित वृक्षारोपण गर्नु आवश्यक देखियो।

- उद्योग परिसर भित्र जम्मा ५६ मिनेट गरिएको वायुको गुणस्तर परिक्षण अनुसार पिएम २.५ र पिएम १० को औषत मात्रा क्रमशः ४९.२ माइक्रोग्राम प्रति घन मिटर र ६९.५ माइक्रोग्राम प्रति घनमिटर पाईयो। नेपालमा औद्योगिक क्षेत्रभित्रको पिएम २.५ र पिएम १० को लागि हालसम्म कुनै मापदण्ड छैन तर वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड २०६९ (NAAQS) ले यी दुइ प्रदुषकहरूको २४ घण्टे औषत मापदण्ड क्रमशः ४० माइक्रोग्राम प्रति घनमिटर र १२० माइक्रोग्राम प्रति घनमिटर तोकेको छ। जस अनुरुप उद्योग परिसर भित्रको पिएम १० को मात्रा सन्तोषजनक पाइएता पनि पिएम २.५ को मात्रा ज्यादा रहेको पाइयो। उद्योग परिसरमा विभिन्न स्थानमा गरिएको पिएम २.५ को औषत मात्रा चित्र नं. ४ मा देखाइएको छ।




चित्र नं. ४

**सोनापुर सिमेन्ट उद्योग परिसरमा पिएम २.५ को औषत मात्रा**

(प्रदूषण मापन भन्दा करिब १ घण्टा अगाडी वर्षा भएको)

- उद्योगको कार्यालयमा सर्वसाधरणबाट गुनासाहरू लिन र गुनासो सम्बोधन गर्नका लागि कुनै विशेष संरचना नरहेको पाइयो।

- उद्योगमा वातावरण सम्बन्धी विज्ञका लागि छुट्टै पद तथा यूनिट राखिएको पाइयो। साथै नियमित रुपमा उद्योगबाट पश्चिम तर्फको गाउँमा ३३३ मिटर र २१० मिटर को दुरीमा दुइवटा टोटल सस्पेण्डेड पार्टिकुलेट (TSP) स्याम्पलर राखी नियमित मापन गरी तथ्याङ्क राखिएको पाइयो। साप्ताहिक रुपमा उक्त मापनको नतिजा गाउँमा सार्वजनिक सूचना टाँस गरी जानकारी गराउने गरिएको पाइयो। उद्योगले उपलब्ध गराएको चैत्र २०७४ को TSP मापनको तथ्याङ्क चित्र ५ मा देखाइएको छ। सिमेन्ट उद्योगहरूबाट निस्कासन भई हावामा जाने धुलो सम्बन्धी मापदण्ड-२०६९ का अनुसार उद्योगबाट ३०० देखि ५०० मिटरको दुरीमा मापन गरिने TSP को मात्रा ५०० माइक्रोग्राम प्रति घनमिटर हुनुपर्ने र उद्योगले उपलब्ध गराएको तथ्याङ्क अनुसार सो मापदण्ड पुरा भएको देखिएता पनि सोहि दुरी भित्र मानव बस्ती रहेकाले वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड पनि सान्दर्भिक हुन आउँने हुँदा जस अनुरुप TSP को मात्रा २३० माइक्रोग्राम प्रति घनमिटर हुनुपर्नेमा सोको आधारमा मापन गरिएका केही दिनहरूमा वायु प्रदुषित रहेको र मानव स्वास्थ्यमा हानी पुर्याउन सक्ने पाइयो (चित्र नं. ५)।




चित्र ५ः

**सोनापुर सिमेन्ट उद्योगले उद्योग क्षेत्र नजिक मापन गरेको टोटल सस्पेण्डेड पार्टिकुलेट्सको मात्रा**

- स्थानीय बासिन्दाहरूसँगको छलफल अनुसार उद्योगले रातको समयमा बेला बखतमा निकै धेरै मात्रामा धूलो उत्सर्जन गर्ने गरेको र प्रदूषणका कारण आफूहरूले स्वास्थ्यगत समस्याहरू खेप्नु परेको, सागपात, फलफूल, घाँस तथा लुगा कपडामा उद्योगको धूलो टाँसिएर सास्ती झेल्नु परेको, प्रदूषण मापनको नतिजा टाँस गर्ने गरेता पनि सोको प्राविधिक अर्थ आफूहरूले नबुझेकाले यसरी तथ्याङ्क सार्वजनिक गर्नुको कुनै औचित्य नरहेको पाइयो।
- अध्ययनका क्रममा उद्योगबाट करिब ३३० मिटर पश्चिमको दुध्रास गाउँमा दिनमा र रातमा गरी जम्मा ६९ मिनेट पिएम २.५ तथा पिएम १० को मापन गरिएको थियो। जसअनुसार दिनमा पिएम २.५ र पिएम १० को औषत मात्रा क्रमशः ३१.८ र ३५.६ माइक्रोग्राम प्रति घनमिटर

पाइयो । त्यस्तै रातमा २.५ तथा पिएम १० को औषत मात्रा क्रमशः ४०.२ र ४४.० माइक्रोग्राम प्रति घनमिटर पाइयो । यस अनुरुप पिएम १० को औषत मात्राको करिब ९० प्रतिशत हिस्सा पिएम २.५ ले लिएको पाइनुले उक्त गाउँको हावामा सुक्ष्म कण (Fine Particulate) जो मानव स्वास्थ्यका हिसाबले ज्यादा हानिकारक हुन्छ, ज्यादा रहेको पाइयो । साथै पिएम २.५ को रातको औषत मात्रा वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्डले तोकेको २४ घण्टे औषत मात्रा भन्दा केही बढि रहेको पाइयो ।

- सोना उद्योगको लागि चाहिने चुनढुंगाको कच्चा पदार्थ रोल्पाको दुवीडाँडाबाट ढुवानी गर्ने गरेको, उद्योगबाट निस्कने धुलोधुवा लगायतका प्रदूषण कम गर्न प्रदूषण मापन यन्त्र र धुलो सोस्ने मेसिनहरू जडान गरेको, उद्योग परिसर भित्र रुख विरुवा लगाएको भन्ने जानकारी उद्योगका प्रशासनिक कर्मचारीबाट पाइएता पनि सिमेन्ट उद्योगबाट निस्कने धुलो र ध्वनीले वरपरको मानव बस्तीमा मानव स्वास्थ्यमा श्वास प्रश्वास, छालामा, लगायत मानव स्वास्थ्यमा समस्या पारेको, खेतीपातीमा उब्जनी कम हुने गरेको, उद्योग वरपरका क्षेत्रमा सागपात लगायतका कृषिजन्य खाद्यान्नवालीहरूमा सिमेन्टको धुलो टासीई सेताम्मे हुने गरेको, घरेलु पशु पंक्षीलाई खुवाउँने घासमा सिमेन्टको धुलो टाँसिएर खान खुवाउँन समस्या रहेको भन्ने पाइयो ।

३.४.१.३. **घोराही सिमेन्ट प्रा.लि., दाङ**

घोराही सिमेन्टसँग सम्बन्धित वातावरणसँग सरोकार राख्ने विषयवस्तुहरूको अध्ययनको नतिजा र विश्लेषण :

- घोराही सिमेन्ट उद्योग पश्चिम नेपालको दाङ जिल्लाको घोराही उ.म.न.पा.को लक्ष्मीपुरमा करिव १०० विघा जग्गामा मिति २०६५ सालमा दर्ता गरी सञ्चालन गरिएको क्लिङ्करमा आधारित सिमेन्ट उद्योग २७ डिग्री ५९ मिनेट ४६.६९ सेकेण्ड उत्तरी अक्षांश र ८२ डिग्री ३० मिनेट २७.०६ सेकेण्ड पूर्वी देशान्तरमा घोराही बजारबाट करिब ४ किलोमिटरको दक्षिण पूर्वि दिशामा गोगाली भन्ने स्थानमा अवस्थित यस उद्योगको वरपर मानव बस्ती, कृषि जमिन तथा वनक्षेत्र रहेको पाइयो ।



चित्र नं. ६

**घोराही सिमेन्ट उद्योगको अवस्थिती र आसपास क्षेत्रको गुगलअर्थ नक्सा (Imagery Date: 12/13/2016)**

- सिमेन्ट उद्योगले क्लिङ्कर उत्पादनका लागि मुख्य कच्चा पदार्थको रुपमा प्रयोग गरिने चुनढुंगा तप बंगालाचुली गाउँपालिका, दाङबाट उत्खनन् गरी ल्याउने गरेको पाइयो । उद्योगको हालको उत्पादन २००० टन क्लिङ्कर प्रति दिन रहेको पाइयो भने स्वीकृत उत्पादन क्षमता ३००० टन प्रति दिन रहेको जानकारी पाइयो ।
- उद्योगले मुख्य इन्धनका रुपमा प्रति वर्ष करिब ७३,००० मेट्रिक टन कोइला प्रयोग गर्ने गरेको पाइयो । साथै लोडसेडिङका समयमा २,००० केभिए क्षमताका ८ वटा डिजेल जेनेरेटरहरू सञ्चालन गर्ने गरेको पाइयो जसका लागि ४०,००० देखि ५०,००० लिटर डिजेल प्रति दिन खपत हुने गरेको जानकारी पाइयो ।
- धूलोजन्य प्रदुषक नियन्त्रण गर्न यस सिमेन्ट उद्योगले क्लिङ्कर उत्पादन यूनिटमा इलेक्ट्रोस्ट्याटिक प्रेसिपिटेटर (ESP) र क्रसर लगाएतका स्थानहरूमा व्याग हाउस प्रयोग गरिएको पाइयो । घोराई सिमेन्ट उद्योग को IEE प्रतिवेदन अनुसार धुलो निस्कासन हुन सक्ने स्थानहरूलाई छोप्ने भनी उल्लेख गरिएको तर ति स्थानहरूमा चुहावटका कारण धूलोको डिफ्यूसिभ इमिशन (Diffusive Emission) भएको पाइयो ।
- मिति २०६९ कार्तिक १३ को राजपत्रमा प्रकाशित खण्ड ६२ संख्या ३० को सूचना अनुसार, सिमेन्ट उद्योगले आफ्नो उद्योग परिसर भित्र धातुले बनेको सडक (Metallic Road) निर्माण गर्नु पर्ने, उद्योग क्षेत्रभित्र नियमित रुपमा सरसफाइ गर्नु पर्ने र सतह पखाल्नु पर्ने उल्लेख गरिएको तर यस घोराही सिमेन्ट उद्योग परिसरमा प्राय पक्की सडकहरू भएता पनि धातुले बनेको सडक (Metallic Road) भने पाइएन, यथेस्ट सरसफाइ नगरिएको र सतह नियमित रुपमा नपखालिएको पाइयो ।  सोहि सूचनामा उद्योग वरिपरि हरित पेटी (Green Belt) निर्माण गर्नु पर्ने भनिएकोमा उद्योगले खानी क्षेत्र तथा उद्योग परिसरमा केही वृक्षारोपण गरेको भएता पनि नियमानुसार निर्माण गरिनु पर्ने हावालाई विस्थापन गर्ने पर्खालहरू (Wind Breaking Walls) पूर्ण रुपमा निर्माण नगरेको पाइयो ।
- उद्योगको IEE प्रतिवेदनमा उल्लेख भए अनुसार उद्योगको कम्पाउण्ड वरपर १२ फिट अग्लो पर्खाल निर्माण गरिने भनिएतापनि उपरोक्त पर्खाल पूर्णरुपमा निर्माण नभएको पाइयो ।
- उद्योग परिसर भित्र जम्मा ४८ मिनेट गरिएको वायुको गुणस्तर परिक्षण अनुसार पिएम २.५ र पिएम १० को औषत मात्रा क्रमशः ६३.५ माइक्रोग्राम प्रति घन मिटर र ९२.६ माइक्रोग्राम प्रति घनमिटर पाईयो । नेपालमा औद्योगिक क्षेत्रभित्रको पिएम २.५ र पिएम १० को लागि हालसम्म कुनै मापदण्ड छैन तर वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड २०६९ (NAAQS) ले यी दुइ प्रदुषकहरूको २४ घण्टे औषत मापदण्ड क्रमशः ४० माइक्रोग्राम प्रति घनमिटर र १२० माइक्रोग्राम प्रति घनमिटर तोकेको छ । जस अनुरुप उद्योग परिसर भित्रको धूलोजन्य प्रदुषक विशेषतः पिएम २.५ को मात्रा ज्यादा रहेको पाइयो । उद्योग परिसरमा विभिन्न स्थानमा गरिएको पिएम २.५ को

औषत मात्रा चित्र नं. ७ मा देखाइएको छ।




चित्र नं. ७

**घोराही सिमेन्ट उद्योग परिसरमा पिएम २.५ को औषत मात्रा**

- उद्योगको कार्यालयमा सर्वसाधरणबाट गुनासोहरू लिन र गुनासो सम्बोधन गर्नका लागि कुनै विशेष संरचना नरहेको पाइयो।
- उद्योगमा वातावरण सम्बन्धी विज्ञका लागि छुट्टै पद तथा यूनिट राखिएको पाइएन। तर प्रदूषण मापन गर्नका लागि Stack Emission Sampler तथा केही Portable Analyzers उपलब्ध भएको जानकारी पाइयो। उद्योगले प्रत्येक महिना पशुपति कोलोनी र स्वर्गाद्वारी कोलोनी नजिक पिएम १० र पिएम २.५ मापन गरी रेकर्ड राख्ने गरेको पाइयो। आ.व. २०७४/०७५ को वैशाख महिना सम्मको उद्योगले उपलब्ध गराएको तथ्यांक अध्ययन गर्दा ति मापन गरिएका स्थानहरूमा वायुको गुणस्तर पिएम १० र पिएम २.५ का आधारमा सन्तोषजनक देखिन्छ।
- उद्योगले विभिन्न स्थानका चिम्नीहरूमा Opacity Meter राखी धुलो (TSP) मापन गर्ने गरेको पाइयो। अवलोकन गरेको समयमा Raw Mill / Preheater Bag House चिम्नीमा TSP को मात्रा १९,२०० माइक्रोग्राम प्रतिघनमिटर Coal Mill चिम्नीमा ३०० माइक्रोग्राम प्रतिघनमिटर तथा Cooler ESP चिम्नीमा १६,३०० माइक्रोग्राम प्रतिघनमिटर पाइयो। नेपालमा सिमेन्ट उद्योगहरूको Stack Emission मापदण्ड नभएकोले यी प्रदुषकहरूलाई नियमन गर्न सकिने अवस्था भने रहन्न।
- उद्योगबाट निस्कने धुलोधुँवा लगायतका प्रदूषण कम गर्न प्रदूषण मापन यन्त्र र धुलो सोस्ने मेसिनहरू जडान गरेको, उद्योग परिसर भित्र रुख विरुवा लगाएको, स्थानीय बाटोहरू निर्माण गरेको, गाउँमा पानीटंकी निर्माण गरेको, स्थानीय व्यक्तिलाई रोजगारी दिएको, चुनढुंगा ढुवानी हुने वस्तीहरूमा टयांकरद्वारा पानी छर्कने गरेको, विद्यालयलाई प्राविधिक सहयोग गरी गाउँको

विकासमा उद्योगले टेवा पुरयाएको भन्ने जानकारी उद्योगका कार्यालय प्रमुखबाट जानकारी पाइएता पनि उद्योगबाट निस्कने धुलो धुवाँ, ध्वनीका कारण स्थानीयवासीको मानसिक र शारिरिक अवस्थामा ठूलै नकारात्मक असर नजिकैको स्थानीय वासीहरूलाई पुगेको, जंगलका वोटविरुवा, घर करेसामा लगाएको सागसब्जीमा सिमेन्टको धुलो जमेर वस्ने गरेकाले पशु र कृषि जन्य सागपात, फलफूल, घाँसलगायत अन्नमा खाद्यान्नमा असर पुगेको, लुगा कपडामा उद्योगको धूलो टाँसिएर सास्ती भेल्नु परेको र उद्योगले रातको समयमा बेला बखतमा निकै धेरै मात्रामा धूलो उत्सर्जन गर्ने लगायतका समस्या स्थानीयवासीहरूले भेल्नु परेको पाइयो ।

- उद्योग नजिकैको लक्ष्मी चोक भनिने मानव बस्ती भएको स्थानमा जम्मा ८१ मिनेट पिएम २.५ तथा पिएम १० को मापन गरिएको थियो । जसअनुसार दिनमा पिएम २.५ र पिएम १० को औषत मात्रा क्रमशः २७.१ र ३०.३ माइक्रोग्राम प्रति घनमिटर पाइयो । यस अनुरुप पिएम १० को औषत मात्राको करिब ८९ प्रतिशत हिस्सा पिएम २.५ ले लिएको पाइनुले उक्त गाउँको हावामा सुक्ष्म कण (Fine Particulate),जो मानव स्वास्थ्यका हिसाबले ज्यादा हानिकारक रहेको पाइयो । तर मापन अवधिभरको पिएम २.५ को औषत मात्रा वायुको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्डले तोकेको २४ घण्टे औषत मात्रा कम नै रहेको पाइयो ।

### ३.४.२ लुम्बिनी क्षेत्रमा वायु प्रदूषणको प्रभाव

- रुपन्देही जिल्लामा मिति २०६५ सालमा स्थापना भएको अर्घाखाँची सिमेन्ट उद्योग २७ डिग्री ३१ मिनेट ५८.३७ सेकेण्ड उत्तरी अक्षांश र ८३ डिग्री २४ मिनेट ३३.७८ सेकेण्ड पूर्वी देशान्तरमा प्रसिद्ध लुम्बिनी क्षेत्रको कोर एरियाबाट करिब १२.५ किलोमिटरको सिधा दुरीमा अवस्थित रहेको पाइयो ।
- लुम्बिनी विकास कोषका अनुसार वि.सं. २०६४ देखि यता लुम्बिनी क्षेत्रबाट १५ किलोमिटर भन्दा नजिकको सिधा दुरीमा उद्योगधन्दा खोल्न नपाइने नीति लिइएको भन्ने जानकारी भएता पनि उक्त नीति लागु भए पश्चात स्थापना भएको यस सिमेन्ट उद्योग लुम्बिनी क्षेत्रबाट करिब १२.५ किलोमिटरको दुरीमा रहेको पाइयो ।
- सिमेन्ट उद्योगबाट निस्कासित धुलोधुँवाको Deposition बाट विश्व सम्पदा सूचिमा सूचिकृत लुम्बिनी क्षेत्रको पुरातात्विक सम्पदामा नकारात्मक असर पर्न सक्ने र लुम्बिनी क्षेत्रमा अवलोकन गर्न आउने पर्यटकहरूमा समेत प्रदूषण्को नकारात्मक प्रभाव पर्न सक्ने भन्ने लुम्बिनी क्षेत्र विकास कोषको पहलमा तयार पारिएका प्रतिवेदनहरूमा उल्लेख भएको पाइयो ।
- लुम्बिनी क्षेत्र वरपर स्थानीय व्यक्तिहरूले ठोस फोहोर (Biomas) जस्तै : प्लास्टिक वाल्ने गरेको भन्ने स्थानीय व्यक्तिहरूबाट बुझिएकोले उक्त प्लास्टिक वाल्दा निस्किएको धुवाँधुलो लगायतका प्रदूषणले पर्यावरण प्रदूषित भई मानव स्वास्थ्य समेतमा नकारात्मक असर पर्नसक्ने भन्ने WHO का प्रतिवेदनमा उल्लेख गरिएको पाइयो ।
- यस लुम्बिनी क्षेत्रको वायु विशेषत हिउँद याममा अत्यन्त प्रदुषित हुने गरेको तथ्य नेपाल सरकारको विगत केही वर्ष यताको नियमित अनुगमन र ICIMOD लगाएतका संघसंस्थाहरूको

अनुसन्धान तथा अन्य विभिन्न वैज्ञानिक खोज अनुसन्धानहरूको प्रतिवेदनमा उल्लेख रहेको पाइयो *(Rupakheti et al., 2016)* ।

- पर्यटकीय, धार्मिक तथा पुरातात्विक महत्व बोकेको यस लुम्बिनी क्षेत्रमा पर्यावरणीय संरक्षणलाई ध्यानमा राखि निर्धारण गरिएका उद्योगधन्दा सम्बन्धी उल्लेखित मापदण्डहरूको पालना नहुँदा उक्त क्षेत्रको वायु प्रदूषण बढ्न सक्ने, वायु प्रदूषणले स्थानीय वासिन्दा तथा पर्यटकहरूको श्वासप्रश्वास, छाला आदिको स्वास्थ्यमा नकारात्मक असर पर्न सक्ने (WHO, 2005), पुरातात्विक महत्वका भवन, मुर्ति तथा गुम्वाहरू खिइएर बिग्रन सक्ने तथा तुवाँलो बढ्न गइ Visibility मा ह्रास आइ उक्त क्षेत्रको पर्यटकिय महत्वमा ह्रास आउन सक्ने पाइयो ।
- लुम्बिनी क्षेत्र विकास कोषको परिसर भित्र विश्व वातावरण दिवसको उपलक्ष्यमा विभिन्न जातिका विरुवा विक्षारोपाण गरी वातावरण संरक्षण गर्ने प्रयास गरेको पाइयो ।

### ३.४.३ उद्योगमा श्रमिकको अवस्था

- अध्ययनका क्रममा सिमेन्ट लगायत कलकारखाना उद्योगहरूमा कामदारहरूको पेशागत स्वास्थ्य र सुरक्षाको अवस्था चिन्ताजनक पाइयो । अत्याधिक धुलो हुने स्थानहरू जस्तै कोइला मिल, सिमेन्ट मिल आदि जस्ता ठाउँहरूमा समेत कामदारहरूले कुनै Personal Protective Equipment (PPE) प्रयोग नगरी काम गरेको पाइयो ।
- उद्योगको IEE मा कामदारहरूलाई ध्वनी प्रदूषणबाट पर्ने असर कम गर्ने उद्येश्यले EAR Plug प्रयोग गर्न लगाउने भनिएकोमा अनुगमनका क्रममा सो अनुरुप गरिएको पाइएन ।
- अनुगमन गरिएका ३ वटै सिमेन्ट उद्योगहरूमा प्राविधिक पदमा रहेका कामदार नेपालमा उपलब्ध हुन नसकेका कारण भारतीय एवं विदेशी राख्नु पर्ने भन्ने जानकारी पाइएको, प्रशासनिक कर्मचारीहरू नेपाली भएकोले केही मात्रामा नेपाली नागरिक रहेको पाइयो ।

## ३.५ सवारी साधन

- काठमाण्डौं उपत्यकामा करिव ८ लाख ५० हजार मोटरसाइकल र २ लाख ५० हजार अन्य सवारी साधनहरू रहेको भन्ने सम्बन्धित कार्यलयले जानकारी दिएको हुँदा काठमाडौं उपत्यकामा अत्यधिक सवारी चाप हनुको साथै मापदण्ड विपरित सञ्चालनमा रहेको सवारी साधनबाट प्रदूषण वृद्धि हुने गरेको बुझिएको ।
- यातायात व्यवस्था विभागले काठमाडौं उपत्यकामा साँगुरो सडक र सवारी साधनहरूको चाप अधिक रहेको, पार्किङ्गस्थलहरू पर्याप्त नभएको, वायु प्रदूषण न्यूनीकरणको लागि ३ वटा स्थानमा सवारी यातायात धुवाँ प्रदूषण परिक्षण केन्द्र स्थापना गरेका गाडीहरूको प्रदूषण सिमा चेक जाँच गराउने स्थान ज्यादै साँगुरो र धुले बाटो रहेको कारण सेवाग्राही र सो कार्यमा खटिएका यातायातका कर्मचारीहरूलाई वातावरणीय दृष्टिकोणले उपयुक्त स्थान नभएको पाईयो ।
- सवारी प्रदूषण मापनको अनुगमन कुन निकायले गर्ने सो सम्बन्धमा कानूनी संयन्त्रको अभाव पाइयो । साथै प्रदूषण मापनमा असफल भएका सवारी साधनलाई कुन कानून वमोजिम के

कारबाही गर्ने भन्ने विषय मौन भएको हुँदा सवारी प्रदूषण मापनको अनुगमन वातावरण विभाग, ललितपुरबाट हुँदै आएको पाइयो ।

- वातावरण विभागले हालसम्म वायु प्रदूषण नियन्त्रक यन्त्र ठाउँ ठाउँमा जडान गरी अनलाईनमा सुचनाको अधिकार स्वरुप राखि कार्यान्वयन गरेतापनि सो को विश्लेषणात्मक प्रतिवेदन सार्वजनिक गर्ने गरेको पाइएन ।
- काठमाडौं उपत्यका र कपिलवस्तु जिल्लाको वायु प्रदूषणको अवस्था सम्बन्धमा वातावरण विभागबाट अनुसन्धान विज्ञ राखी अध्ययन भइरहेको भन्ने जानकारी पाइयो ।
- वातावरण विभागमा वातावरण अनुगमन गर्ने कर्मचारीहरू जम्मा १६ जना देश भरिका लागि रहेको हुँदा यो जनशक्ति अत्यन्तै न्युन रहेको पाइयो ।
- सार्वजनिक सवारी र निजी सवारी कुन जिल्लाको सडकको चाँपले कति धान्न सक्छ सो विश्लेषण गरी सवारी साधनको मापदण्ड नीति बनाउनु आवश्यक देखियो ।
- काठमाडौं उपत्यकामा सवारी साधनहरूबाट निस्कने Black Carbon प्रदूषणको मुख्य कारक रहेको । Black carbon को प्रदूषणले मानव स्वास्थ्यलाई वढी असर गर्ने जानकारी पाइयो ।

## ३.६ प्राकृतिक स्रोत

- कञ्चनपुर र कैलाली जिल्लाका सडकमा गिट्टी, बालुवा ढुवानी गर्दा त्रिपालले नछोपी गाडी चलाउँदा वातावरणमा असर र बाटो हिड्ने वटुवाहरू जोखिममा पर्ने सम्भावना रहेको पाइयो ।
- कञ्चनपुर जिल्लाको भिमदत्त नगरपालिका वडा नं.१३ मा महाकाली नदीबाट वालुवा गिट्टी दैनिक २५० ट्रिपर गाडीहरूमा ओसार ओसार पसार गर्दा त्यस क्षेत्रमा धुलो धुवाँ अत्यधिक उड्न गई स्थानीय वासिन्दालाई स्वच्छ वातावरणमा श्वास फेर्न समेत कठीन भएको पाइयो ।
- नेपालका करिव २१ वटा हिमतालहरू जोखिममा रहेको छन् । हिम नदी फुट्यो भने तल्लो तटिय भूभागमा वसोवास गर्ने मानिस र पशुपन्छीहरू जोखिममा पर्न सक्नेका साथै स्थानीय व्यक्तिहरू विस्थापित हुनजाने जानकारी पाइयो ।
- कैलाली जिल्लाका अधिकांश गाउँ गाउँमा प्रतिष्ठित व्यक्तिका घरमा शौचालय नभएको कारण मानव मलमुत्र घर वाहिर चौर खेतमा हुने हुनाले वातावरण दुषित हुन पुगेको पाइयो ।
- ईलाम जिल्ला चिया उत्पादन गर्ने उद्योगहरूको लागि चियापत्तीको वोट धेरै पहिले देखि नै प्रशस्त रुपमा लगाएको पाइयो । चिया पत्ती वढी उत्पादन गर्ने उद्येश्यले चिया बगानहरूमा अत्यधिक विशाक्त पदार्थ (Prestisize) प्रयोग भएका कारण इलाम जिल्लाको स्वच्छ वातावरण, अन्य कृषि उत्पादन, पशु आहार र जनस्वास्थ्यमा प्रत्यक्ष असर परेको भन्ने जानकारी पाइयो ।
- आगलागी, चरिचरण, आवासलाई सन्तुलन गर्न नसक्दा चुरे पहाडको विनास बढ्दो रहेकोले चुरेलाई मरुभूमि हुनबाट संरक्षण गरिनुपर्ने भन्ने वुद्धिजिवीबाट सुझाव प्राप्त भएको ।

## परिच्छेद-चार

# विश्लेषण तथा निश्कर्ष

आयोगको स्थलगत अध्ययन अनुगमनबाट वातावरण र विकासको अधिकार अर्न्तगत वायु प्रदूषण र मानव अधिकार सम्बन्धमा प्राप्त तथ्यहरूलाई विश्लेषण गर्दा वायु प्रदूषणका स्रोतहरू दुई प्रकारका रहेको देखिन्छ। जस्मा (क) वाह्य कारणः प्राकृतिक कारण (भुकम्प, वाढी, पहिरो, आगलागी लगायतका दैवी प्रकोप, अन्तरदेशिय प्रदुषित वायुको आवाजावत) र (ख) आन्तरिक कारणः (सवारी साधन, फोहोरमैला, विकास निर्माण, उद्योग कलकारखाना, जनघनत्व बृद्धि, अव्यवस्थित शहरीकरण, स्वास्थ्य संस्था) रहेका पाइन्छ। यी नै प्रदूषणको स्रोतहरूको अवस्था सम्बन्धमा चेकलिस्ट तयार गरी आवश्यकता अनुसार वातावरण तथा कानूनविद् समेत सम्मिलित गरी गरिएको अध्ययन अनुगमन प्रतिवेदनमा उल्लेखित तथ्यहरूलाई यस खण्डमा समावेश गरिएको छ।

यस अध्ययन अनुगमन प्रतिवेदनमा वातावरण र विकासको अधिकार अर्न्तगत वायु प्रदूषण र मानव अधिकारको अवस्था सम्बन्धमा वायु प्रदूषणका श्रोतहरू मध्ये आन्तरिक श्रोतलाई आधार मानी प्रश्नावली तयार गरी आयोगबाट आवश्यकता अनुसार वातावरण विज्ञ र वातावरण कानून विज्ञ सम्मिलित गरी काठमाडौं, नुवाकोट, ललितपुर र भक्तपुर, रुपन्देही, दाङ, प्यूठान, बाँके, वर्दिया, कैलाली, कञ्चनपुर, मोरङ, सुनसरी, इलाम, धनुषा लगायतका १५ जिल्लाहरूमा गरिएको अध्ययन अनुगमन प्रतिवेदनहरूबाट प्राप्त तथ्यहरूका आधारमा विश्लेषण गरिएको छ।

## ४.१. विकास निर्माण

वर्तमान समयमा आधारभूत विकास निर्माणका कार्यहरू सम्पन्न नगरी समृद्धि प्राप्त गर्न सकिदैन तर विकास निर्माणका कार्य कार्यान्वयन गर्दा स्वच्छ वातावरण र प्राणीलाई संरक्षण गर्दै विकासका कार्यहरू गर्नु आजको आवश्यकता रहेको छ। नेपालको संविधानको धारा ३० उपधारा (१) ले प्रत्येक व्यक्तिलाई स्वच्छ र स्वस्थ वातावरण बाँच्न पाउने, धारा ३० को उपधारा (२) ले वातावरण प्रदूषण वा ह्रासबाट हुने क्षतिवापत पिडितलाई प्रदूषकबाट कानून वमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ यसरी धारा ३० को उपधारा (३) ले विकास सम्बन्धी कार्य गर्दा वातावरण र विकास विचको समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन भन्ने व्यवस्था रहेकोले वातावरणको संरक्षण गर्दै मानव अधिकारमैत्री विकासको कार्यहरू गर्नुपर्ने हुन्छ ।

काठमाडौं उपत्यकामा भित्र भौतिक विकासका निर्माणाधिन रुपमा रहेको सडक विस्तार, सडक मर्मत तथा कालोपत्रे, विजुलीको पोल तथा टेलिफोनको तार, ढल, खानेपानी, काठमाडौं उपत्यकाका निर्माणाधिन मेलम्ची खानेपानी आयोजना निस्किएको धुलो, विकास निर्माण कार्यान्वयन आयोजनाका ठेकेदारहरूले समयमा काम नसकी लामो समय लगाई काम गर्नु र धुवाँ धुलोको व्यवस्थापन नगरी गरिएका कार्य मुख्य वायु प्रदूषणको मुख्य कारण पाइएको छ । यसले मानव स्वास्थ्यलाई गम्भीर असर गरिरहेको

भन्ने सम्बन्धित विज्ञहरूले औंल्याईरहेको अवस्था रहेको छ। वायु प्रदूषणलाई न्यूनीकरण गर्नको लागि काठमाडौं उपत्यकामा निर्माण कार्य र सो बाट हुने धुवाँ धूलोका कणलाई न्यूनीकरण तथा व्यवस्थापन गर्नको लागि सरोकारवाला निकायहरूले प्रभावकारी कार्य र नेपाल सरकारको विभिन्न आधारभुत विकास निर्माण कार्य सञ्चालन गर्ने सरोकारवाला निकाय तथा आयोजनाहरू विच समन्वय गरिरहेको पाइदैन। यी महत्वपूर्ण निर्माणाधिन निकाय तथा आयोजनाहरू बीच समन्वयमा नगरी कार्यान्वयन गर्दा अत्यधिक वातावरणीय क्षतिका कारण व्यक्तिको स्वच्छ वातावरणमा बाँच्न पाउने मानव अधिकार कुण्ठित हुन पुगेको पाइयो।

उपत्यका भित्र अव्यवस्थित सहरीकरण, फोहरमैला व्यवस्थापनमा समस्या, सवारी साधनबाट निस्किएको धुवाँ एवं विकास निर्माणका कार्यहरूमा सडक विस्तार तथा मेलम्ची खानेपानी र ढल निर्माणका कारण एकै समयमा उपत्यकाका विभिन्न ठाउँमा वार देखि पारसम्म सडक भत्काउने र समयमा सडक निर्माण कार्य सम्पन्न नगर्ने हुँदा वाटामा माटो थुप्रिने, खाल्डो पर्ने, धुँलो उड्ने भएकोले वायु प्रदूषणमा वृद्धि हुनुका साथै यातायातमा अवरुद्ध हुने, सर्वसाधारण व्यक्तिलाई आवागमनमा कठिनाई, निमार्णाधिन स्थलमा पानी छर्किने कार्य अति न्युन ठाउँमा मात्र हुने गरिएको अत्यधिक वायु प्रदूषण वृद्धि भई व्यक्तिको स्वास्थ्यमा गम्भीर असर पर्नुका साथै वातावरणमा समेत नकारात्मक प्रभाव परिरहेको पाइएको हुँदा नागरिकको नेपालको संविधान एवम् मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि महासन्धिद्वारा प्रदत्त अधिकार उल्लङ्घन भएको पाईन्छ।

सडक निर्माण तथा सडक भत्काउने कार्यका कारण निस्कासित धुलो र गाडीहरूबाट निस्कने कालो धुवाँका कारण सर्व साधारणलाई रुघा खोकी, छालाको एलर्जी, आखाँ चिलाउने र मानसिक रुपमा चिडचिडाहट जस्ता मनोवैज्ञानिक असर पर्न गएको भन्ने स्थानीय व्यक्तिहरूको भोगाई रहेको भन्ने बुझिएकाले वातावरण संक्षरण र नागरिकको स्वास्थ्यलाई ध्यानमा राखेर मात्र कुनै पनि विकास निमार्णको कार्य गर्नु पर्ने देखियो।

विकास निर्माणका कार्य अन्तरगत सडक निमार्णका कार्य गर्दा ठेकेदारहरूले समयमा कार्य सम्पन्न नगर्ने, आफुले लिएको ठेक्का प्रति हेलचेक्राई गर्ने प्रवृति रहेको, मेलम्ची खानेपानी आयोजनाको लागि अन्तर्राष्ट्रिय स्तरबाट ठेकेदार ल्याएको भएता पनि काम नेपाली कामदारहरूबाट नै हुने हुनाले ठेकेदार हरूले विविध कारणहरू जनाई समयमा काम सम्पन्न गर्न नसकेको साथै पुनः सोही कार्यको लागि अर्को ठेकेदारको प्रकृया सञ्चालन गर्न व्यवहारिक रुपमा कठिनाई भएको भन्ने बुझिएको हुँदा यस तर्फ ठेकेदार तथा सम्झौता गर्ने निकायहरूको अनुगमन गर्ने निकायले प्रभावकारी रुपमा अनुगमन गरी विकास निमार्णको काम गर्ने निकायहरूको बीचमा पूर्ण जवाफदेही प्रणालीको विकास गर्नुपर्ने आवश्यकता देखिएको।

विकास निर्माणका योजना कार्यान्वयन गर्दा एवं सडक तथा बाटो विस्तार निर्माणका कार्य गर्दा तहाँबाट निस्कने धुलो न्यूनीकरण गर्न निर्माणाधिन क्षेत्रमा चारैतिरबाट धुलो उड्न नपाउने गरी निर्माणाधिन स्थलहरू छोपेर कार्य गर्नु पर्नेमा सो गरेको देखिएन। कच्चीबाटो भएको गाउँहरूमा सवारी साधन गुडाउँदा वाक्लो

धुलो उडी वरपर समेत धुलाम्मे भई प्रत्यक्ष देख्न नसकिने पाइएकोले तहाँ वसोवास गर्ने स्थानीय व्यक्तिहरू खास गरी वृद्धा र वालवच्चाहरूलाई उक्त धुलोले शारीरिक र मानसिक रुपमा गम्भीर असर पुग्ने बुझियो।

शहर तथा ग्रामीण क्षेत्रम योजनावद्ध र व्यवस्थित रुपले सडक तथा ग्रामिण क्षेत्रको बाटो विस्तार गरिएको छैन भन्ने पाइएको हुँदा सडक तथा बाटो विस्तार गर्दा त्यसले वायु प्रदूषण र भौगोलिक अवस्थामा पार्नसक्ने नकारात्मक प्रभावलाई ध्यान दिएको देखिदैन। त्यसैगरी सडक भत्काउदा, निर्माण गर्दा र कच्चीबाटोमा गाडी कुदाउदा उत्पन्न हुने धुलोको कारण व्यापक रुपमा वायु प्रदूषण बृद्धि भइ मानव स्वास्थ्यमा गम्भीर असर पारिरहेको वुझिन आयो।

सार्वजनिक बाटोमा वालुवा, गिट्टी, फोहोर लगायत सामानहरू ढुवानी गर्दा छोपेर वातावरण र मानव स्वास्थ्यमा असर नगरी गर्नुपर्नेमा सो गरिएको देखिएन तसर्थ यस तर्फ सम्बन्धित निकायको प्रभावकारी अनुगमनको खाँचो देखियो। सार्वजनिक बाटोमा यत्रतत्र छाडिएको छाडा चौपायाको मलमुत्रका कारण शहर दुर्गन्धित भएको र यातायात अवागमनमा समेत कठिन भएको देखिएको हुँदा छाडा चौपायाको व्यवस्थापन गरिएको पाइएन।

महेन्द्रनगर, बाँके, कञ्चनपुर जिल्लाका नगरपालिका र उपमहानगरपालिका भित्र विकासका पुर्वाधार हरूमा अत्यावश्यक ढल निकासका भौतिक संरचना वनाएको नपाइएको हुदा शहरी विकासका पुर्वाधारका संरचनाहरूको निर्माणका कार्यहरू एकीकृत योजना वनाई कार्यन्वयन गरेको नदेखिदा सम्बन्धित निकायहरूबाट समन्वय गरी एकीकृत योजना वनाई विकास निर्माणका कार्य गर्नुपर्ने पाइयो। विकास निमार्णका कार्य कार्यान्वयन गर्दा वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकासहरूको खोजी गरी योजना वनाउने ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं वातावरणीय स्थलमा सडक विस्तार एवं भौतिक संरचना निमार्ण गर्दा प्राकृतिक वातावरण संरक्षण गरी गर्नु पर्ने देखियो।

पहाडी क्षेत्रमा निर्माणाधिन बाटोहरूमा गाडीहरू गुड्दा जोखिम रहेको र निर्माणाधिन सडकहरूमा ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री बाटो हुन नसक्दा आवतजावतको स्वतन्त्रता कष्ठकर र राजमार्गमा उपचार (ट्रमा सेन्टर) गर्ने स्वास्थ्य संस्था नभएकोले समयमा उपचार हुन नसकी अधिकांश व्यक्तिहरूको मृत्यु हुनगई व्यक्तिको जीवनको अधिकार संरक्षण हुन सकेन।

ग्रामीण भेगका पहाडहरूमा सडक विस्तारका नाममा पुर्वाधारको योजना नवानाई सम्बन्धित विषयको विज्ञ विना अव्यवस्थित रुपमा बाटो खन्दा वाढी पहिरो लगायत वातावरणीय क्षति, आदिवासी जनजातिको थाकथलो, परम्परागत पेशा, धर्म संस्कृतिको लोप र खेतीयोग्य जमिन नास हुन गई बनजंगल अतिक्रमण गरेर अव्यवस्थित बसोबासका बढ्दो रहेका कारणले वन विनास र जथाभावी खुल्ला रुपमा हुने गरेका मानव मलमुत्रका कारण स्वच्छ वातावरणमा असर पुगेको पाइयो।

सडक निर्माण तथा सडक भत्काउने कार्यका कारण निस्कासित धुलो र गाडीहरूबाट निस्कने कालो धुवाँका कारण सर्व साधारणलाई रुघा खोकी, छालाको एलर्जी, आखाँ चिलाउने र मानसिक रुपमा चिडचिडाहट जस्ता मनोवैज्ञानिक असर पर्न गएको भन्ने स्थानीय व्यक्तिहरूको भोगाई रहेको पाइयो। निर्माणजन्य परियोजनाहरूमा वातावरण संरक्षणको पक्षलाई प्रर्याप्त ध्यान दिइएको पाइएन साथै नियमन

तथा अनुगाम गर्ने निकायको प्रभावकारी कार्य नभएको पाइयो ।

## ४.२. उद्योग कलकारखाना

अनुगमन टोलीले स्थलगत अनुगमन गरिएका दाङ, वर्दिया, बाँके, कञ्चनपुर, रुपन्देही, भक्तपुर, मोरङ, सुनसरी र इलाम जिल्लाका सिमेन्ट उद्योग, क्रसर उद्योग, चाउचाउ उद्योग, टायर उद्योग, ईट्टा उद्योग, चिया उद्योग, स्टिल उद्योग, सावुन उद्योग लगायतका उद्योगहरूबाट निस्कने धुलो, धुवाँ, ध्वनी, पानी, गन्धले स्वच्छ वातावरणलाई पारेको नकारात्मक प्रभाव र वायु प्रदूषणबाट मानव अधिकार संरक्षण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनहरूको कार्यान्वयन विषयमा प्रश्नोत्तर (चेकलिस्ट) तयार गरी सोहीका आधारमा स्थलगत अध्ययन अनुगमन गरिएको थियो ।

उद्योग खोल्ने वेलामा प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मुल्याङ्कन सहि छ कि छैन् हेर्ने अनुगमन प्रणाली फितलो रहेकोले स्थानीयवासी र उद्योग विच सदैव संघर्ष भईरहने पाइएको हुँदा सरकारका नियम कानूनहरू प्रभावकारी रुपमा कार्यान्वयन गरी दण्ड र सजायको व्यवस्था गर्नुपर्ने देखियो ।

उद्योगहरूले प्रयोग गरेका रासायनिक प्रदूषणयुक्त पानी सिधै नदिनालामा हाल्ने गरेको पाइएकोले त्यसबाट कृषि क्षेत्र, प्राणी र वनस्पतीमा ठूलो क्षति पुग्ने देखिन्छ । विकासको एउटा रुप मानवीय आवश्यकता परिपूर्ति गर्ने र राज्यको आयस्रोत पनि रहेको हुँदा वातावरण र मानव स्वास्थ्यमा असर नपार्ने वैकल्पिक विधिहरू अपनाई उक्त कलकारखाना उद्योगहरूबाट निस्किएको पानी निर्मलीकरण गरी नदी तथा नालामा मिसाउनु आवश्यक देखिएको छ ।

अनुगमन गरिएका सवै जिल्लाहरूमा ईट्टा भट्टा उद्योगहरू वस्तीहरूको विचमा छरिएर रहेको पाइएकोले यस्ता ईट्टा उद्योगहरूले के कस्तो मानव स्वास्थ्यमा असर पारेको छ सो को विज्ञहरूद्वारा अध्ययन गर्नुपर्ने र ईट्टा भट्टा उद्योगहरू सञ्चालन गर्न एउटा क्षेत्र तोकी सोही क्षेत्रमा धुलो धुवाँ रहित वैज्ञानिक उपाय प्रयोग गरेर मात्र सञ्चालन गर्नुपर्ने देखियो ।

बाँके जिल्लामा रहेको मदिरा उत्पादन गर्ने कर्णाली डिस्टिलरीको हकमा अदालतमा मुद्दा परि अदालतले धुलो, धुवाँ, गन्ध र ध्वनी न्यूनीकरण गर्ने उपाय अपनाउनु भनि कर्णाली डिस्टिलरीको नाममा आदेश दिएको भन्ने बुझिएता पनि अदालतको आदेश कार्यान्वयन गर्ने क्रममा रहेको भन्ने कर्णाली डिस्टिलरीबाट जानकारी पाइएको हुँदा उक्त कर्णाली डिस्टिलरीले अदालतको आदेश अनुसार कार्य गरे नगरेको सम्बन्धमा सम्बन्धित निकायले प्रभावकारी अनुगमन गर्नुपर्ने देखियो । साथै उद्योग कलकारखानाले स्वच्छ वातावरण कायम राख्न अपनाउनु पर्ने प्रकृया तथा सम्मानित अदालतका आदेशहरूको कार्यान्वयन भएको छ छैन सो को सरोकारवाला निकायले प्रभावकारी रुपमा अनुगमन गर्नुपर्ने देखियो ।

दाङ जिल्लामा रहेका सिमेन्ट उद्योगहरूबाट निस्किएको धुलो, धुवाँ, र ध्वनी प्रदूषणले स्थानीय स्तरमा कृषि वाली, खाद्यान्न, स्वास्थ्य र पशुपन्छीहरूमा असर पुगेको पाइयो । साथै ति उद्योगहरूमा चाहिने कच्चा पदार्थ चुनढुंगा उद्योग नजिकैको पहाडहरूबाट उत्खनन् र ढुवानी गर्दा गाउँ र प्राकृतिक रुपमा रहेका डाँडाहरूका साथै बनजंगलको प्राकृतिक स्वरुप विग्रन जाने र वातावरण प्रदूषण हुनगई गाउँवासीको

मानसिक र शारीरिक स्वास्थ्यमा समेत गम्भीर असर पुग्न गएको भन्ने स्थानीयवासीहरूबाट बुझिएको हुँदा उद्योगहरूबाट स्थानीयवासी र स्थानीय वातावरणलाई पारेको वातावरणीय प्रभावको सम्बन्धमा विज्ञहरूद्वारा प्रभावकारी अध्ययन अनुगमन गरी वातावरण संरक्षण गरी प्रत्येक व्यक्तिको स्वच्छ वातावरणको हक सुनिश्चित गराउनुपर्ने देखियो ।

सिमेन्ट उद्योगको लागि चुनढुंगा खानी र चुनढुगां पेल्ने क्रसर उद्योग सञ्चालन र सामान ढुवानी गर्दा बाटोमा रहेका स्थानीय व्यक्तिका घर, विद्यालय, खेतीपाती धुलाम्मे हुने बुझियो, उक्त धुलो र धुवाँका कारण स्थानीय व्यक्तिहरूलाई निन्द्रा नलाग्ने, टाउको भारी हुने र टाउको दुख्ने, विद्यार्थीहरू विद्यालयजाँदा धुलाम्वे हुने, गाईवस्तुलाई खुवाउने पानी र घासमा धुलो वाक्लो भएर जम्ने लगायतका मानिसको स्वास्थ्य र खेती किसानी तथा पशुमा गम्भीर असर पारेको भन्ने स्थानीय व्यक्तिबाट वुझिन आएकोले यस तर्फ तत्काल मानवीय स्वास्थ्यलाई केन्द्र विन्दुमा राखि आवश्यक पहल गर्नुपर्ने देखियो ।

बाँके जिल्लामा मिति २०३० सालमा उद्योग क्षेत्र स्थापना गरी विविध उद्योगहरू सञ्चालनमा रहेको र त्यस औद्योगिक क्षेत्र वरपर उक्त समयमा मानव वस्ती नभएको र वर्तमान समयमा मानव वस्ती वढ्दै गई नेपालगंज शहरको मुटुमा औद्योगिक क्षेत्र हुन पुगेको भन्ने जानकारी पाइएको हुँदा यसरी शहरको मुटुमा औद्योगिक क्षेत्र सञ्चालनमा रहेकोले यसबाट मानव र वातावरण लगायत सम्पूर्ण प्राणीलाई के कति असर पुग्न जान्छ सो को अनुसन्धान गरी स्वच्छ वातावरणको हक र वातावरणमैत्री विकासको हक सुनिश्चित गर्नु आवश्यक रहेको देखियो । यसर्थ यस औद्योगिक क्षेत्र भित्र पुराना उद्योगहरू के कति छन् ? ती उद्योगहरूले वातावरण प्रदूषण र मानव स्वास्थ्यमा के कति असर पारेको छ ? उक्त उद्योगहरू के कुन अन्य स्थानमा स्थानान्तरण गर्न उपयुक्त हुन्छ ? सञ्चालित उद्योग क्षेत्रको कति दुरी पर मानव बस्ती वसाल्न उपयुक्त हुन्छ ? सो को विस्तृत अध्ययन अनुसन्धान गरी कार्यान्वयन गर्नुपर्ने देखियो । नयाँ उद्योगहरू सञ्चालन गर्दा वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ अनूरुप कानून वमोजिमको मापदण्ड वनाई सञ्चालन गर्ने र सञ्चालनमा आएका उद्योगहरूको प्रभावकारी अनुगमन गर्नु आवश्यक देखियो ।

अध्ययन अनुगमनका गरिएका तीन वटा सिमेन्ट उद्योगहरूले नेपाल सरकारले निर्धारण गरेको सिमेन्ट उद्योगहरूबाट निस्कासन भई हावामा जाने धुलो सम्बन्धी मापदण्ड-२०६९ सँग सम्बन्धित धुलो न्यूनीकरणका उपायहरू जस्तै उद्योग परिसर भित्र धातुले बनेको सडक (Metallic Road) निर्माण गर्नु पर्ने, उद्योग क्षेत्रभित्र नियमित रुपमा सरसफाइ गर्नु पर्ने र सतह पखाल्नु पर्ने आदि जस्ता व्यवस्थाहरू अनुसरण नगरेको हुँदा कानूनहरूको कार्यान्वयन पूर्ण रुपमा पालना गरेको देखिएन ।

दाङ जिल्लाको सोनापुर सिमेन्ट उद्योग नजिकको बस्तीमा अध्ययनका क्रममा गरिएको मापनका आधारमा रातको पिएम २.५ को मात्रा र उद्योग आफैले मापन गरेको TSP को मात्रा Ambient Air का लागि नेपाल सरकारले तोकेको मापदण्ड भन्दा बढी भएको पाइयो । दाङ जिल्लाको घोराही सिमेन्ट उद्योग नजिकको बस्तीमा अध्ययनका क्रममा गरिएको मापनका आधारमा पिएम २.५ को मात्रा Ambient Air का लागि नेपाल सरकारले तोकेको मापदण्डका आधारमा अनुगमन तथा अनुसन्धानको

३ दिनको अवधिभरमा सन्तोषजनक नै पाइयो भने दाङ जिल्लाका अनुगमन गरिएका सगरमाथा र घोराही सिमेन्ट उद्योग वरपरका बासिन्दाहरू बिच उद्योग सञ्चालनद्वारा उत्सर्जन भएको प्रदूषण सम्बन्धमा चर्को विरोध रहेकोले स्थानीय प्रभावित व्यक्तिहरूको स्वास्थ्यको अधिकार, शैक्षिक अधिकार, खाद्य अधिकार, रोजगारीको अधिकार लगायत समग्र मानव अधिकारमा असर पुग्न गएका पाइएको हुँदा सिमेन्ट उद्योगहरूले उद्योग विभागबाट स्वीकृत लिंदा वातावरण मन्त्रालयले मिति २०६९/।/१६ मा राजपत्रमा प्रकाशित गरेको धुलोको मापदण्ड (Tottal suspended Particulater (TSP) Matter less then 500) को पालना गर्ने, वातावरण मन्त्रालयद्वारा प्रकाशित मापदण्ड पालना गर्ने, Dust collector जडान गर्ने, Raw Material Storage Section, Coal Crushing लगायत Clinker Stroage मा Shed निर्माण हुनुपर्ने, Boundary वरिपरि पर्याप्त बृक्षारोपण गर्ने, धुलो नियन्त्रण गर्न हावा चुहावट हुने ठाउँमा रोक्ने, कच्ची सडकमा पानी ट्यांकरबाट धुलो नियन्त्रणको लागि पानी छर्ने, Wing Breaking निर्माण गर्ने, सिमेन्ट उद्योग सञ्चालन गर्दा नेपाल सरकारले तोकेको मापदण्डको दायराभित्र रही उद्योग सञ्चालन गर्नुपर्ने भन्ने उल्लेखित मुख्य मुख्य Mitigation Measures हरूको प्रभावकारी रुपमा पालना भएको पाइएन ।

## ४.३. उद्योग र लुम्बिनी क्षेत्रको वातावरण

विश्व सम्पदाको क्षेत्रभित्र समावेस भएको पर्यटकीय, धार्मिक तथा पुरातात्विक महत्व रहेको लुम्बिनी क्षेत्रमा उद्योगधन्दा कार्यसञ्चालन सम्बन्धी उल्लेखित कानूनी मापदण्डहरूको पालना नहुँदा उक्त क्षेत्रको वायु प्रदूषण बढ्न सक्ने, वायु प्रदूषणले स्थानीय वासिन्दा तथा पर्यटकहरूको श्वासप्रश्वास, छाला आदिको स्वास्थ्यमा नकारात्मक असर पर्न सक्ने (WHO, 2005), पुरातात्विक महत्वका भवन, मुर्ति तथा गुम्वाहरू खिइएर बिग्रन सक्ने तथा तुवाँलो बढ्न गइ Visibility मा ह्रास आइ उक्त क्षेत्रको पर्यावरण र पर्यटकिय महत्वमा ह्रास आउन सक्ने भन्ने बुझियो ।

सिमेन्ट उद्योग एवं ठोस फोहोर (Biomas) लगायतबाट निस्कासित धुलोधुँवाको Deposition बाट विश्व सम्पदा सूचिमा सूचिकृत लुम्बिनी क्षेत्रको पुरातात्विक सम्पदामा नकारात्मक असर पर्न सक्ने र लुम्बिनी क्षेत्रमा अवलोकन गर्न आउने पर्यटकहरूमा समेत प्रदूषणको नकारात्मक प्रभाव पर्न सक्ने भन्ने पाइयो ।

लुम्बिनी विकास कोषका अनुसार वि.सं. २०६४ देखि यता लुम्बिनी क्षेत्रबाट १५ किलोमिटर भन्दा नजिकको सिधा दुरीमा उद्योगधन्दा खोल्न नपाइने नीति लिइएको भन्ने जानकारी भएता पनि उक्त नीति लागु भए पश्चात स्थापना भएको अर्घाखाँची सिमेन्ट उद्योग लुम्बिनी क्षेत्रबाट करिब १२.५ किलोमिटरको दुरीमा रहेको पाइयो । अनुगमन गरिएका ३ वटा उद्योगहरूका कामदारहरूको Occupational Safety and Health (OSH) को अवस्था नाजुक देखियो ।

लुम्बिनी क्षेत्रमा नयाँ तथा पुराना उद्योगजन्य संरचना निमार्णका लागि सामाजिक वातावरणीय मुल्याङ्कन (SEA) गर्न अत्यन्तै जरुरी देखिया । यसका लागि वातावरण मन्त्रालय र वातावरण विभागको प्रभावकारी भूमिका आवश्यक देखियो ।

## ४.४. सवारी साधन प्रदूषण

काठमाण्डौं उपत्यकामा करिव ८ लाख ५० हजार मोटरसाइकल र २ लाख ५० हजार अन्य सवारी साधनहरू रहेको भन्ने सम्बन्धित कार्यालयले जानकारी दिएको हुँदा काठमाडौं उपत्यकामा अत्यधिक सवारी चाप हनुको साथै मापदण्ड विपरित सचालनमा रहेको सवारी साधनबाट करिब ३१ प्रतिशत प्रदूषण रहेको विज्ञहरूबाट जानकारी पाईएको छ। वातावरण संरक्षण ऐन, २०५३ को दफा ७ प्रदूषणको रोकथाम गर्ने र सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा २ (ज्ञ) मा प्रदूषणको परिभाषा गर्दै सवारीबाट निस्कने ध्वनी तथा धुवाँको प्रदूषण सम्झनु पर्छ भन्ने स्पष्ट उल्लेख भएको छ। यसरी सवारी साधनहरूबाट हुने अनियन्त्रित प्रदूषणलाई न्यूनीकरण गर्न कानूनी व्यवस्था र सरकारले मापदण्ड समेत बनाई लागु भएको भएता पनि सवारी साधनको प्रदूषण कमी नभई बढ्दै गएको पाइन्छ। यसरी सवारी साधन, उद्योग र अन्य कारणबाट हुने वायु प्रदूषणलाई कम गर्नको लागि भएको मापदण्डको पालना र कानूनको पूर्ण कार्यान्वयन समेत फलदायी हुर्न सक्नेतर्फ अध्ययन गर्दा, वायु गुणस्तर सम्बन्धी मापदण्ड २०६९ मा TSP २३०, $PM_{10}$ १२०, $PM_{2.5}$, ४० भन्दा माथि हुनु हुँदैन भनि तोकिएकोले उक्त मापदण्ड र नेपाल सवारी प्रदूषण मापदण्ड २०६९ ले तोकेको मापदण्डको उल्लङ्घन भएको पाइन्छ। वायु प्रदूषण न्यूनीकरण गर्न काठमाडौं उपत्यकामा प्रवेश गर्ने चारवटै नाकाबाट बढी प्रदुषित धुवाँ फाल्ने सवारीहरूलाई प्रवेश गर्न रोक लगाएको खण्डमा वायु प्रदूषणमा सुधार हुने सम्भावना हुन्छ भन्ने सरोकारवाला निकायबाट सुझाव प्राप्त भएको। सार्वजनिक, निजी र सरकारी साना ठूला सवारी साधनको जाँच नियमित र काठमाण्डौ भित्र प्रवेश गर्ने चेक पोष्टहरूमा मापदण्ड जाँचको व्यवस्था तत्कालै लागु गर्ने र हरियो स्टीकर टाँस्ने व्यवस्थालाई कडाइको साथ लागु गर्नुका साथै सवै स्थानमा चेक जाँच गर्ने व्यवस्था गर्नुपर्ने देखियो। प्रदूषण मापनका क्रममा असफल भएका सवारी साधनलाई कुन कानून वमोजिम के कारबाही गर्ने भन्ने विषय मौन भएको हुँदा सवारी प्रदूषण मापनको अनुगमन वातावरण विभागबाट हुदै आएता पनि प्रदुषकलाई जरीवाना सहितको कानूनी कारवाहीको अभावमा प्रभावकारी हुन सकेको देखिएन। यस्तो कार्य आम नागरिकहरूको स्वच्छ वातावरणमा बाँच्न पाउने संविधान प्रदत्त मौलिक हक लगायत सन १९९० को भियना सम्मेलन, १९९२ मा ब्राजिलको रियो द जेनेरियोमा पृथ्वी सम्मेलन आदिबाट पारित सिद्धान्त समेतको विपरित हुन पुगेको देखिन्छ।

यातायात व्यवस्था विभागले काठमाडौं उपत्यकामा साँगुरो सडक र सवारी साधनहरूको चाप अधिक रहेको, पार्किङ्गस्थलहरू पर्याप्त नभएको, वायु प्रदूषण न्यूनीकरणको लागि ३ वटा स्थानमा सवारी यातायात धुवाँ प्रदूषण परिक्षण केन्द्र स्थापना गरेको भन्ने जानकारी पाइएता पनि एउटा चेकजाँच स्थलमा दैनिक २५० भन्दा वढी सरदर रुपमा गाडीहरू तोकिएको प्रदूषण सिमा चेक जाँच गराउन आउने गरेको र उक्त चेकजाँच गर्ने स्थल सागुरो र धुलेबाटो भएको हुँदा सर्वसाधारण र कर्मचारीकै स्वास्थ्यमा असर पुग्ने भन्ने जानकारी पाईएको हुँदा यसबाट स्वच्छ वातावरण कायम राख्न खटिने कर्मचारी, सेवाग्राहीको समेत स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार हनन भएको देखिंदा यस तर्फ वातावरण विभाग, ट्राफिक र यातायात व्यवस्था विभागविच समन्वय गरी प्रभावकारी रुपमा कार्य गर्नुपर्ने देखियो।

सार्वजनिक बाटोमा वालुवा, गिट्टी, फोहोर लगायत सामानहरू ढुवानी गर्दा छोपेर वातावरण र मानव स्वास्थ्यमा असर नगरी गर्नुपर्नेमा सो गरिएको देखिएन तसर्थ यस तर्फ सम्बन्धित निकायको प्रभावकारी अनुगमनको खाँचो देखियो ।

२० वर्ष भन्दा पुराना सवारी साधन वायु प्रदूषणको मुख्य कारक हो । सवारी प्रदूषण मापनको अनुगमन कुन निकायले गर्ने सो सम्बन्धमा कानूनी संयन्त्रको अभाव पाइयो । साथै प्रदूषण मापनमा असफल भएका सवारी साधनलाई कुन कानून वमोजिम के कारबाही गर्ने भन्ने विषय मौन भएको हुँदा सवारी प्रदूषण मापनको अनुगमन वातावरण विभागबाट हुँदै आएता पनि कानूनी कारवाहीको अभावमा प्रभावकारी हुन नसकेकोले यस तर्फ सम्बन्धित निकायले कानून तथा नीति वनाई तत्काल कार्यन्वयन गर्नुपर्ने देखियो ।

## ४.५. फोहोरमैला व्यवस्थापन

फोहोरमैलाको व्यवस्थापनको दायित्व फोहोरमैला व्यवस्थापन ऐन २०६८ को दफा ३ बमोजिम स्थानीय तहको रहेकोमा विवाद रहेन तर स्थानीय सरकार (स्थानीय तह) र त्यससँग सम्बन्धित फोहोरमैला संकलन गर्ने संघ, संस्था र स्थानीय सरकारको बीचमा समन्वयको अभाव रहेको प्रष्ट देखिन्छ । जसको कारण फोहोरमैलाको प्रभावकारी रुपमा व्यवस्थापन हुन नसकेकोले काठमाडौं उपत्यका लगायत बाँके, वर्दिया, कञ्चनपुर, कैलाली, लगायतका अनुगमन गरिएका जिल्लाहरूमा वायु प्रदूषण वृद्धि भई मानव अधिकारमा प्रत्यक्ष असर पारेको संकलित तथ्यहरूबाट प्रष्ट हुन आएको छ ।

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ मा फोहोरमैलालाई स्रोतमा नै छुट्टाउने कानूनी व्यवस्था भए पनि आजसम्म नछुट्टाएको कारणले फोहोरमैलाको मात्रा बढेको देखिन्छ । तसर्थ त्यसलाई न्यूनिकरण गर्न कुहिने र नकुहिने फोहोरलाई स्रोतमै वर्गिकरण गरी बेग्लाबेग्लै गाडीमा संकलन गरी ल्याडफिल्ड साइटमा पुन प्रयोग नहुने फोहोरलाई मात्र विसर्जन गर्नुपर्नेमा स्रोतमा वर्गीकरण नगरी विर्सजन गरेको पाएको हुदा त्यसलाई तत्काल वन्द गरी स्रोतमा नै वर्गिकरण गरेर मात्र ल्याडफिल्ड साईडमा लाने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

कैलाली, कञ्चनपुर र बाँके जिल्लाका सरकारी अस्पतालहरूबाट निस्कने फोहोरहरू चौरमा खुलारुपमा फालिएको र फोहोर नजिक मानव वस्ती समेत भएको पाईएको हुँदा उक्त फोहोरहरू वैज्ञानिक रुपमा व्यवस्थित हुन नसक्दा रसायनयुक्त फोहोरबाट निस्कने किटाणुहरूले मानव स्वास्थ्य र वातावरणमा पार्ने नकारात्मक असर र अस्पताल परिसर नै दुर्गन्धित हुनपुगी अस्पतालको वातावरण नै दुषित र किटाणुयुक्त हुने देखियो ।

त्यसैगरी कञ्चनपुर जिल्लाको भिमदत्त नगरपालिका परिसर भित्रै मारिएका पशु खुल्ला रुपमा सडिरहेको, फोहोरको थुप्रो खुल्लारुपमा छरिएर रहेको र उक्त फोहोर नजिक स्थानीय व्यक्तिहरूको घर वसोवास समेत रहेको देखिदा त्यस क्षेत्रको वातावरण दुर्गन्धित र प्रदूषणले भरिएको देखिएकोले शहर तथा गाउँबाट निस्कने फोहोरहरूको तत्काल व्यवस्थापन हुनु पर्ने देखियो ।

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ र सो को नियमावली २०७० ले स्थानीय स्तरबाटै फोहोरको उचित व्यवस्थापन गर्नुपर्ने कानूनी व्यवस्था रहेकोमा नगरपालिका जस्तो कानून कार्यान्वयन गर्ने निकायले कानून वमोजिम फोहोर व्यवस्थापन नगरेको देखियो ।

फोहोरमैलाहरू संकलन गर्ने घर, पसल वा अन्य स्थानको फोहोरमैला बिहान ६ बजेसम्म संकलन गरिसक्नु पर्ने र सडक सफा गर्ने कर्मचारीहरूले समेत बिहान ६ बजेभित्र सडक सफा गर्ने व्यवस्था मिलाउन समय तालिका आजसम्म सम्बन्धित निकायले वनाएको नपाइएको, सवारी साधन तथा मानिसहरूको आवागमन शुरु भई सकेपछि मात्र सडक सरसफाई गर्न शुरु गर्दा धुवाँ धुलोमा वृद्धि हुने र आम नागरिकको स्वास्थ्यमा त्यस्तो धुलो धुवाँले प्रत्यक्ष थप असर पार्ने पाईएकाले तत्काल स्थानीय सरकारले समय तालिका निधारण गरी प्रत्येक गाउँ टोल वा हरेक स्थानमा वितरण गर्ने र सो समय तालिका बमोजिम संकलन गर्ने कार्यको तत्काल थालनी गर्नुपर्ने देखिन्छ ।

फोहोरमैला कसरी व्यवस्थित गर्नु पर्छ भन्ने जनमानसमा चेतनाको अभाव रहेको हुँदा सर्व साधारणको लागि फोहोरमैला व्यवस्थापन विषयमा जनचेतना विकास गर्नुपर्ने देखियो । फोहोरमैला संकलन गर्ने व्यक्तिहरूले सडक सफा गर्दा निकस्ने फोहोरका साथै अनाधिकृत रुपमा भित्ता र पोलमा टाँसिएको विज्ञापनहरू समेत संकलन गरी विसर्जन गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन । साथै घरबाट निस्कने फोहोरमैला बाट पनि वायु प्रदूषणमा वृद्धि भइरहेको हुनाले नविनतम प्रविधिको प्रयोग गरी फोहोरमैला वर्गिकरण गरी व्यवस्थापन गर्दा स्वस्थ्य वातावरणको निमार्णमा सहयोग पुग्नजाने देखियो ।

फोहोर नियमित रुपमा संकलन नगरी सडकमा छाड्नले त्यस्ता फोहोरहरूलाई विसर्जन गर्ने क्रममा खुला स्थानमा आगो लगाउने कार्य भइरहेको देखिदा उक्त कार्यले कार्वन उत्सर्जन भई वायु प्रदूषणमा वृद्धि हुने हुँदा तत्कालै फोहोरमैला सफा र संकलन गर्ने र फोहोरलाई आगो लगाई डढाउने कार्यमा तत्काल रोक लगाउने व्यवस्था गर्नुपर्ने देखियो ।

काठमाडौं उपत्यका लगायत अन्य जिल्लाहरूमा समेत फोहोरमैला विसर्जन स्थल (ल्याण्डफिल्ड साइट) को वैज्ञानिक तथा स्थायी व्यवस्था नभएकोले समय समयमा फोहोरमैला संकलन नभई नगरपालिका परिसर भित्र, खुल्ला चौर, स्वास्थ्य संस्था परिसर, घर र सडकमा फोहोरमैला थुपारिनाले फोहोरमैलाबाट निकाष्सन हुने विषाक्त ग्यासले वायु प्रदूषण भई मानव स्वास्थ्यमा असर पर्ने हुँदा तत्काल ल्याण्डफिल्ड साइटको स्थायी र वैज्ञानिक रुपमा व्यवस्थापन गरी नियमित सञ्चालन गर्ने आवश्यक गर्नुपर्ने सम्पूर्ण कार्य तत्काल सुचारु गर्नुपर्ने देखियो ।

ओखरपौवा, नुवाकोट स्थित ल्याण्डफिल्ड साइट वरिपरि रहेका बासिन्दाहरूको अव्यवस्थित र खुला ल्याण्डफिल्ड साइट सञ्चालन गरेको कारणले दिनानुदिन मानव स्वास्थ्यमा खराबी भई बिरामी परिरहेको परिप्रेक्ष्यमा सो स्थानका बासिन्दाको लागि नियमित निःशूल्क स्वास्थ्य परीक्षण शिविर सञ्चालन गरिएको पाइएन । जसबाट सो स्थानका वासिन्दाहरूको स्वास्थ्य भएर बाँच्न पाउने संवैधानिक हक र मानव अधिकार हनन भएको देखियो ।

उद्योग कलकारखानाहरूबाट उत्सर्जन हुने फोहोरमैलाहरू उद्योग आफैले व्यवस्थापन गर्नु पर्ने र

अस्पतालबाट उत्सर्जन भएका फोहोरमैलाहरूलाई संवेदनशील फोहोरमैला र सामान्य फोहोरमैला भनि छुट्टयाउनु पर्ने कानूनी व्यवस्था रहेको पाईन्छ । यसरी वर्गीकृत भएको फोहोरमैलाहरू मध्ये सामान्य फोहोरमैला मात्र नगरपालिकाको फोहोर व्यवस्थापन दायित्व भित्र पर्ने हुन्छ भन्ने कानूनी प्रावधान रहेको सन्दर्भमा त्यसरी वर्गीकरण गरी व्यवस्थापन गरेको नपाइएकोले उद्योग कलकारखाना र अस्पताल लगायतबाट उत्सर्जन हुने फोहोरमैला व्यवस्थापनको सरोकारवाला निकायले नियमित र प्रभावकारी रुपमा अनुगमन गरी कानून कार्यान्वयनलाई प्रभावकारी बनाउनु पर्ने देखियो ।

काठमाडौं उपत्यका (काठमाडौं, ललितपुर र भक्तपुर) बाट निस्कासित फोहोरहरू नुवाकोट जिल्लाको ओखरपौवा, सिसडोल वडा नं. २ ककनी गा.वि.स.मा ३ वर्षको लागि भनि सम्झौता गरी विगत १३ वर्ष देखि व्यवस्थापन गरिदै आएको भन्ने पाईएकोले फोहोरमैला दिर्घकालिन व्यवस्थापन गर्ने कार्य संवेदनशील भई तदारुकताका साथ गर्नुपर्ने देखिन्छ ।

ओखरपौवा क्षेत्रमा विगत १३ वर्ष अगाडी तहाँका १८ घरधुरी भएका स्थानीय व्यक्तिहरूलाई घर वहालमा अन्यत्र क्षेत्रमा वस्नको लागि वार्षिक रुपमा प्रति घर धुरी रु.४८०० सहितको मुआव्जा दिई तत्कालिन काठमाडौं नगरपालिकाले उक्त स्थानीय व्यक्तिहरूसँग ३ वर्षको सम्झौता गरेको र हाल सम्म पनि उक्त रु ४८०० नै कायम रहेको र स्थानीय व्यक्तिहरूलाई अन्य क्षेत्रमा वस्न मुआव्जा स्वरुप घरभाँडा काठमाडौं महानगरपालिकाले उपलव्ध गराएता पनि त्यहाँका बासिन्दाहरू सोही स्थानमा नै वसोवास गरेको वुझ्दा स्थानीयवासीहरूमा उक्त फोहोरमैला दुर्गन्धका कारण खान मन नलाग्ने, रिंगटा लाग्ने, वाक वाक लाग्ने, टाउको दुख्ने लगायत श्वास प्रश्वासमा समस्या रहेको भन्ने पाइयो । उक्त फोहोर विसर्जन हुने क्षेत्रमा झिंगा, दुर्गन्ध र लिचर्ड (फोहोरको थुप्रोबाट निस्कने विसाक्त पानी) रहेको देखियो । उक्त लिचर्ड सोही स्थानको कोल्पु खोलामा मिसिने गरेको पाइयो साथै फोहोर ढुवानी गर्ने गाडीहरूका कारण सडक छिटो छिटो भत्किने, भत्किएका सडकहरू समयमा ममर्त नहुने र गाडी कुदाउदा धेरै धुलो उड्ने गर्दा वालाजु देखि ओखरपौवा सम्मको सडक बाटो वरपर वसोवास गर्ने स्थानीय र यात्रुहरूलाई उक्त धुलो धुवाँको प्रत्यक्ष असर परेको भन्ने वुझीयो ।

काठमाडौं उपत्यकाको फोहोरमैला व्यवस्थापन गर्नको लागि काठमाडौं महानगरपालिकाले जनचेतना धुलो नियन्त्रणका लागि आवश्यक उपाय, सडक कालोपत्रे गर्ने कार्य लगायत फागुन महिनासम्म सबै निर्माण कार्य सकिने गरी कार्य भईरहेको, बोटविरुवाहरू रोप्ने योजना बनाएको भन्ने महानगरपालिकाबाट जानकारी प्राप्त भएता पनि यस्ता कार्यलाई व्यापक रुपमा विस्तार गरी योजनावद्ध रुपमा नियमित रुपमा गर्नुपर्ने देखियो ।

## ४.६. वायु प्रदूषण र स्वास्थ्य

काठमाडौं जिल्लामा जिल्ला जनस्वास्थ कार्यालयको आर्थिक वर्ष २०७१/७२ र २०७३/७४ को बार्षिक प्रतिवेदन अनुसार Hypertension, Headach, Diabeties,Upper-respiratorytract infection, ARI/Lower respirator, Lower-respiratory tract infect, Acute tonsillitis लगायतका रोगहरू र Heart, Kidney, Cancer, Alzheimer's Disease जस्ता गम्भीर प्रकृतिका रोगहरूको वृद्धि भएको

भन्ने तथ्यांक प्रकाशित भएको पाईएको हुँदा यी रोगहरू वायु प्रदूषणका कारण उत्सर्जन हुन मद्धत पुगेको भन्ने विज्ञहरूबाट जानकारी प्राप्त हुन आएबाट काठमाडौं उपत्यकामा वायु प्रदूषणका कारण मानव स्वास्थ्यमा गम्भीर प्रभाव पुग्न गएको भन्ने वुझिन आयो ।

ब्लाक कार्वन धेरै हानिकारक हुने गर्छ । यसले मानव को फोक्सोमा जमेपछि क्यान्सर हुने सम्भावना हुन्छ । छालाका रोगीहरूको संख्या दिनदिनै वृद्धि हुदै गएको पाइन्छ । मृत्यु हुने रोग मध्ये क्षयरोग पनि एक भएकोले नेपालमा वायु प्रदूषणका कारण क्षयरोगीको वार्षिक वृद्धि संख्या कति छ भन्ने विषयमा अनुसन्धान गरी तथ्यका आधारमा वायु प्रदूषण न्यूनीकरण गर्नु अत्यावश्यक रहेको छ ।

कान्तिबाल अस्पतालका वरिष्ठ चिकित्सकका अनुसार काठमाण्डौं उपत्यकामा वृद्धि भएको ब्लाक कार्वोन र धुलोको वायु प्रदूषणका कारण बालबालिकाहरूको अध्ययनमा आलस्य एवं शिक्षामा असर, शारीरिक विकासमा कमी, क्षमता विकासमा अवरोध, वौद्धिक विकासमा असर र छालाका रोगहरू लगायतका अन्य नकारात्मक असरहरू बालबालिकाहरूलाई पर्न गएको बुझियो ।

Black Carbon Oxidation गाडीको धुवाँमा अत्यधिक मात्रामा पाइने र यो मानव स्वास्थ्यका लागि गम्भीर घातक तत्वको रुपमा विश्वमा नै परिचित रहेकोले यसले मानिसलाई दिर्घकालिन रुपमा पुऱ्याउने नकारात्मक असरहरूमा खास गरी श्वाश प्रश्वासमा अवरोध, रगतको प्रकृयामा विकृति, क्यान्सर, दम, कुपोषण लगायतका रोगहरूबाट पीडित वनाउने भन्ने बुझियो ।

काठमाडौं उपत्यकामा सवारी साधनहरूबाट निस्कने Black Carbon प्रदूषणको मुख्य कारक तत्व रहेको, जानकारी पाएकोले  यसले स्वास्थ्यमा प्रतिकुल असर पार्ने, प्लाष्टिकजन्य फोहोरबाट व्लाक कार्वोन वढी मात्रामा उत्सर्जन हुने, सवारी साधनबाट निस्कने धुवाँ, चिम्नी भट्टाबाट निस्कने धुवाँबाट मानव स्वास्थ्यमा गम्भीर प्रकृतिका क्यान्सरजन्य लगायतका रोगहरूको दिर्घकालिन रुपमा महामारी फैलिने सम्भावना रहन्छ भन्ने स्वास्थ्य विज्ञहरूबाट जानकारी पाएको हुँदा वायु प्रदूषण नियन्त्रण गर्ने उपायहरूको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने देखियो ।

काठमाडौं उपत्यकामा खटिएका ३५५ जना जति ट्राफिक प्रहरीहरूलाई वायु प्रदूषणको कारण फोक्सोजन्य समस्या देखिएको भन्ने बुझिएकोले ब्लाक कार्वोन युक्त धुवाँ प्रदूषण नियन्त्रणको लागि उपयुक्त प्रविधिहरू र मेसिन उपकरणहरू प्रयोग गरी र सो को प्रभावकारी अनुगमनका साथै प्रभावितहरूका लागि निशुल्क उपचारको व्यवस्था गर्नुपर्ने देखियो ।

काठमाडौं उपत्यकामा करिब ३५० वटा ईट्टा भट्टा उद्योगहरू रहेको र यसले उपत्यकाभित्र हुने वायु प्रदूषणको धेरै मात्रा ओगटेको छ भन्ने जानकारी प्राप्त भएकोले त्यसतर्फ अनुगमन गर्दा भक्तपुर जिल्लामा रहेका ईट्टा भट्टा उद्योगहरूको संख्या धेरै रहेको र हिउँद महिनामा मात्र उद्योग सञ्चालन हुने गरेको र ईट्टा भट्टा सञ्चालन हुँदा भट्टाको चिम्नीबाट धुवाँको मुस्लो निस्कने गरेको देखियो । साथै ईट्टा भट्टामा काम गर्ने कामदारका बालबालिकाहरू उक्त भट्टाको क्षेत्र भित्र नै बसोवास गर्ने हुँदा त्यहाँ रहेको माटो, कोइला र भुसको धुलोको कारण निजहरूको स्वास्थ्यमा समेत असर परेको देखियो । यसरी ईट्टा भट्टाबाट धुलो र धुवाँ दुबै किसिमको वायु प्रदूषण गर्ने तत्वहरूको उत्सर्जन गर्ने तथ्यहरूबाट प्रष्ट हुन्छ । जसबाट मानव

स्वास्थ्यमा गम्भीर नकरात्मक असर पर्ने र आम नागरिकहरूको बाँच्न पाउने अधिकार समेत हनन् भएको पाईन्छ ।

## ४.७. प्राकृतिक स्रोत

खनिज पदार्थ/खानी, नदी लगायत प्राकृतिक स्रोतबाट अत्यधिक रुपमा ढुंगा, गिट्टी, वालुवा, चुनढुंगा इत्यादी उत्खनन्, क्रसर उद्योग सञ्चालन गरिएको पाइएकोले यस तर्फ मानवीय र वातावारणीय क्षति कम हुने गरी उक्त कार्यहरू सञ्चालन गर्न सम्बन्धित विज्ञहरूद्वारा अध्ययन अनुसन्धान गराएर मात्र कार्य गर्नुपर्ने देखियो ।

प्युठान जिल्लाको  धार्मिक क्षेत्र स्वर्गद्धारी जाने बाटोमा सडक विकास निर्माणका गतिविधि भईरहेको र उक्त निर्माणाधिन बाटोमा धार्मिक क्षेत्र भ्रमण गर्ने यात्रुहरू वोकी जोखिमयुक्त गाडीहरू अव्यवस्थित र कच्चा बाटोको कारण दुर्घटना भइरहने भन्ने बुझिएको हुँदा यस्ता धार्मिक क्षेत्रका निमार्णाधीन सडक बाटोहरू प्राथमिकतामा राखेर छिटो भन्दा छिटो सम्पन्न गर्नुपर्ने देखियो ।

मध्य पश्चिम र सुदुर पश्चिममा रहेका हिमाल, सिमसार, ताल तलैयाहरू राष्ट्रको मात्र नभई अन्तर्राष्ट्रिय चासोको विषय भएकोले यस क्षेत्रलाई पर्यटक स्थलको रुपमा खुल्ला गर्ने योजना वनाउने भन्ने बुझिएको हुदा त्यस क्षेत्रको प्राकृतिक स्वरुप एवं वातावरण नविग्रीने गरी योजना वनाई लागु गर्नुपर्ने देखियो ।

## ४.८. प्रारम्भिक वातावरणीय परिक्षण र वातावरण प्रभाव मुल्याङ्कन

कुनै पनि भौतिक संरचना लगायत विकास निर्माणका कार्य कार्यान्वयन र उद्योग कलकारखाना स्थापना तथा सञ्चालन गर्दा त्यसबाट वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई कसरी न्यूनीकरण गर्ने र अन्य वैकल्पिक उपायहरू के के हुन सक्छन् भनि विश्लेषण गरी योजना वनाई कार्य गर्ने साधनको रुपमा विश्वमा नै स्थापित भएको महत्वपुर्ण कार्य प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरण प्रभाव मुल्याङ्कन (EIA) हो । वातावरणीय अध्ययन तथा मुल्याङ्कन नितान्त प्राविधिक विषय पनि भएकोले यस कार्यमा सम्बन्धित विषयका विज्ञहरू संलग्न गराई कुनै पनि विकास निमार्ण, उद्योग, कलकारखाना सञ्चालन गर्नुपूर्व उक्त आयोजना कार्यान्वयन गर्ने स्थल र  आयोजना क्षेत्रमा वसोवास गर्ने स्थानीय व्यक्ति, कृषि लगायत प्राकृतिक स्रोत साधनको वारेमा अध्ययन गर्नुपर्ने हुन्छ । उपरोक्त प्रकरणहरूमा उल्लेखित तथ्यका आधारमा विकास निर्माणका कार्य र उद्योग, कलकारखानाहरू सञ्चालन गर्दा प्रारम्भिक वातावरणीय परिक्षण र वातावरण प्रभाव मुल्याङ्कनको कार्यान्वयन पक्षको प्रभावकारी अनुगमन नगरिएको कारणले सम्बन्धित क्षेत्रको वातावरण प्रदूषण हुन गई मानव स्वास्थ र प्राकृतिक वातावरणमा क्षति पुग्न जाने हुन्छ । काठमाण्डौ उपत्यकाभित्र हाल सञ्चालित सडक विस्तार लगायतका कार्यहरूको सम्बन्धमा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) र वातावरण प्रभाव मुल्याङ्कन (EIA) गरेको भन्ने देखिएन जसबाट अनियन्त्रित र अव्यवस्थित तरिकाले सडक विस्तारबाट सृजित धुलोको कसरी व्यवस्थापन गर्ने भन्ने विषयमा कुनै योजना नै नभएको कारण धुलो धुवाँ वृद्धि भई वायु प्रदूषण बढेको प्राप्त तथ्यहरूबाट पुष्टि हुन्छ । विकास निर्माणका कार्य कार्यान्वयन गर्दा र उद्योग, कलकारखानाहरू  सञ्चालन गर्दा प्रारम्भिक

वातावरणीय परिक्षण (IEE) तथा वातावरण प्रभाव मुल्याङ्कन (EIA) र यसको कार्यान्वियन पक्षको प्रभावकारी अनुगमन नगरिएको कारणले सम्बन्धित क्षेत्रको वातावरण प्रदूषण हुन गई मानव स्वास्थ र प्राकृतिक वातावरणमा क्षति पुगेको देखियो ।।

## ४.९. विविध

वातावरण विभागबाट काठमाडौं उपत्यकामा विभिन्न ७ वटा स्थानमा वायु प्रदूषण नियन्त्रक यन्त्र जडान गरी अनलाईनमा सुचनाको आधार स्वरुप राखी कार्यान्वियन गरिरहेको पाइएतापनि यस प्रविधिलाई अझ विस्तार गरी उपत्यकाको प्रमुख नाकाहरूमा राख्नुपर्ने र त्यसको अनुगमन र तथ्यांकहरूको विश्लेषण नियमित गर्नेतर्फ जोड दिएमा वायु प्रदूषणको अवस्था र कारणहरू थाहाँ पाउन सकिने देखियो ।

वातावरण विभागमा वातावरण अनुगमन गर्ने कर्मचारीहरूको संख्या अति न्युन भएकोले वातावरण अनुगमनको लागि क्षमता अभिवृद्धि सहित जनशक्ति विस्तार गरी वातावरण विभागलाई स्रोत साधन र अधिकार सम्पन्न र संस्थागत विस्तार गरी वातावरण अनुगमन कार्यको लागि जिम्मेवार वनाउनु पर्ने देखियो । अधिकांश नदी र नालाहरूमा फोहोर फाल्ने/प्रदुषित पानी मिसाई नदीलाई दुर्गन्धित र प्रदुषित वनाएको देखिएकोले उक्त कार्य तत्काल रोकी प्रदूषण मुक्त पानी नदीमा मिसाई नदीलाई स्वच्छ र पवित्र राख्नु पर्ने देखियो । नदिजन्य पदार्थहरूको कुनै मापदण्ड विना अत्यधिक दोहनले नदी प्रणालीमा नै गम्भीर असरहरू देखिएका छन् । संघीय सरकारको वातावरण मन्त्रालय, प्रदेश सरकार र स्थानीय सरकारले नीतिगत एकिकृत मापदण्ड तत्काल तयार गरी नियमन गर्न आवश्यक देखिन्छ ।

## ४.१०. निश्कर्ष

नेपालमा भईरहेका अव्यवस्थित शहरीकरण, जनघनत्वमा वृद्धि, जनचेतनाको कमी र सरकारी निकायको उदासिनता, विकास निर्माणका कार्यमा प्राकृतिक स्रोत साधनको अत्याधिक दोहन, विकास निमार्णका कार्यमा सरोकार निकायहरूद्वारा कार्य सञ्चालन गर्दा एक अर्का निकाय विच समन्वयको अभाव, मानव अधिकारमैत्री विकासको अभाव, जलवायु परिवर्तनको असर, अव्यवस्थित फोहोरमैला तथा यसको अव्यवस्थित बिर्सजन, वन बिनास, प्राकृतिक विपत्ति, बाढी पहिरो, अव्यवस्थित उद्योग कलकारखाना, आगोलागी, पुराना सवारी साधन, वायु प्रदूषण, पानी प्रदूषण, ध्वनी प्रदूषण लगायत विविध खाले प्रदूषणमा वृद्धि, महामारी जस्ता क्रियाकलापबाट नेपालमा अत्याधिक रूपमा वातावरण प्रदूषण भईरहेको पाईन्छ । वातावरण प्रदूषण नियन्त्रण, रोकथाम, नियमन तथा न्यूनीकरण गर्ने कार्यलाई प्राथमिकता नदिंदा एवं संविधान तथा कानूनले तोकेको संवैधानिक मौलिक हकको कानूनी दायित्व सरोकारवाला निकाय साथै सम्बन्धित उद्योग कलकारखानाहरूले पुरा नगर्दा व्यक्तिको स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने हक उल्लङ्घन भईरहेको पाईयो ।

प्रभावकारी प्रारम्भिक वातावरणीय परिक्षण तथा वातावरणीय प्रभाव मुल्याङ्कनको अभाव एवम् यसले गरेको वातावरण संरक्षणको व्यवस्थाको फितलो कार्यान्वयन, सरकारी निकायको फितलो नियमन तथा अनुगमन पुराना सवारी साधान, अव्यवस्थित फोहोरमैला तथा यसको अव्यवस्थित बिर्सजन, ठुलाठुला

कारखानाहरू सञ्चालन गर्दा सोबाट निस्कने धुवाँ, ध्वनीबाट वातावरण प्रदूषित भई रहेको छ। सडक निर्माण गर्दा समेत वनजंगल मासिन गई बाढी पहिरो लगायतमा वृद्धि भई मानवीय जीवन झन कष्टकर बन्दै गईरहेको कारण वातावरणमा प्रत्यक्ष अप्रत्यक्ष रुपमा प्रतिकुल असर पर्न गई नागरिकहरूको स्वच्छ वातावरणमा बाँच्न पाउने हक हननूमा वृद्धि भई रहेको हुँदा वातावरण प्रदूषणका कारणहरू पत्ता लगाई त्यसको रोकथाम तथा नियन्त्रणको पहल गर्नु अत्यावश्यक कार्य भएको छ।

स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउनुपर्ने प्रत्येक नागरिकको नैसर्गिक अधिकार रहेको अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानूनहरूले स्थापित गरिसकेको छ। नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३० मा स्वच्छ वातावरणको हकको संवैधानिक व्यवस्था, वातावरण संरक्षण ऐन २०५३, वातावरण संरक्षण नियमावली २०५४, फोहोरमैला व्यवस्थापन ऐन, २०६८, विपद् न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायतमा व्यवस्था भए अनुसार जिम्मेवार निकायले वातावरण प्रदूषण नियन्त्रण, नियमन, अनुगमन, न्यूनीकरण गरी नागरिकको स्वस्थ र स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र परिपूर्तिको लागि पर्याप्त काम गर्न सकेको पाइएन। यसर्थ अन्तर्राष्ट्रिय महासन्धि, प्रतिवद्धता, संवैधानिक तथा कानूनी दायित्व पुरा गर्न/गराउन आवश्यक देखिन्छ। यसका लागि स्थानीय, प्रदेश तथा संघीय सरकारको एकिकृत प्रयास अत्यावश्यक देखिन्छ।

अन्तमा, विद्यमान कानूनमा भएका व्यवस्था अनुसार काम कारवाही र प्रयोग गर्न सबैलाई लगाउनु पर्ने दायित्व नेपाल सरकारको भएको हुँदा यस सम्बन्धमा गम्भीर ध्यानाकर्षण गर्दछौं। देशभरि सञ्चालन भईरहेका र हुने उद्योग कलकारखाना र विकास कार्यका सन्दर्भमा नेपाल सरकारको क्रियाशिल अनुगमन गरी राष्ट्रिय मानव अधिकार आयोग समेतलाई अनुगमन प्रतिवेदन छलफलका लागि दिने विश्वास हामीले गरेका छौं।

## परिच्छेद-पाँच

# सिफारिस

आयोगबाट भएको अध्ययनबाट प्राप्त तथ्यहरूको विश्लेषण गरी आयोगबाट नेपाल सरकार, नेपाल सरकारका विभिन्न निकायहरू तथा विभिन्न संघ संस्थाहरूलाई निम्न बमोजिम सिफारिस गरिएको छ।

## ५.१. आयोगबाट मिति २०७५/०७/२७ मा काठमाण्डौ उपत्यकाको प्रदूषण र स्वच्छ वातावरणको अवस्था सम्बन्धमा भएको निर्णय ।

### १. विकास निर्माणका कार्य सम्बन्धमा

**(क)** विकास निर्माण सम्बन्धी आयोजना सम्पन्न गर्नु अघि पूर्णरुपमा आयोजनाको विश्लेषण गरी विकासमा मानव अधिकारमुखी पद्दती अवलम्बन गरी आयोजनाको थालनी र कार्य सम्पन्न हुने समयसम्मको तालिका बनाई त्यसलाई पूर्ण पालना भए नभएको सम्बन्धमा सम्बन्धित निकायहरूले नियमित स्थलगत अनुगमन गर्ने।

**(ख)** विकास निर्माण सम्बन्धी आयोजनाको सम्झौता गर्दा उक्त सम्झौता गर्ने ठेकेदारहरूलाई निर्माणाधिन कार्य क्षेत्रबाट निस्कासित भएको प्रदूषण नियन्त्रण सम्बन्धी कानूनी प्रावधनहरूको अवलम्बन गरी समयसिमा भित्र कार्य सम्पन्न गर्ने लगायतका मानव अधिकारमैत्री वातावरणको पूर्णपालना गराउन र सो को नियमित रुपमा अनुगमन गर्ने। सो सम्बन्धी कानूनको पुर्ण रुपमा परिपालन गर्ने व्यवस्था मिलाउन।

**(ग)** विकास निर्माणका कार्यलाई एकिकृत रुपमा सञ्चालन गर्न एकिकृत विकास प्रणालीको व्यवस्था गरी सञ्चालन गर्ने।

**(घ)** विकास निर्माणको कार्य सुरुवात गर्नु अघि सम्बन्धित स्थानीय वासिन्दा र सम्बन्धित कार्यबाट प्रभावित हुने सरोकारवाला निकायहरूको बीचमा अधिकतम समन्वय गर्ने।

### २. सवारी साधन व्यवस्थापन, मापदण्ड र कानूनको कार्यान्वयन सम्बन्धमा

**(क)** नेपाल सरकारले लागु गरेको मापदण्ड सबै सरोकारवालाहरूको लागि बाध्यात्मक भएकाले सो को पालना भए नभएकोतर्फ सम्बन्धित अनुगमनकारी निकायहरूबाट प्रभावकारी अनुगमन गरी कानून बमोजिम कारवाही गर्न गराउन।

**(ख)** नेपाल सवारी प्रदूषण मापदण्ड २०६९, वायु प्रदूषण गुणस्तर नियन्त्रण मापदण्ड २०६९ र सवारी तथा यातायात व्यवस्थापन ऐन २०४९ बमोजिम अनुगमन गर्दा प्रदूषण मापदण्ड पूरा नगरेका सवारी साधनलाई तत्काल जरिवाना गर्ने कानूनको अभाव रहेकोले सो सम्वन्धि कानूनको निर्माण गरी लागु गर्ने।

(**ग**) सार्वजनिक, निजी र सरकारी सवारी साधनहरूको काठमाडौं उपत्यकाभित्र प्रवेश गर्ने चेक पोष्टहरूमा प्रदूषण मापदण्ड जाँचको व्यवस्था गर्न र हरियो स्टीकरको व्यवस्थालाई उपत्यकाभरी विस्तार गरी सोको प्रभावकारी रुपमा लागु गराई अनुगमन गरी कार्यान्वयन गर्न ।

(**घ**) काठमाडौं उपत्यकामा सञ्चालनमा रहेको दुई पांग्रे सवारी साधनहरूको समेत प्रदूषणको नियमित जाँचको व्यवस्था गर्न ।

(**ङ**) वायु प्रदूषण न्यूनीकरणको लागि ३ वटा स्थानमा सवारी यातायात धुवाँ प्रदूषण परिक्षण केन्द्र रहेको, दैनिक २५० भन्दा वढी सरदर रुपमा गाडीहरू तोकिएको प्रदूषण चेक जाँच गराउन आउने गरेको र उक्त चेकजाँच गर्ने स्थल साँगुरो र जाने बाटो धुलो भएको जसका कारण सर्वसाधारण र कर्मचारीकै स्वास्थ्यमा असर पुग्ने गरेको पाईएको हुँदा चेक जाँच स्थलको आवश्यक संख्यामा वृद्धि गरी वातावरण विभाग, ट्राफिक महाशाखा र यातायात व्यवस्था विभाग विच समन्वय गरी प्रभावकारी रुपमा चेक जाँचको कार्य गर्न गराउन ।

(**च**) सवारी साधनहरूबाट निस्कासित धुवाँहरूबाट, प्लाष्टिकजन्य फोहोर बालेपछि निस्कने धुवाँबाट, ईंट्टा भट्टाबाट निस्कने धुवाँबाट कार्वन डाईअक्साईड र Black Carbon धेरै मात्रामा उत्सर्जन हुने पाइएको छ । यस्तो कार्वन डाईअक्साईड र Black Carbon मानव स्वास्थ्यको लागि गम्भीर प्रकृतिको दिर्घकालिन नकरात्मक असर पर्न जाने भन्ने पाईएको हुँदा यस्तो कार्वन डाईअक्साईड र Black Carbon उत्सर्जन नियन्त्रण र रोकथाम गर्ने तर्फ आश्यक प्रविधि प्रयोगमा ल्याई कार्यान्वयन गर्न गराउन ।

## ३. प्रारम्भिक वातारणीय परिक्षण र वातावरणीय प्रभाव मुल्याङ्कन सम्बन्धमा

(**क**) कुनै पनि विकास निर्माण, उद्योग तथा कलकारखाना लगायतका भौतिक संरचना निर्माण र कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई कसरी न्यूनीकरण गर्ने र अन्य वैकल्पिक उपायहरू के के हुन सक्छन् भनि विश्लेषण गर्नको लागि प्रारम्भिक वातारणीय परिक्षण (IEE) र वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) महत्वपुर्ण प्रकृया भएपनि IEE/EIA गर्दा प्रभावकारी रुपमा नगरेको पाइएको हुँदा प्रभावकारी रुपमा गर्न गराउन सम्बन्धित निकायलाई निर्देशन दिई कार्यान्वयन गर्न गराउन ।

## ४. फोहोरमैला संकलन र व्यवस्थापन सम्बन्धमा

(**क**) फोहोरमैला व्यवस्थित गर्दा कुहिने र नकुहिने फोहोरलाई स्रोतमै वर्गिकरण गरी बेग्लाबेग्लै गाडीमा संकलन गरी फोहोरमैला व्यवस्थापन स्थल (ल्याडफिल्ड साइट) मा विसर्जन गर्ने व्यवस्था गर्न ।

(**ख**) फोहोरमैलाहरू संकलन गर्ने समय तालिका निर्धारण गरी प्रत्येक गाउँ, टोल वा स्थानमा वितरण गर्ने र सो समयतालिका बमोजिम संकलन गरी तत्कालै विसर्जन गर्ने व्यवस्था मिलाउन ।

(**ग**) फोहोरमैला संकलन गर्ने व्यक्तिहरूले सडक सफा गर्दा निकस्ने फोहोरका साथै अनाधिकृत

रुपमा भित्ता र विजुलीको पोलमा टाँसिएको विज्ञापन, पोष्टर, पम्पलेटहरू समेत संकलन गरी विसर्जन गर्न

(घ) फोहोरमैला नियमित रुपमा संकलन नगरी सडकमा छाड्नाले त्यस्ता फोहोरहरूलाई विसर्जन गर्ने क्रममा स्थानीय व्यक्तिहरूले खुला स्थानमा आगो लगाउने कार्य भइरहेको हुँदा उक्त कार्यले कार्वन उत्सर्जन भई वायु प्रदूषण हुने हुँदा तत्कालै फोहोरमैला सफा र संकलन गर्ने र फोहोरलाई आगो लगाई डढाउने कार्य तत्काल रोक लगाउने व्यवस्था गर्न ।

## ५. फोहोरमैला विसर्जन स्थल (ल्याण्डफिल्ड साइट) सम्बन्धमा

(क) ल्याण्डफिल्ड साइट, ओखरपौवामा फोहोर विसर्जनको थुप्रोबाट निस्कने लिचर्डलाई व्यवस्थापन नगरी खोलामा मिसाएको देखिएकोले उक्त विषाक्त तथा रसायनयुक्त लिचर्डबाट मानव र अन्य प्राणी जगत समेतको स्वास्थ्यलाई प्रतिकुल असर पर्ने हुदा उक्त लिचर्डलाई ट्रिटमेण्ट प्लान्टको प्रयोग गरी पानीलाई शुद्ध गरी खोलामा मिसाउने व्यवस्था गर्न ।

(ख) हाल सञ्चालनमा रहेको ल्याण्डफिल्ड साइट, ओखरपौबाट प्रत्यक्ष प्रभावित स्थानीय बासिन्दाहरूलाई सो स्थानबाट तत्काल स्थानान्तरण गरी समय सापेक्ष मुआब्जा उपलब्ध गराउन ।

(ग) अव्यवस्थित र खुला ल्याण्डफिल्ड साइट सञ्चालन गरेको कारणले ल्याण्डफिल्ड साइट, ओखरपौवा वरिपरि रहेका बासिन्दाहरूको स्वास्थ्यमा दिनानुदिन नकरात्मक असर परिरहेको पाइएकाले निजहरूको निःशूल्क स्वास्थ्य परीक्षण गर्नुका साथै फोहोरमैला संकलन गर्ने मजदुर हरूको नियमित स्वास्थ्यजाँच गरी निरोधात्मक उपायहरूको व्यवस्था गर्न ।

(घ) उक्त ल्याण्डफिल्ड साइटका सडकहरूमा फोहोर ढुवानी गर्ने गाडीहरूका कारण सडक छिटो छिटो भत्कीने, भत्कीएका सडकहरू समयमा मर्मत नहुने र गाडी कुदाउदा धैरै धुलो उड्ने गर्दा वालाजुदेखि ओखरपौवासम्मको सडक बाटो नियमित मर्मत गर्न र धुलो उड्न नदिने उपाय अपनाउने व्यवस्था गर्न

(ङ) फोहोरमैला व्यवस्थापन गर्ने ल्याण्डफिल्ड साइटको वैज्ञानिक तथा स्थायी व्यवस्था नभएकोले समय समयमाकाठमाडौं उपत्यकामा फोहोर संकलन नभई घर र सडकमा फोहोर थुपारिनाले फोहोरबाट निस्कासन हुने विषाक्त ग्यासले वायु प्रदूषण भई मानव स्वास्थ्यमा असर पर्ने हुँदा तत्काल ल्याण्डफिल्ड साइटको स्थायी र वैज्ञानिक रुपमा व्यवस्थापन गर्न ।

## ६. रसायनयुक्त संक्रमित र साधारण फोहोरमैला व्यवस्थापन सम्बन्धमा

(क) उद्योग, कलकारखाना तथा अस्पतालबाट निस्कासित फोहोरमैलाहरू रसायनयुक्त र विषाक्त किसिमको हुने भएकोले त्यस्ता फोहोरमैलाहरू सावधानी पूर्वक विसर्जन गर्नुपर्ने हँदा कानूनले नै यस्तो रसायनयुक्त र विषाक्त किसिमको फोहोरमैलाहरू उत्पादन गर्ने संस्था/निकायले आफैले नै व्यवस्थापन गर्नुपर्ने भन्ने व्यवस्था गरेको सन्दर्भमा उक्त कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वियन भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गरी कार्यान्वयन गर्न ।

## ७. ईट्टाभट्टा उद्योग सम्बन्धमा

(क) काठमाडौं उपत्यकाभित्र विभिन्न स्थानमा जथाभावी ईट्टाभट्टा उद्योगहरू सञ्चालनमा रहेको जसबाट अत्याधिक धुलो धुवाँहरू निस्कासित हुने गरेको, उक्त धुलो धुवाँहरूबाट वायु प्रदूषण भई मानव स्वास्थ्यमा गम्भीर असर परेको, वातावरण स्वच्छ राख्ने सम्बन्धमा कुनै पनि उपायहरू अवलम्बन नगरेको पाइएकाले ईट्टाभट्टा उद्योगलाई वातावरणमैत्री बनाउन, वैज्ञानिककरण गर्न र प्रदूषण न्यूनीकरण गर्न अवलम्बन गर्नु पर्ने सम्पूर्ण उपायहरूको अवलम्बन गर्न लगाई सो को प्रभावकारी कार्यान्वयन गर्न गराउन।

(ख) उद्योगको वरिपरि रहेका बासिन्दाहरूको स्वास्थ्यमा परेको असर र समग्र वातावरण समेत प्रदूषण भएको विषयलाई मध्यनजर गरी तत्कालै वातावरणमैत्री हुने उपकरणको जडान सबै ईट्टाभट्टा उद्योगमा गर्न लगाई त्यसको नियमित अनुगमन गर्न।

(ग) ईट्टाभट्टा उद्योगमा काम गर्ने व्यक्ति र बालबालिकाहरू समेतलाई प्रत्यक्ष रुपमा स्वास्थ्यमा असर परेको देखिदा नियमित स्वास्थ्य परिक्षण गराउने व्यवस्था गर्न।

## ८. वायु प्रदूषण मापन यन्त्रको विस्तार र विश्लेषण सम्बन्धमा

(क) वातावरण विभागबाट काठमाडौं उपत्यकामा केही स्थानमा मात्र वायु प्रदूषण मापन यन्त्र जडान गरी अनलाईनमा सुचनाको आधार स्वरुप राखी कार्यान्वयन गरिरहेको पाइएतापनि यस प्रविधिलाई अझ विस्तार गरी उपत्यकाको प्रमुख नाकाहरूमा राख्न लगाउन र त्यसको अनुगमन र तथ्यांकहरूको विश्लेषण नियमित गर्न गराउन।

(ख) वायु प्रदूषणको तथ्याङ्क नियमित संकलन गरी सार्वजनिक गर्न, तथ्याङ्क अनुसार वायु प्रदूषण न्यूनीकरण गर्नु पर्ने दायित्व भएका निकायहरूलाई जानकारी दिन र सम्बन्धित कार्यालयले सो को लागि गर्नपर्ने सम्पूर्ण उपायहरूको पहिचान गरी न्यूनीकरणको उपायहरू तत्काल लागु गर्न वातावरण विभागलाई निर्देशन गर्न।

## ९. सडकपेटी सफाई र हरियाली व्यवस्थापन सम्बन्धमा

(क) वायु प्रदूषण वृद्धि गर्न मद्धत पुग्ने कारणहरू मध्ये सडक पेटीको फोहोर व्यवस्थापन नहुनु र सडक छेउको बोटविरुवाको मर्मत सम्भार उचित किसिमले नहुनु पनि रहेको पाइएकाले सडक र पेटीलाई बिहान ६ बजेसम्म सफा गरी सक्न, सो स्थानबाट संकलित फोहर तत्काल विसर्जन गर्ने व्यवस्था गर्न र सडक छेउमा बोट विरुवा रोप्न र सो को संरक्षणको कार्ययोजना बनाई लागु गर्न।

## १०. नियमित अनुगमन र जनचेतना र क्षतिपुर्ति सम्बन्धमा

(क) वातावरण विभाग अर्न्तगत अनुगमन गर्ने संयन्त्र र कर्मचारीको अनुगमन कार्य प्रभावकारी नदेखिएकोले विद्यमान ऐन कानून र नेपाल सरकारको नीति अनुरुप नियमितरुपमा प्रभावकारी अनुगमन गरी आवश्यक निर्देशन सुझाव तथा कारवाही संयन्त्रको निर्माण गर्न।

(ख) कुनै पनि विकास निर्माणको अवधिमा आयोजनाको कामहरूको प्रगति कानून बमोजिम भएको छ छैन भन्ने नियमित अनुगमन गर्ने र सो को अभिलेख राख्ने व्यवस्था गर्न ।

(ग) विकास निर्माणको आयोजनाको कार्यान्वयन सम्बन्धमा आयोजना स्थलका स्थानीय बासिन्दाहरू र स्थानीय सरकारका जनप्रतिनिधीहरू सहितलाई राखी जनचेतनामूलक कायक्रमहरू सञ्चालन गर्न गराउन ।

(घ) वायु प्रदूषणका कारणले असर परेका पिडितहरूलाई तत्काल निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउन र त्यस्ता पिडितहरूलाई नेपालको संविधानको धारा ३०(२) वमोजिम क्षति वापत प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन तत्काल आवश्यक कानूनको निमार्ण गर्न

## ५.२. आयोगको अध्ययनबाट प्राप्त तथ्यहरूको विश्लेषणका आधारमा उपत्यका बाहिरको स्वच्छ वातावरण र प्रदूषण सम्बन्धमा नेपाल सरकारलाई गरिएको सिफारिस

**फोहोर व्यवस्थापन सम्बन्धमा**

- स्वास्थ्य संस्था लगायत कलकारखाना उद्योगहरूबाट निस्किएको फोहोरहरूलाई संक्रमित र असंक्रमित फोहोर आधुनिक उपकरणद्वारा छुट्याई निर्मलीकरण गरी किटाणुरहित फोहोर तोकिएको स्थानमा व्यवस्थित गर्नुपर्ने,
- स्थानीय निकायहरूलाई  कानून वमोजिम फोहोर व्यवस्थापन गर्न  र छाडा चौपायाको उचित व्यवस्थापन गर्नुपर्ने,

**खनिज पदार्थ/खानी, नदी लगायत प्राकृतिक संरचना दोहोन सम्बन्धमा**

- नदिहरूबाट ढुंगा, गिट्टी, वालुवा, चुनढुंगा इत्यादी उत्खनन्, खनन्, संकलन गर्दा र क्रसर उद्योगहरूको सञ्चालन गर्दा मानविय र वातावरणीय क्षती कम हुने गरी प्राकृतिक एवं भौतिक संरचनामा असर नपारिकन गर्नुपर्ने र सो को सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन गर्नु पर्ने,

**विकास निमार्णका योजना सम्बन्धमा**

- विकास निर्माणका योजना एवं सडक तथा बाटो विस्तार निमार्ण गर्दा तहाँबाट निस्कने धुलो र कणहरू न्यूनीकरण गर्न निर्माणाधिन क्षेत्रमा चारैतिरबाट धुलो उड्न नपाउने गरी छोपेर कार्य गर्ने प्रविधि प्रयोग गर्न र प्रदूषण नियन्त्रणको लागि वैकल्पिक उपायहरूको खोजी गरी  कार्यान्वयन गर्न गराउन ।
- कच्ची बाटो भएको गाउँहरूमा सवारी साधन गुडाउँदा वाक्लो धुलो उडी वातावरणमा र मानव स्वास्थ्यमा गम्भीर असर पुग्न गएकोले त्यस क्षेत्रमा धुलो नियन्त्रण गर्ने उपाय तत्काल लागु गर्न र सो कार्यको प्रभावकारी अनुगमन गरी वातावरण स्वच्छ राख्न ।
- सार्वजनिक बाटोमा वालुवा, गिट्टी, फोहोर लगायत सामानहरू ओसार पसार/ढुवानी गर्दा त्रिपालले

छोपी ढुवानी गर्ने अनिवार्य व्यवस्था गर्न ।

- मध्य पश्चिम र सुदुर पश्चिममा रहेका हिमाल, नदी, सिमसार, ताल तलैयाहरू राष्ट्रको मात्र नभई अन्तर्राष्ट्रिय महत्वको स्थान भएकोले यस क्षेत्रलाई पर्यटक स्थलको रुपमा विकास गर्दा प्राकृतिक स्वरुप एवं वातावरण नविग्रीने गरी गर्न गराउन ।
- विकास निमार्णका कार्य कार्यान्वयन गर्दा वातावरणमैत्री तथा जलवायु परिवर्तन अनुकूलन हुने खालका पूर्वाधार विकासहरूको खोजी गरी योजना बनाएर मात्र कार्यान्वयन गर्न ।
- ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं वातावरणीय स्थलमा सडक विस्तार एवं भौतिक संरचना निमार्णका कार्यहरू प्राथमिकतामा राखी यथासिघ्र सम्पन्न गर्न गराउन ।
- विकास निर्माण सम्बन्धी परियोजनाहरू सञ्चालन गर्दा वातावरण प्रदूषण रोक्न अपनाउनु पर्ने उपायहरूको अवलम्बन अनिवार्य रुपमा गर्न सम्बन्धित निकायलाइ निर्देशन दिन नेपाल सरकारलाई सिफारिस गर्नु पर्ने ।

**उद्योगहरूको सम्बन्धमा**

- बाँके जिल्लामा नेपालगंज नगरपालिकाको मुटुमा रहेको औद्योगिक क्षेत्र भित्र पुराना उद्योगहरू के कति छन् ? ति उद्योगहरूले वातावरण प्रदूषण र मानव स्वास्थ्यमा के कति असर पारेको छ ? उक्त उद्योगहरू के कुन स्थानमा स्थानान्तरण गर्न उपयुक्त हुन्छ ? सञ्चालित उद्योग क्षेत्रको कति दुरी पर मानव वस्ती बसाल्न उपयुक्त हुन्छ ? सो को विज्ञद्वारा विस्तृत अध्ययन अनुसन्धान गरी कार्यान्वयन गर्न ।
- उद्योग कलकारखानाहरूबाट निस्कने धुलो धुवाँ र गन्ध लगायत विविध खाले प्रदूषण रोकथाम र स्वच्छ एवं स्वस्थ्य वातावरण कायम राख्न उद्योगहरूमा प्रदूषण रहित उपकरणहरू जडान गरे नगरेको सम्बन्धमा प्रभावकारी अनुगमन गरी जडान नगर्नेलाई कारवाहिको दायरामा ल्याउन ।
- उद्योग कलकारखाना सञ्चालन गर्दा मानव वस्ती र वातावरणलाई प्रतिकूल प्रभाव नपार्ने गरी सञ्चालन गर्न गराउन र उद्योग कल कारखानाहरूबाट उत्पादन हुनथाले पछि त्यसबाट वातावरण र व्यक्तिलाई पर्ने नकारात्मक प्रभावको सम्बन्धमा प्रभावकारी अनुगमन गरी कार्यन्वयन गर्न गराउन ।
- मोरङ-सुनसरी औधोगिक करिडोरमा रहेका उद्योगहरूबाट निस्कासित प्रदूषित पानी सोझै नदीमा मिसाइएको पाइएकाले त्यस्तो कार्य तत्कालै बन्द गराउन लगाउन । त्यस्तै गरी सो स्थानको उद्योगहरूबाट भई रहेको वातावरण प्रदूषणका सम्बन्धमा प्रभावकारी अनुगमन गरी कानून बमोजिम स्थापित मापदण्ड पुरा नगर्ने उद्योगहरूलाई कारवाहीको दायरामा ल्याउन ।
- इलाम जिल्लामा रहेको चिया बगानमा अत्याधिक मात्रामा विषाक्त पदार्थ प्रयोग गरेको पाइएकाले सो को प्रभावकारी अनुगमन गरी न्यूनीकरणका वैज्ञानिक उपायहरू अवलम्बन गर्न ।

**वातावरण प्रभाव मुल्याङ्कन सम्बन्धमा**

- कुनै पनि विकास निर्माणका योजना र भौतिक संरचना निर्माण गरी कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई कसरी न्यूनीकरण गर्ने र अन्य वैकल्पीक उपायहरू के के हुन सक्छन् भनी विश्लेषण गरी योजना वनाई गरिने वातावरण प्रभाव मूल्याङ्कन कार्य वास्तविक र प्रभावकारी रुपमा गर्न गराउन ।

- हाल सञ्चालनमा रहेका उद्योगहरूको पनि वातावरण प्रदुषणका सम्बन्धमा समय सापेक्ष प्रभावकारी अनुगमन गरी कानूनद्वारा तोकिएका मापदण्ड पुरा नगरेका उद्योगहरूलाई कारवाहिको दायरामा ल्याउन ।

**प्राकृतिक सम्पदा सम्बन्धमा**

- जलवायु परिवर्तनका कारण जोखिममा रहेका हिमताल/सिमसार/प्रजाती, जोखिमयुक्त समुदायहरूको अवस्थाको अनुगमन अनुसन्धान गरी सो को संरक्षणको लागि विशेष व्यवस्था गर्न ।

- राष्ट्रिय तथा स्थानीय तहका सरोकारवाला व्यक्ति तथा निकायहरूमा वातावरण, विकास र मानव अधिकारको संरक्षणको लागि संवाद/वहसको वातावरण सिर्जना गर्न ।

- नदीमा फोहोर/ढल मिसाउने कार्य तत्काल रोकी प्रदूषण मुक्त पानी नदीमा मिसाई नदीलाई स्वच्छ र पवित्र राख्न ।

**सिमेन्ट उद्योग सम्बन्धमा**

- सिमेन्ट उद्योगहरूले नेपाल सरकारले निर्धारण गरेको सिमेन्ट उद्योगहरूबाट निस्कासन भई हावामा जाने धुलो सम्बन्धी मापदण्ड-२०६९ सँग सम्बन्धित धुलो न्यूनीकरणका उपायहरू पूर्ण रुपमा अनुसरण गरेको नपाइएकाले यथासिघ्र तोकिएको मापदण्ड अनुसार व्यवस्था मिलाउन र सो को नियमित प्रभावकारी अनुगमन गरी कार्यान्वयन नगर्नेहरूलाई कारवाहीको दायरामा ल्याउन ।

- दाª जिल्लामा अध्ययन गरिएका सोना र घोराई सिमेन्ट उद्योगहरू वरपरका बासिन्दाहरूबाट उद्योगले गरेको वायु प्रदूषण सम्बन्धी चर्को गुनासो आएकाले र सोको अवस्थाबारे निष्कर्षमा पुग्न प्रस्तुत अनुगमन तथा अध्ययनले गरेको मापनको अवधी अपर्याप्त भएकोले ति क्षेत्रहरूमा सबै ऋतुहरूको प्रतिनिधित्व हुने गरी वायुको गुणस्तरको मापन, अध्ययन, अनुगमन तथा अनुसन्धान गर्न गराउन ।

- अनुगमन गरिएका तिनवटै अर्घाखाँची, सोना र सिमेन्ट सिमेन्टउद्योगहरूले धूलो नियन्त्रण गर्नका लागि व्याग हाउस, इलेक्ट्रोस्ट्याटिक प्रेसिपिटेटर जस्ता उपकरणहरू प्रयोग गरेको पाइएता पनि उद्योगभित्रका विभिन्न उपकरणहरूबाट चुहावट (लिकेज) का कारण धूलोधूवाँको डिफ्यूसिभ इमिशन भएको पाइएकाले त्यसलाई यथासक्य प्रभावकारी रुपमा नियन्त्रण गर्न गराउन ।

- उद्योग परिसर भित्र धातुले बनेको सडक (Metallic Road) निर्माण अनिवार्य रुपमा गर्न, उद्योग वरिपरि हरित पेटी (Green Belt) निर्माण अनिवार्य रुपमा गर्न, उद्योग क्षेत्रभित्र नियमित रुपमा

सरसफाइ गर्ने व्यवस्था गर्न गराउन ।

- उद्योगमा श्रमिक तथा कामदारहरूको Occupational Safety and Health (OSH) को अवस्था यथाशक्य छिटो सुधार गर्ने ब्यवस्था मिलाउन र सो को प्रभावकारी अनुगमन गर्न ।
- उद्योगको IEE मा कामदारहरूलाई ध्वनी प्रदूषणबाट पर्ने असर कम गर्ने उदेश्यले EAR Plug प्रयोग गर्न लगाउने भनिएकोमा अनुगमनका क्रममा सो अनुरुप गरिएको नपाइएकोले उक्त प्रावधानलाई पालना गर्न ।
- उद्योगहरूका कार्यरत कामदारहरूका लागि नियमित स्वास्थ्य परिक्षण गर्ने व्यवस्था र गुनासो सुने संयन्त्र निमार्ण गर्न ।
- उद्योगको IEE प्रतिवेदनमा कामदारहरूलाई मास्क, पञ्जा, एप्रोन लगायत PPE (Personal Protective Equipment) उपलब्ध गराउने उल्लेख भएकोमा आयोगको अनुगमनको क्रममा कामदारहरूले एएभ प्रयोग गरेको नदेखिकोले सो को अनिवार्य प्रयोग गर्न ।
- दाङ जिल्लाका अनुगमन गरिएका सगरमाथा र घोराही सिमेन्ट उद्योग र स्थानीय बासिन्दा विच समन्वय र सहजीकरणको वातावरण निर्माण गर्न संयन्त्र वनाई प्रभावकारी रुपमा कार्यान्यिन गर्न
- वि.सं. २०६४ देखि यता लुम्बिनी क्षेत्रबाट १५ किलोमिटर भन्दा नजिकको सिधा दुरीमा उद्योगधन्दा खोल्न नपाइने नीति भएको जानकारी पाइएता पनि उक्त नीति लागु भए पश्चात स्थापना भएको अर्घाखाँची सिमेन्ट उद्योग लुम्बिनी क्षेत्रबाट करिब १२.५ किलोमिटरको दुरीमा रहेको पाइएकोले उद्योग सञ्चालन सम्बन्धी कानूनी मापदण्ड तथा कानूनहरूको प्रभावकारी रुपमा पालना गर्न र सो भए नभएको अनुगमन गर्न ।
- विश्व सम्पदाको सूचिमा स्थापीत तथा पर्यटकिय क्षेत्र लुम्बिनीमा वायु प्रदूषण बढ्न सक्ने, वायु प्रदूषणले स्थानीय वासिन्दा तथा पर्यटकहरूको श्वासप्रश्वास, छाला आदिको स्वास्थ्यमा नकारात्मक असर पर्न सक्ने पुरातात्विक महत्वका भवन, मुर्ति तथा गुम्वाहरू खिइएर बिग्रन सक्ने तथा तुवाँलो बढ्न गई Visibility मा ह्रास आइ उक्त क्षेत्रको पर्यावरण र पर्यटकिय महत्वमा ह्रास आउन सक्ने भन्ने बुझिएको हुँदा त्यस तर्फ तत्काल आवश्यक पर्यावरण तथा वातावरण संरक्षण कार्यक्रम लागु गरी कार्यान्वयन गर्न र समय सापेक्ष कानून तथा मापदण्डहरू निमार्ण गरी लागु गर्न ।
- वातावरण संरक्षण सम्बन्धमा उद्योग कलकारखाना भित्र जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्न
- वातावरण र विकासको सन्तुलन सम्बन्धमा नियमित रुपमा प्रभाव कारी अनुगमन गर्न र स्वच्छ वातावरण अवस्था सम्बन्धमा वार्षीक प्रतिवेदन सार्वजनिक गर्न ।

**विविध**

**स्वच्छ वातावरण र प्रदूषण सम्बन्धमा नीतिगत सिफारिस**

- वातावरण प्रदूषणका मापदण्डहरू समय अनुकूल र अन्तराृष्ट्रिय मापदण्ड अनुसार कानूनहरू परिमार्जन गर्न ।
- भईरहेका वातावरण कानून, मापदण्ड तथा नीतिहरूको नियमित अनुगमन गर्न अनुगमन संयन्त्र बनाई सो को प्रभावकारी कार्यान्वयन गर्न ।
- वातावरण क्षेत्रमा काम गर्न छुट्टै संरचना निर्माण गरी संघ, प्रदेश र स्थानीय तहमा विस्तार गर्न ।
- वायु प्रदूषण नियन्त्रणका विशेष र स्पष्ट नीतिको गुरुयोजना ९ऋभिबल ब्च्च ब्अतष्यल एबिलभ० निर्माण गरी लागु गर्न ।
- विकास निर्माणका योजना निर्माण र कार्यान्वयन गर्दा Enviroment Management Plan (EMP) लगायतका स्वच्छ वातावरण सम्बन्धी वैज्ञानिक नीतिहरू निर्माण गरी सो को प्रभावकारी रुपमा कार्यान्वयन गर्न ।
- जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा अनुकूलनको लागि छुट्टै कानूनी व्यवस्था गर्न ।
- नदी जन्य पदार्थको अत्यधिक दोहोन नियमन गर्न कानूनी व्यवस्था गर्न ।
- स्वच्छ वातावरण कायम राख्न उत्कृष्ट कार्य गर्ने उद्योगहरूलाई वार्षिक रुपमा पुरस्कृत गर्ने व्यवस्था गरी सो को प्रभावकारी कार्यान्वयन गर्न ।

## परिच्छेद-छ

# अनुसूचिहरू

**अनुसूचि नं. १: आयोगले नेपाल सरकारलाई आयोगको वातावरण र विकास सम्बन्धमा गरेको निर्णय कार्यन्वयनको सिफारिस पत्र**

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

च.नं. ५९१ मिति २०७५/०७/३०

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं ।

**विषय : निर्णय कार्यान्वयनको सम्बन्धमा ।**

**उजुरी नं. ९१४,** स्वच्छ वातावरणको हक, केन्द्रीय कार्यालय हरिहरभवन, ललितपुर- काठमाडौं उपत्यकामा विकास निर्माण सम्वन्धी लगायतका कार्यवाट स्वच्छ वातावरण प्रदूषण भएकोले जनमानसमा गम्भिर स्वास्थ्य सम्वन्धी असर पुगेको र सम्मानीत सर्वोच्च अदालतवाट वातावरण सम्वन्धमा भएका आदेशहरुको समेत सम्वन्धीत निकायले पालना नगरेको कारण वातावरण प्रदूषणमा वृद्धि भएको हुँदा छानविन तथा आवश्यक पहल गरीपाउँ भनी दर्ता हुन आएको उजुरी सम्बन्धमा आयोगबाट अनुगमन तथा अनुसन्धान हुँदा काठमाण्डौ उपत्यकाभित्र विकास निर्माण सम्वन्धि विभिन्न परियोजनाहरुको कार्यान्वयनका क्रममा निस्कने धुलोको कारण, सवारी साधनहरुबाट फ्याँकिने धुवाँ तथा धूलोको कारण, विभिन्न कल कारखानाहरु तथा अस्पतालबाट सृजित तथा निस्काशित रसायनयुक्त फोहोरमैलाको कारण, उपत्यकाभित्र सञ्चालित ईट्टाभट्टाबाट निस्काशित धुवाँ धुलोको कारण, उपत्यकाको फोहोर संकलन कार्य नियमित र व्यवस्थित नहुँदा सो बाट निस्कीएको फोहोरजन्य पदार्थहरुका कारण, उपत्यकाभित्रबाट संकलित फोहोरको व्यवस्थित र वैज्ञानिक विर्सजन र स्थायी विर्सजन स्थलको अभावका कारण सो बाट निस्कीएको लिचर्ड लगायतका फोहोरहरुबाट, ढल तथा खाने पानीको सुरक्षित र व्यवस्थित निकास तथा वितरण नभएका कारण सोबाट सृजित फाहोरहरुबाट, निजी निर्माण गर्दा निर्माण सामाग्रीहरु सार्वजनिक स्थल तथा सार्वजनिक सडकपेटीमा थुपारिएका कारण सोबाट सृजित फोहोर तथा धुलोबाट उपत्यकाको वातावरण दुषित हुन गई मानव स्वास्थ्यमा गम्भीर असर परी उपत्यकावासीहरुको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक हनन् हुनुको साथै मानव अधिकार उपभोगमा गम्भिर असर पर्न गएको पाइएकाले देहाय बमोजिम गर्न गराउन नेपाल सरकारलाई सिफारिश गर्ने निर्णय गरियो:

**१. विकास निर्माणका कार्य सम्वन्धमा :**

(क) विकास निर्माण सम्वन्धि आयोजना सम्पन्न गर्नु अघि पूर्णरुपमा आयोजनाको विश्लेषण गरी विकासमा मानव अधिकारमुखी पद्दती अवलम्बन गरी आयोजनाको थालनी र कार्य सम्पन्न हुने समयसम्मको तालिका बनाई त्यसलाई पूर्ण पालना भए नभएको सम्वन्धमा सम्वन्धित निकायहरुले नियमित स्थलगत अनुगमन गर्न ।

(ख) विकास निर्माण सम्वन्धि आयोजनाको सम्झौता गर्दा उक्त सम्झौता गर्ने ठेकेदारहरुलाई निर्माणाधीन कार्य क्षेत्रबाट निस्कासीत भएको प्रदुषण नियन्त्रण सम्बन्धी कानुनी प्रावधनहरुको अवलम्बन गरी समयसिमा भित्र कार्य सम्पन्न गर्ने लगायतका मानव अधिकारमैत्री वातावरणको पूर्णपालना गराउन

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

र सो को नियमित रुपमा अनुगमन गर्न । सो सम्बन्धी कानुनको पुर्ण रुपमा परिपालन गर्ने व्यवस्था मिलाउन ।

**(ग)** विकास निर्माणका कार्यलाई एकिकृत रुपमा सञ्चालन गर्न एकिकृत विकास प्रणालीको व्यवस्था गरी संचालन गर्न ।

**(घ)** विकास निर्माणको कार्य सुरुवात गर्नु अघि सम्बन्धित स्थानीय वासिन्दा र सम्वन्धित कार्यवाट प्रभावीत हुने सरोकारवाला निकायहरुको बीचमा अधिकतम समन्वय गर्न ।

**२. सवारी साधन व्यवस्थापन, मापदण्ड र कानूनको कार्यान्वयन सम्वन्धमा :**

**(क)** नेपाल सरकारले लागू गरेको मापदण्ड सबै सरोकारवालाहरुको लागि बाध्यात्मक भएकाले सो को पालना भए नभएकोतर्फ सम्बन्धित अनुगमनकारी निकायहरुबाट प्रभावकारी अनुगमन गरी कानून बमोजिम कारवाहि गर्न गराउन ।

**(ख)** नेपाल सवारी प्रदूषण मापदण्ड २०६९, वायू प्रदूषण गुणस्तर नियन्त्रण मापदण्ड २०६९ र सवारी तथा यातायात व्यवस्थापन ऐन २०४९ बमोजिम अनुगमन गर्दा प्रदूषण मापदण्ड पूरा नगरेका सवारी साधनलाई तत्काल जरिवाना गर्ने कानूनको अभाव रहेकोले सो सम्वन्धि कानूनको निर्माण गरी लागू गर्न ।

**(ग)** सार्वजनिक, निजी र सरकारी सवारी साधनहरुको काठमाडौं उपत्यकाभित्र प्रवेश गर्ने चेक पोष्टहरुमा प्रदूषण मापदण्ड जाँचको व्यवस्था गर्न र हरियो स्टीकरको व्यवस्थालाई उपत्यकाभरी विस्तार गरी सो को प्रभावकारी रुपमा लागू गराई अनुगमन गरी कार्यान्वयन गर्न ।

**(घ)** काठमाडौं उपत्यकामा संचालनमा रहेको दुई पांग्रे सवारी साधनहरुको समेत प्रदूषणको नियमित जाँचको व्यवस्था गर्न ।

**(ङ)** वायु प्रदूषण न्यूनीकरणको लागि ३ वटा स्थानमा सवारी यातायात धुवाँ प्रदूषण परिक्षण केन्द्र रहेको, दैनिक २५० भन्दा वढी सरदर रुपमा गाडीहरु तोकीएको प्रदूषण चेक जाँच गराउन आउने गरेको र उक्त चेकजाँच गर्ने स्थल साँगुरो र जाने बाटो धुलो भएको जसका कारण सर्वसाधारण र कर्मचारीकै स्वास्थ्यमा असर पुग्ने गरेको पाईएको हुँदा चेक जाँच स्थलको आवश्यक संख्यामा वृद्धि गरी वातावरण विभाग, ट्राफिक महाशाखा र यातायात व्यवस्था विभाग विच समन्वय गरी प्रभावकारी रुपमा चेक जाँचको कार्य गर्न गराउन ।

**(च)** सवारी साधनहरुबाट निस्काशित धुवाँहरुबाट, प्लाष्टिकजन्य फोहोर बालेपछि निस्कने धुवाँबाट, ईट्टा भट्टाबाट निस्कने धुवाँबाट कार्वन डाईअक्साईड र Black Carbon धेरै मात्रामा उत्सर्जन हुने पाइएको छ । यस्तो कार्वन डाईअक्साईड र Black Carbon मानव स्वास्थ्यको लागि गम्भिर प्रकृतीको दिर्घकालिन

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

नकरात्मक असर पर्न जाने भन्ने पाईएको हुँदा यस्तो कार्वन डाईअक्साईड र Black Carbon उत्सर्जन नियन्त्रण र रोकथाम गर्ने तर्फ आश्यक प्रविधि प्रयोगमा ल्याई कार्यान्वयन गर्न गराउन ।

**३. प्रारम्भिक वातारणीय परिक्षण र वातावरणीय प्रभाव मुल्याकंन सम्वन्धमा :**

(क) कुनै पनि विकास निर्माण, उद्योग तथा कलकारखाना लगायतका भौतिक संरचना निर्माण र कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने नकारात्मक प्रभावलाई कसरी न्यूनीकरण गर्ने र अन्य वैकल्पीक उपायहरु के के हुन सक्छन् भनि विश्लेषण गर्नको लागि प्रारम्भिक वातारणीय परिक्षण(IEE) र वातावरणीय प्रभाव मुल्याकंन(EIA) महत्वपुर्ण प्रकृया भएपनि IEE र EIA गर्दा प्रभावकारी रुपमा नगरेको पाइएको हुँदा प्रभावकारी रुपमा गर्न गराउन सम्बन्धित निकायलाई निर्देशन दिई कार्यान्वयन गर्न गराउन ।

**४. फोहोरमैला संकलन र व्यवस्थापन सम्वन्धमा :**

(क) फोहोरमैला व्यवस्थित गर्दा कुहिने र नकुहिने फोहोरलाई स्रोतमै वर्गिकरण गरी बेग्लाबेग्लै गाडीमा संकलन गरी फोहोरमैला व्यवस्थापन स्थल (ल्याडफिल्ड साइट) मा विसर्जन गर्ने व्यवस्था गर्न ।

(ख) फोहोरमैलाहरु संकलन गर्ने समय तालिका निर्धारण गरी प्रत्येक गाउँ, टोल वा स्थानमा वितरण गर्ने र सो समयतालिका बमोजिम संकलन गरी तत्कालै विसर्जन गर्ने व्यवस्था मिलाउन ।

(ग) फोहोरमैला संकलन गर्ने व्यक्तिहरुले सडक सफा गर्दा निकस्ने फोहोरका साथै अनाधिकृत रुपमा भित्ता र विजुलीको पोलमा टाँसिएको विज्ञापन, पोष्टर, पम्पलेटहरु समेत संकलन गरी विसर्जन गर्न ।

(घ) फोहोरमैला नियमित रुपमा संकलन नगरी सडकमा छाड्नाले त्यस्ता फोहोरहरुलाई विसर्जन गर्ने क्रममा स्थानिय व्यक्तिहरुले खुला स्थानमा आगो लगाउने कार्य भइरहेको हुँदा उक्त कार्यले कार्वन उत्सर्जन भई वायू प्रदूषण हुने हुँदा तत्कालै फोहोरमैला सफा र संकलन गर्ने र फोहोरलाई आगो लगाई डढाउने कार्य तत्काल रोक लगाउने व्यवस्था गर्न ।

**५. फोहोरमैला विसर्जन स्थल (ल्याण्डफिल्ड साइट) सम्वन्धमा :**

(क) ल्याण्डफिल्ड साइट, ओखरपौवामा फोहोर विसर्जनको थुप्रोवाट निस्कने लिचर्डलाई व्यवस्थापन नगरी खोलामा मिसाएको देखिएकोले उक्त विषाक्त तथा रसायनयुक्त लिचर्डवाट मानव र अन्य प्राणी जगत समेतको स्वास्थ्यलाई प्रतिकुल असर पर्ने हुदा उक्त लिचर्डलाई ट्रिटमेण्ट प्लान्टको प्रयोग गरी पानीलाई शुद्ध गरी खोलामा मिसाउने व्यवस्था गर्न ।

(ख) हाल सञ्चालनमा रहेको ल्याण्डफिल्ड साइट, ओखरपौवाट प्रत्यक्ष प्रभावीत स्थानीय वासिन्दाहरुलाई सो स्थानवाट तत्काल स्थानान्तरण गरी समय सापेक्ष मुआव्जा उपलब्ध गराउन ।

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

(ग) अव्यवस्थित र खुला ल्याण्डफिल्ड साइट संचालन गरेको कारणले ल्याण्डफिल्ड साइट, ओखरपौवा वरिपरि रहेका बासिन्दाहरुको स्वास्थ्यमा दिनानुदिन नकरात्मक असर परिरहेको पाइएकाले निजहरुको निःशूल्क स्वास्थ्य परीक्षण गर्नुका साथै फोहोरमैला संकलन गर्ने मजदुरहरुको नियमित स्वास्थ्य जाँच गरी निरोधात्मक उपायहरुको व्यवस्था गर्न ।

(घ) उक्त ल्याण्डफिल्ड साइटका सडकहरुमा फोहोर ढुवानी गर्ने गाडीहरुका कारण सडक छिटो छिटो भत्कीने, भत्कीएका सडकहरु समयमा मर्मत नहुने र गाडी कुदाउदा धेरै धुलो उड्ने गर्दा वालाजुदेखि ओखरपौवासम्मको सडक वाटो नियमित मर्मत गर्न र धुलो उड्न नदिने उपाय अपनाउने व्यवस्था गर्न ।

(ङ) फोहोरमैला व्यवस्थापन गर्ने ल्याण्डफिल्ड साइटको वैज्ञानिक तथा स्थायी व्यवस्था नभएकोले समय समयमा काठमाडौं उपत्यकामा फोहोर संकलन नभई घर र सडकमा फोहोर थुपारिनाले फोहोरबाट निकाष्सन हुने विषाक्त ग्यासले वायू प्रदुषण भई मानव स्वास्थ्यमा असर पर्ने हुँदा तत्काल ल्याण्डफिल्ड साइटको स्थायी र वैज्ञानिक रुपमा व्यवस्थापन गर्न ।

**६. रसायनयुक्त संक्रमीत र साधारण फोहोरमैला व्यवस्थापन सम्वन्धमा:**

(क) उद्योग, कलकारखाना तथा अस्पतालवाट निस्कासीत फोहोरमैलाहरु रसायनयुक्त र विषाक्त किसिमको हुने भएकोले त्यस्ता फोहोर मैलाहरु सावधानी पूर्वक विसर्जन गर्नुपर्ने हँदा कानूनले नै यस्तो रसायनयुक्त र विषाक्त किसिमको फोहोरमैलाहरु उत्पादन गर्ने संस्था/निकायले आफैले नै व्यवस्थापन गर्नुपर्ने भन्ने व्यवस्था गरेको सन्दर्भमा उक्त कानूनी व्यवस्थाको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा नियमित रुपमा अनुगमन गरी कार्यान्वयन गर्न ।

**७. ईट्टाभट्टा उद्योग सम्वन्धमा:**

(क) काठमाडौं उपत्यकाभित्र विभिन्न स्थानमा जथाभावी ईट्टाभट्टा उद्योगहरु सञ्चालनमा रहेको जसबाट अत्याधिक धुलो धुवाँहरु निस्कासित हुने गरेको, उक्त धुलो धुवाँहरुबाट वायु प्रदुषण भई मानव स्वास्थ्यमा गम्भिर असर परेको, वातावरण स्वच्छ राख्ने सम्बन्धमा कुनै पनि उपायहरु अवलम्बन नगरेको पाइएकाले ईट्टाभट्टा उद्योगलाई वातावरणमैत्री बनाउन, वैज्ञानिककरण गर्न र प्रदुषण न्यूनीकरण गर्न अवलम्बन गर्नु पर्ने सम्पुर्ण उपायहरुको अवलम्बन गर्न लगाई सो को प्रभावकारी कार्यान्वयन गर्न गराउन ।

(ख) उद्योगको वरिपरि रहेका बासिन्दाहरुको स्वास्थ्यमा परेको असर र समग्र वातावरण समेत प्रदुषण भएको विषयलाई मध्यनजर गरी तत्कालै वातावरणमैत्री हुने उपकरणको जडान सबै ईट्टाभट्टा उद्योगमा गर्न लगाई त्यसको नियमित अनुगमन गर्न ।

(ग) ईट्टाभट्टा उद्योगमा काम गर्ने व्यक्ति र बालबालिकाहरु समेतलाई प्रत्यक्ष रुपमा स्वास्थ्यमा असर परेको देखिदा नियमित स्वास्थ्य परिक्षण गराउने व्यवस्था गर्न ।

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

**८. वायु प्रदुषण मापन यन्त्रको विस्तार र विश्लेषण सम्बन्धमा :**

(क) वातावरण विभागवाट काठमाडौं उपत्यकामा केही स्थानमा मात्र वायु प्रदुषण मापन यन्त्र जडान गरी अनलाईनमा सुचनाको अधिकार स्वरुप राखि कार्यान्वयन गरीरहेको पाइएतापनि यस प्रविधीलाई अफ विस्तार गरी उपत्यकाको प्रमुख नाकाहरुमा राख्न लगाउन र त्यसको अनुगमन र तथ्यांकहरुको विश्लेषण नियमित गर्न गराउन ।

(ख) वायु प्रदुषणको तथ्याङ्क नियमित संकलन गरी सार्वजनिक गर्न, तथ्याङ्क अनुसार वायु प्रदुषण न्युनीकरण गर्नु पर्ने दायित्व भएका निकायहरुलाई जानकारी दिन र सम्बन्धित कार्यालयले सो को लागि गर्नपर्ने सम्पुर्ण उपायहरुको पहिचान गरी न्यूनीकरणको उपायहरु तत्काल लागू गर्न वातावरण विभागलाई निर्देशन गर्न ।

**९. सडक पेटी सफाई र हरियाली व्यवस्थापन सम्वन्धमा :**

(क) वायु प्रदुषण वृद्धि गर्न मद्धत पुग्ने कारणहरु मध्ये सडक पेटीको फोहोर व्यवस्थापन नहुनु र सडक छेउको बोटविरुवाको मर्मत सम्भार उचित किसिमले नहुनु पनि रहेको पाइएकाले सडक र पेटीलाई बिहान ६ बजेसम्म सफा गरी सक्न, सो स्थानवाट संकलित फोहर तत्काल विसर्जन गर्ने व्यवस्था गर्न र सडक छेउमा बोट विरुवा रोप्न र सो को संरक्षणको कार्ययोजना बनाई लागु गर्न ।

**१०. नियमित अनुगमन र जनचेतना र क्षतिपुर्ति सम्वन्धमाः**

(क) वातावरण विभाग अन्तरगत अनुगमन गर्ने संयन्त्र र कर्मचारीको अनुगमन कार्य प्रभावकारी नदेखिएकोले विद्यमान ऐन कानून र नेपाल सरकारको नीति अनुरुप नियमीतरुपमा प्रभावकारी अनुगमन गरी आवश्यक निर्देशन सुझाव तथा कारवाही संयन्त्रको निर्माण गर्न ।

(ख) कुनै पनि विकास निर्माणको अवधिमा आयोजनाको कामहरुको प्रगति कानून बमोजिम भएको छ छैन भन्ने नियमित अनुगमन गर्ने र सो को अभिलेख राख्ने व्यवस्था गर्न ।

(ग) विकास निर्माणको आयोजनाको कार्यान्वयन सम्बन्धमा आयोजना स्थलका स्थानीय वासिन्दाहरु र स्थानीय सरकारका जनप्रतिनिधीहरु सहितलाई राखी जनचेतनामूलक कायक्रमहरु संचालन गर्न गराउन ।

(घ) वायु प्रदूषणका कारणले असर परेका पीडितहरुलाई तत्काल निशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउन र त्यस्ता पीडितहरुलाई नेपालको संविधानको धारा ३०(२) वमोजिम क्षति वापत प्रदुषकवाट क्षतिपूर्ति उपलब्ध गराउन तत्काल आवश्यक कानूनको निमार्ण गर्न" भनी आयोगबाट मिति २०७५/०७/२८ मा निर्णय भएको छ ।

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
केन्द्रिय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

अतः आयोगबाट ठहर भए बमोजिम निर्णयको कार्यान्वयन गरी राष्ट्रिय मानव अधिकार आयोग ऐन २०६८ को दफा १७ बमोजिम तीन महिना भित्र सो को जानकारी आयोगलाई उपलब्ध गराइदिनुहुन निर्णयानुसार अनुरोध गरिन्छ ।

**बोधार्थ तथा कार्यार्थ :**
श्री गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

श्री वन तथा वातावरण मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, सिंहदरवार, काठमाडौं ।

**बोधार्थ**
श्री राष्ट्रिय मानव अधिकार आयोग, प्रदेश नं. ३ कार्यालय, सानेपा ।

.........................
(लोकनाथ बास्तोला)
उप-निर्देशक
अनुसन्धान महाशाखा

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

## अनुसूचि नं. २: वातावरण र विकास सम्बन्धमा आयोगको विज्ञप्ति तथा प्रेस नोटहरू

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

### प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ श्रावण १२

**बाढी तथा पहिरो पीडितहरुको लागि तत्काल आवश्यक व्यवस्था गर्न सरकारको ध्यानाकर्षण**

गत केही दिन देखि परेको लगातार परिरहेको वर्षाका कारण देशका प्यूठान, गुल्मी, पाल्पा, बाग्लुङ्ग, मकवानपुर, रुपन्देहि, अर्घाखाँची, सप्तरी, सिराहा, सर्लाही, काठमाण्डौ, दोलखा, झापा, मोरङ्ग, सुनसरी, दाङ्ग, लगायतका जिल्लाहरुमा भएको ठूलो जनधनको क्षतिप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

बाढी, पहिरोबाट विभिन्न जिल्लामा २८ जनाको मृत्यू भएको, २४ जना बेपत्ता भएको, १० जना घाइते भएको तथा हजारौ व्यक्ति विस्थापित भएको समाचारहरु सञ्चार माध्यमबाट आइरहेका छन् । विस्थापितहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न समेत आयोग आग्रह गर्दछ । विभिन्न नदी किनारमा आश्रय लिई जोखिमपूर्ण अवस्थामा रहेका सुकुम्बासी बस्तीहरुलाई बाढीले झन् असर गरीरहेको सो बस्तीहरुलाई पनि राहत एवं आवश्यक उद्धार गर्न नेपाल सरकारलाई आयोग आग्रह गर्दछ । प्राकृतिक प्रकोपबाट हुने जनधनको क्षति हुन नदिन राज्यले संवेदनशीलता देखाई परिस्थितिलाई समेत मध्यनजर राखी आवश्यक पर्ने उपकरण र अन्य सामग्रीको यथोचित व्यवस्थागर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

बाढी, पहिरोबाट थप जनधनको क्षति हुन नदिन, पूर्व सावधानी अपनाउन, जोखिममा परेका सुत्केरी महिला, बालबालिका, जेष्ठ नागरिक तथा असहाय व्यक्तिहरुलाई आवश्यकता अनुसार तत्काल उद्धार, राहत तथा पुन:स्थापनाको व्यवस्था मिलाई नागरिकको बाँच्न पाउने अधिकारको रक्षा गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, आयोगले विगत वर्षहरुमा गराएको ध्यानाकर्षण एवं आग्रह अनुरुप प्राकृतिक प्रकोप पीडित व्यक्तिहरुको आकष्मिक स्थायी बसोबासको व्यवस्था मिलाउन समेत पुन:स्मरण गराँदछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: ww.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस नोट

२०७५ भदौ २२

### स्वच्छ र स्वस्थ वातावरणीय अधिकार संरक्षण सम्बन्धमा आयोगको चासो

राष्ट्रिय मानव अधिकार आयोगले काठमाडौं उपत्यकालगायत देशका विभिन्न भागमा सरसफाई तथा स्वच्छ वातावरणको समस्याका कारण सर्वसाधारणको स्वास्थ्यमा पर्न गएको असरप्रति चासो व्यक्त गर्दै मिति २०७५ भदौ २४ गते सरकारी निकायका प्रमुखहरुसँग छलफल गर्दैछ ।

नेपालको संविधान (२०७२) को धारा ३५ (४) ले प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक एवं धारा ३० (१) ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकका साथै प्रदुषणबाट हुने क्षति वापत पीडितलाई क्षतिपूर्ति पाउने हकको समेत व्यवस्था गरेको छ ।

आयोगका माननीय अध्यक्ष अनूप राज शर्माको अध्यक्षतामा सम्पन्न हुने उक्त छलफलमा आयोगका माननीय सदस्य सुदिप पाठक, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघीय मामिला तथा सामान्या प्रशासन मन्त्रालय, वन तथा वातावरण मन्त्रालयका सचिवहरु, काठमाडौं र ललितपुर महानगरपालिका एवं भक्तपुर नगरपालिका प्रमुखहरु लगायतको उपस्थिति रहने कार्यक्रम रहेको छ ।

वेद भट्टराई
सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस नोट

२०७५ भदौ २२

### स्वच्छ र स्वस्थ वातावरणीय अधिकार संरक्षण सम्बन्धमा आयोगको चासो

राष्ट्रिय मानव अधिकार आयोगले काठमाडौं उपत्यकालगायत देशका विभिन्न भागमा सरसफाई तथा स्वच्छ वातावरणको समस्याका कारण सर्वसाधारणको स्वास्थ्यमा पर्न गएको असरप्रति चासो व्यक्त गर्दै मिति २०७५ भदौ २४ गते सरकारी निकायका प्रमुखहरुसँग छलफल गर्दैछ ।

नेपालको संविधान (२०७२) को धारा ३५ (४) ले प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक एवं धारा ३० (१) ले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकका साथै प्रदुषणबाट हुने क्षति बापत पीडितलाई क्षतिपूर्ति पाउने हकको समेत व्यवस्था गरेको छ ।

आयोगका माननीय अध्यक्ष अनूप राज शर्माको अध्यक्षतामा सम्पन्न हुने उक्त छलफलमा आयोगका माननीय सदस्य सुदिप पाठक, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, संघीय मामिला तथा सामान्या प्रशासन मन्त्रालय, वन तथा वातावरण मन्त्रालयका सचिवहरु, काठमाडौं र ललितपुर महानगरपालिका एवं भक्तपुर नगरपालिका प्रमुखहरु लगायतको उपस्थिति रहने कार्यक्रम रहेको छ ।

वेद भट्टराई
सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ साउन २२ गते

### विकास पद्धतिलाई मानव अधिकारमूखी बनाउ

**रौतहटमा सडक खाल्डोमा डुबी चार बालिकाको मृत्यु भएको घटना सम्बन्धमा आयोगको अनुसन्धान शुरु ।**

रौतहट जिल्लाको गरुडा न.पा. वडा नं. ४, गौर चन्द्रनिगाहपुर सडक खण्ड छेउको खाल्डोमा डुबी हिजो श्रावण २१ गते चार जना बालिकाको मृत्यु भएको घटनाका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले स्वविवेकमा उजुरी ग्रहण गरी छानवीन प्रारम्भ गरेको छ । उक्त दुःखद घटनाको सम्बन्धमा आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

घटनाको अनुसन्धानका लागि क्षेत्रीय कार्यालय जनकपुरबाट एक अनुसन्धान टोली घटनास्थलतर्फ आजै खटाइएको छ । विकासको अधिकार मानव अधिकारको अभिन्न अंग हो । आम नागरिकको विकासको अधिकारलाई सुनिश्चत र कार्यान्वयन गर्दा सरकारले मानव अधिकार विकास पद्धतिको अवलम्बन गरी आम नागरिक र विशेष गरी बालबालिका, महिला, वृद्ध, अपांगता भएका व्यक्तिको जीवनको अधिकारको संरक्षण गरिनु पर्ने कुरामा सरकार जिम्मेवार रहनुपर्ने आयोग स्मरण गराउन चाहन्छ । साथै सार्वजनिक निर्माणको क्रममा निर्माण कम्पनीहरूबाट हुने गरेको लापरवाही र सरकारी निकायको उदासिनताको कारण व्यक्तिले जीवनको अधिकार नै गुमाउनु पर्ने अवस्था सृजना हुनु अत्यन्त दुःखद स्थिति हो । भविष्यमा यस्ता लापरवाहीपूर्ण कार्य हुननदिन नेपाल सरकार जिम्मेवार रहनु पर्दछ भन्ने आयोगको निष्कर्ष छ ।

उल्लेखित घटनाबाट भएको मानवीय क्षतिप्रति पूर्ण संवेदनशील हुँदै दोषीलाई कारवाही गरी भविष्यमा यस किसिमको घटना दोहोरिन नदिन अपनाउनु पर्ने पूर्व सतर्कता अपनाउन तथा पीडित परिवारलाई उचित राहत एवं क्षतिपूर्ति प्रदान गर्न समेत आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

वेद भट्टराई
सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu. Nepal
Email: nhrc@nhrcnpl.org. Website: www.nhrcnpl.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस नोट

२०७५ भदौ ३

### आयोगद्वारा विकास र वातावरण संरक्षण तथा उपभोक्ताको अधिकार लगायतका मानव अधिकारका समग्र विषयमा सरोकारवाला निकायसँग छलफल

राष्ट्रिय मानव अधिकार आयोगले काठमाण्डौं उपत्यकाको भौतिक पूर्वाधारको विकास निर्माणको अवस्था, यसबाट वातावरण र मानव अधिकारको उपभोगमा पर्न गएको असर, लगायतका समग्र मानव अधिकारका विषयमा कानुन कार्यान्वयन गर्ने निकायको भूमिका सम्बन्धमा सरोकारवाला निकायसँग आज छलफल गरेको छ ।

कार्यक्रममा बोल्दै आयोगका सदस्य सुदिप पाठकले काठमाण्डौं उपत्यकामा भौतिक पूर्वाधार निर्माणका क्रममा सिर्जित वातावरणीय प्रदुषण एवं खाद्यान्नमा भएका मिसावटबाट मानव जीवनमा परेको प्रभाव, हिरासत तथा कारागारमा मानव अधिकारको अवस्था, फोहोरमैला व्यवस्थापनमा देखिएका समस्या लगायतका मानव अधिकारसँग सम्बन्धित विषयमा काठमाण्डौं, भक्तपुर र ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु एवं प्रहरी प्रमुखहरुको ध्यानाकर्षण गराउनु भएको थियो । साथै वहाँले उल्लेखित समस्याहरुको सुधारका बारेमा आगामी छ महिनामा आयोगलाई जानकारी गराउन निर्देशन समेत दिनुभएको थियो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारीहरु एवं प्रहरी प्रमुखहरुबाट पूर्वाधार विकास र त्यसले पारेको प्रभाव, उपभोक्ताको अधिकार संरक्षण लगायतका मानव अधिकारका विषयहरुमा सचेत रहेको बताउँदै आगामी दिनमासमेत प्रभावकारीरुपमा क्रियाशील रहने प्रतिवद्धता व्यक्त गरिएको थियो । उक्त छलफलमा आयोगका निर्देशक, उपनिर्देशक तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौं, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ भदौ २३ गते

### आयोगद्वारा विकास, वातावरण र मानव अधिकार विषयक छलफल

राष्ट्रिय मानव अधिकार अयोगले आज विभिन्न सरोकारवाला विच विकास, वातावरण र मानव अधिकार विषयक अन्तर्क्रियात्मक छलफल गरेको छ । विकास निर्माणका क्रममा वातावरणको विनास भैरहेको परिप्रेक्ष्यमा विकासलाई वातावरणमैत्री र मानव अधिकारमैत्री बनाउन पहल गर्ने उद्देश्यले आयोगद्वारा यस छलफलको आयोजना गरिएको हो ।

कार्यक्रममा बोल्दै आयोगका अध्यक्ष अनूप राज शर्माले मानव अधिकारको क्षेत्रमा वातावरणको अधिकार महत्वपूर्ण र गम्भीर विषयको रुपमा रहेकोले आयोगले चासोका साथ हेरिरहेको बताउनु भएको छ । साथै, उहाँले विकास निरन्तर चलिरहने प्रक्रिया भएकोले यसलाई अन्त्य गर्ने होइन विकासबाट शिक्षा लिनुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रमका सहभागीहरुद्वारा स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारको सुनिश्चितता हुनुपर्ने, वातावरण र विकासलाई सन्तुलित रुपमा अगाडि बढाउनुपर्ने, विकासलाई मानव केन्द्रित बनाउनुपर्ने, स्वच्छ हावा तथा वातावरण संरक्षण सम्बन्धी छुट्टै कानून निर्माण गरी प्रभावकारी कार्यान्वयन गरिनुपर्ने कुरामा जोड दिइएको थियो । साथै, वातावरणको विनास तथा जलवायू परिवर्तनका कारण नेपाल लगायत विश्वमा वर्षेनी हजारौ व्यक्तिहरुले ज्यान गुमाउनु परेको र विभिन्न प्राण घातक रोगबाट पीडित हुनुपरेको अवस्थाप्रति आयोग सँगै सबै सरोकारवालाहरुको ध्यान जान जरुरी रहेको सहभागीहरुद्वारा बताइएको छ ।

त्यसैगरी, कार्यक्रममा जनसंख्या तथा वातावरण मन्त्रालयका निमित्त सचिव राम प्रसाद लम्साल, वरिष्ठ अधिवक्ता प्रकाश मणी शर्मा, काठमाण्डौ युनिभर्सीटीका प्राध्यापक शिव पौडेलद्वारा वातावरण, विकास तथा मानव अधिकार विषयमा प्रस्तुति गएिको थियो । उक्त कार्यक्रममा आयोगका सदस्य सुदिप पाठक, पूर्वमन्त्रीहरु गणेश शाह, दिपक ज्ञवाली, वातावरण विज्ञ अजय दिक्षित, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव, नेपाल बार एशोसिएशन, नेपल वातावरण पत्रकार समूह, नेपाली सेना पत्रकार लगायतको उपस्थिति रहेको थियो ।

वेद भट्टराई
सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७२ चैत्र २९ गते

**आगलागीका घटनाप्रति आयोगको ध्यानाकर्षण**

देशका विभिन्न स्थानमा भइरहेको आगलागीका कारण ठूलो धनजन र वन विनास भएको भनी विभिन्न संचार माध्यममा आएका समाचारप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आगलागीका थप घटनाहरु घट्न नदिन, पूर्व सावधानी अपनाउन तथा आगलागी हुन नदिन यथाशीघ्र आगो नियन्त्रण गर्नको लागि आवश्यक पर्ने उपकरणहरु र अन्य सामाग्रीको यथोचित व्यवस्था गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

प्राकृतिक प्रकोपबाट हुने जनधनको क्षति हुन नदिन राज्यले संवेदनशीलता देखाई परिस्थितिलाई समेत मध्यनजर राखी तत्काल उद्दार, राहत तथा पुर्नस्थापनाको व्यवस्था मिलाउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

मोहना अन्सारी

सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: ww.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस विज्ञप्ति

(आमसञ्चार माध्यममा तत्काल प्रयोजनको लागि)

२०७४ असार २२ गते

### डुबान र बाढीबाट पीडित नागरिकको अविलम्ब उद्धार गर

हालै भएको अबिरल बर्षाले मुलुकका बिभिन्न भागमा भएको डुबान एवम् बाढी पछि सिर्जित अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको ध्यानाकर्षण भएको छ । आयोगले सप्तरी, कैलाली, जुम्ला, कालिकोट लगायतका जिल्लाहरूमा गरेको अनुगमनबाट बाढीका कारण स्थानीयबासीन्दाको घरमा खोला पसी क्षति पुर्याएका कारणले बिस्थापित हुनु परेको, धन-बालीको क्षति हुन पुगेको, बाँध लगायतका संरचना भत्किएको कारणबाट थप मानवीय संकट आउने देखिएको छ । बाढीबाट बिस्थापितहरूको लागि तत्कालै गाँस, बास र स्वाश्थ्यको उचित व्यबस्था नरहेकोले पिडीतहरू कष्टकर जीवन बिताउन बाध्य भएको पाईएको छ । जुम्ला जिल्लामा ३ दिन देखिको निरन्तर बर्षाका कारण हवाई यातायत अबरूद्ध भई दैनिक जीवन यापनमा कठिनाई भएको छ ।

नेपालको संबिधान २०७२ को धारा १६ को प्रत्येक नागरिकको सम्मानपूर्वक बाँच्न पाउने हक, धारा ३७ को आवासको हक, धारा ३६ को खाद्य सम्बन्धी हक, धारा ३५ को स्वाश्थ्य सम्बन्धी हक तथा संयुक्त राष्ट्र संघको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी महासन्धी १९६६ को धारा १२ ले ब्यवस्था गरे अनुसार महामारी र प्रकोप नियन्त्रण गरी नागरिकको स्वास्थ्यको अधिकार तथा सम्मान पुर्वक बाँच्न पाउने हक सुनिश्चित गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गर्दछ ।

डुबान एवम् बाढीपछि देखा पर्न सक्ने सरूवा रोगको प्रकोप तथा महामारी आउन नदिन सबै सचेत हुनु पर्ने देखिन्छ । देशको दक्षिणि सीमामा निर्माण गरिएको तटबन्ध तथा सडकबाट नेपाली भूभागमा पर्न गएको प्रभाव, तटबन्धको अन्तर्राष्ट्रिय सीमा मापदण्ड तथा प्राविधिक पक्षका सम्बन्धमा समेत विस्तृत अध्ययन गरी उत्पन्न हुने जलप्रकोप र मानवीय संकटको यर्थाथपरक ढंगबाट संबोधन गर्न आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी
सदस्य प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

प्रेस विज्ञप्ति

२०७४ पौष २३ गते

**शीतलहर तथा चिसोबाट प्रभावितहरुको जीवन रक्षा गर ।**

मौसम परिवर्तनसँगै तराईमधेश, उच्च पहाडी तथा हिमाली भेग लगायत देशका विभिन्न भागमा केही दिन यता चिसो बढ्न गई सर्वसाधारणको मृत्यु समेत भएको तथा दैनिक जीवनमा पर्न गएको कष्टकर अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

शीतलहर, हिमपात तथा चिसोका कारण हुम्ला, जाजरकोट, सप्तरी, सिराहा, रौतहट, कपिलवस्तु लगायतका जिल्लामा दुई दर्जन बढी व्यक्तिको ज्यान गएको अनुगमनबाट पाइएको छ । लामो समय देखि त्रिपालमा बस्दै आएका बाढी पीडित तथा भूकम्प पीडितहरू, मुसहर वस्तीका बासिन्दाहरू एवम् न्यून आयस्रोत भएका समुदायका बालबालिका, जेष्ठनागरिक, सुत्केरी एवम् विरामी व्यक्तिहरु उच्च जोखिममा रहेको अनुगमनबाट बुझिएको छ । चिसो बढेसँगै रुघाखोकी, ज्वरो, निमोनिया, दम, कोल्ड डाइरीया जस्ता रोगहरुको प्रकोप बढ्न गई जनजीवन कष्टकर बन्दै गएको, स्थानीय स्वास्थ्यचौकी तथा अस्पतालहरूमा विरामीको चाप बढिरहेको तर औषधी र स्वास्थ्यकर्मी नहुँदा विरामीहरु उपचारबाट वञ्चित हुनुपरेको, सिटामोल लगायत सामान्य औषधीको अभावमा रुघाखोकी, ज्वरो र कोल्ड डाइरीयाबाट व्यक्तिको ज्यान समेत गएको बुझिएको छ ।

शीतलहर र चिसोबाट सम्भावित जोखिमलाई न्यूनीकरण गर्दै थप जनजीवन प्रभावित हुन नदिनेतर्फ सचेत रहन, प्रभावित क्षेत्रहरूमा पर्याप्त औषधी र स्वास्थ्यकर्मीहरूको व्यवस्था गर्न, स्वास्थ्यकर्मीहरूको विशेष टोली परिचालन गर्न तथा शीतलहर एवम् हिमपातबाट प्रभावितहरुलाई आवश्यक राहत सामग्री एवम् न्यानोको व्यवस्था गरी नागरिकको मानव अधिकारको संरक्षण गर्न आयोग नेपाल सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

**प्रेस नोट**

२०७५ पुस ६ गते

## काठमाण्डौ उपत्यका लगायतका स्थानमा बढ्दै गएको वातावरण प्रदुषण सम्बन्धमा विज्ञहरुसँग छलफल

राष्ट्रिय मानव अधिकार आयोगले काठमाण्डौ उपत्यका लगायतका स्थानहरुमा विकास निर्माण लगायतका परियोजनाहरुको कार्यान्वयनबाट, देशको विभिन्न स्थानमा स्थापित एवम् सञ्चालित उद्योग धन्दाहरुबाट वातावरण र मानव स्वास्थ्यमा पर्न गएको गम्भीर असरका बारेमा राय/सुझाव लिने उद्देश्यले वातावरण विज्ञ तथा नेपाल सरकारका प्रतिनिधिहरुसँग छलफल गरेको छ ।

छलफलका क्रममा काठमाण्डौ उपत्यकामा बढ्दै गएको वातावरण प्रदुषण र सोबाट आम नागरिकमा परेको नकारात्मक असर तथा सुरक्षाका उपायहरु, देशका विभिन्न स्थानमा स्थापित र सञ्चालित उद्योगहरुको स्थापना एवम् सञ्चालन प्रकृया, त्यसबाट निस्कने धुलो धुवाँ र उक्त धुलो धुवाँबाट आम नागरिकको जीवन र स्वास्थ्यमा पर्न गएको नकारात्मक असर, वायु प्रदुषण कम गर्न अपनाउनु पर्ने उपायहरु, नेपाल सरकारको अनुगमन तथा नियन्त्रण प्रकृया लगायतका विषयमा छलफल तथा विश्लेषण गरिएको छ । आगामी दिनमा यस सम्बन्धमा आयोगले गर्ने अध्ययन/अनुगमन तथा नेपाल सरकारले गर्नुपर्ने प्रभावकारी कार्यहरुको बारेमा सुझाव प्राप्त भएको छ । छलफलका क्रममा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट स्वच्छ वातावरण कायम राख्न गर्नु पर्ने कार्यका सम्बन्धमा समेत सुझाव प्राप्त भएको छ ।

छलफलमा आयोगका माननीय सदस्य सुदिप पाठक संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय र वातावरण विभागका उच्च अधिकृतहरु, आयोगका निर्देशक तथा उपनिर्देशक लगायत आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

वेद प्रसाद भट्टराई
सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org

## अनुसूचि नं. ३ः अन्तरकृया/गोष्ठी कार्यक्रमका सुझाव तथा सिफारिस

१. **राष्ट्रिय मानव अधिकार आयोगद्वारा विराटनगर र इलाममा मिति २०७५/१०/१३ र १५ गते आयोजना गरिएको वातावरण, विकास र मानव अधिकार विषयक १ नं प्रदेश स्तरिय गोष्ठी कार्यक्रमको सुझावहरूः**

सुझाव तथा सिफारिस

- कलकारखाना र उद्योग दर्ता गर्दा तोकिएको कानून वमोजिम वातावरण प्रभाव मुल्याङ्कन र प्रारम्भिक वातावरण परिक्षण अनिवार्य र प्रभावकारी रुपमा गर्न गराउन र गरे नगरेको सम्बन्धमा नियमनकारी निकायबाट प्रभावकारी अनुगमन गर्न गराउन नेपाल सरकारलाई सिफारिस गर्नु पर्ने ।
- स्वच्छ वातावरण कायम राख्न स्थानीय जनसमुदाय, उद्योग सञ्चालनकर्तालाई जनचेतानामुलक कार्यक्रम सञ्चालन गराउने ।
- नेपालको हरियाली जिल्लाको रुपमा चिनिने ईलाम जिल्लालाई विषादी मुक्त र प्रदूषण मुक्त वनाउने सवै वैज्ञानीक उपायहरू अवलम्वन गर्ने ।
- विकास निर्माण सम्बन्धी परियोजनाहरू सञ्चालन गर्दा वातावरण प्रदूषण रोक्न अपनाउनु पर्ने उपायहरूको अवलम्बन अनिवार्य रुपमा गर्न सम्बन्धित निकायलाइ निर्देशन दिन नेपाल सरकारलाई सिफारिस गर्नु पर्ने ।

२. **राष्ट्रिय मानव अधिकार आयोग हरिहरभवन ललितपुर मा** २०७४ साल भाद्र २३ गते **आयोजना गरिएको वातावरण, विकास र मानव अधिकार विषयक अन्तरक्रिया कार्यक्रमको सुझावहरूः**

- स्वच्छ वातावरणको विषयमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित निर्णयहरूको प्रभावकारी कार्यान्वयनको लागि पहल गर्ने ।
- वातावरण र विकास निर्माण सम्बन्धमा भइरहेका राष्ट्रिय कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्न पहल गर्ने ।
- वातावरण तथा विकास सम्बन्धी भईरहका राष्ट्रिय कानूनहरूको पुनरावलोकन गर्ने ।
- वातावरण, विकास र मानव अधिकार विषयमा नेपाल सरकार पक्ष रहेका अन्तर्राष्ट्रिय कानूनहरूको दायित्व प्रति सरकारलाई संवेदनशिल वनाउने ।
- स्वच्छ हावा, स्वच्छ पानी लगायतका वातावरण जोगाउन आवश्यक पर्ने समयानुकुल कानूनहरू तर्जुमा गर्ने ।
- जलवायु परिवर्तनका कारण जोखिममा रहेका हिमताल/सिमसार/प्रजाति, सीमान्तकृत, संकटासन्न समुदाय हरूको अवस्थाको अनुगमन अनुसन्धान गरी सो को संरक्षणको लागि सरकारलाई सिफारिस गर्नुपर्ने ।
- राष्ट्रिय तथा स्थानीय तहका सरोकारवाला व्यक्ति तथा निकायहरूमा वातावरण, विकास र मानव अधिकारको संरक्षणको लागि संवाद/वहसको वातावरण सिर्जना गर्ने ।

- वातावरण प्रदूषण र जलवायु परिवर्तनका कारणहरू पत्ता लगाई त्यसको रोकथाम तथा नियन्त्रणको पहल गर्न वातावरण, विकास र मानव अधिकार विषयमा अनुसन्धान अनुगमन गर्नुपर्ने ।
- सवै वर्ग पक्ष एवं स्थानीय निकायलाई लक्षीत गरी वातावरण स्वच्छ राख्ने जनचेतना अभिवृद्धि कार्यक्रम गर्ने ।
- वातावरण विकास र मानव अधिकारको क्षेत्रमा कार्यरत सरकारी निकाय तथा गैर सरकारी संघसंस्थाहरू विच सहकार्य र समन्वयको वातावरण सिर्जना गर्ने ।

३. **मिति २०७५ साल भाद्र ३ गते वातावरण विकासको अधिकार सम्बन्धमा काठमाडौं उपत्यकाका प्रसासनिक प्रमुख तथा सुरक्षा निकायका प्रमुखसँग ललितपुरमा गरिएको छलफल तथा अन्तरकृया कार्यकमको सुझावहरूः**

- विकास निर्माण अर्न्तगत सडक विस्तारका कार्ययोजना कार्यान्वियन पक्ष प्रभावकारीरुपमा हुन नसकी ढीला सुस्ती भएकोले यस कार्यलाई प्रभावकारी वनाउन प्रत्येक विकास निर्माण आयोजनामा सम्झौता गरिएका ठेकेदारहरूको कार्ययोजना सहित नाम विद्युत माध्यममा समेत सार्वजिनक गर्ने प्रणालीको विकास गर्ने र काम नगर्ने तथा ढिला सुस्ती गर्नेलाई कारवाही गर्ने,
- प्रत्येक विकास निर्माण आयोजनाहरूको प्रभावकारी अनुगमन गर्न सरकारी संयन्त्र निर्माण गर्ने,
- भौतिक विकास निर्माणहरूको कार्यान्वियन गर्दा एकद्धार प्रणालीबाट समन्वय गरी गर्ने,
- राम्रो कार्य गर्नेलाई पुरस्कार र काम नगर्नेलाई सजायको व्यवस्था गर्ने कानून निर्माण गर्ने,
- कारागार तथा थुनुवा केन्द्रहरूलाई मर्मत तथा संभार गरी स्वच्छ वातावरण मानवमैत्री वनाउने,
- भौतिक पूर्वाधारहरू रातको समयमा विजुली वत्ती, वाटाका खाल्डाखुल्डीहरू विग्रने वित्तिक्कै समयमा नै ममर्त गर्ने व्यवस्था गर्ने, आधारभूत भौतिक पुर्वाधारहरूलाई वैज्ञानिक वनाउन पहल गर्ने,
- उपभोक्ताको अधिकार संरक्षण गर्न अनुगमन प्रभावकारी वनाउने,
- सरोकारवालाहरूलाई आयोगमा समय समयमा वोलाई वर्तमान अवस्थाको जानकारी लिने
- फोहोर समयमा नै उठ्न नसक्दा घर टोल र समुदायको वातावरण अस्वस्थ्य र दुर्घन्धित भएकोले समयमा फोहोर उठाउन र सोको अनुगमन गर्नुपने,
- फोहोर व्यवस्थापन गर्ने सम्बन्धमा सकेसम्म स्थायी ल्याण्डफील साईडको व्यवस्था गरी नियमित रुपमा फोहोर उठाउने र फाल्ने व्यवस्था गर्ने,

**४. राष्ट्रिय मानव अधिकार आयोग केन्द्रिय कार्यालयद्वारा रुपन्देही जिल्लाको वुटवल मिति २०७५/२/२२ गते विश्व वातावरण दिवसको सन्दर्भमा आयोजना गरिएको वातावरण, विकास र मानव अधिकार विषयक अन्तरक्रिया कार्यक्रमको सुझावः**

- वातावरण, विकास र मानव अधिकार विषयले धेर विषय समेट्ने र वर्तमान विश्व र नेपालमा यसको सन्दर्भमा आवश्यकता अत्यन्त गम्भीर भएकाले केन्द्रमा एक महाशाखा स्थापना गरी प्रदेश स्तरमा फोकल अधिकृत तोकि कार्य गर्न ।
- अन्तर्राष्ट्रिय वातावरणीय कानूनहरू, नीति नियमहरूलाई समेटी नेपालको सन्दर्भमा राष्ट्रिय कानूनहरू बनाउन आवश्यक भएकोले नेपाल सरकारलाई सिफारिस गर्ने ।
- वातावरण, विकास र मानव अधिकार विषयमा पाठ्यक्रम बनाई विद्यालय तथा विश्व विद्यालयहरूमा अध्ययन गर्न लगाउन नेपाल सरकारलाई सिफारिस गर्नु पर्ने ।
- वातावरण, विकास र मानव अधिकार सम्बन्धी अनुसन्धान गर्न एक "राष्ट्रिय अनुसन्धान परिषद" गठन गर्न नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने ।
- वातावरण सम्बन्धमा विद्यमान कानूनको पालना भए नभएको हेर्न स्थानीय, प्रदेश र संघीय तहमा अनुगमन समिति गठन गर्न, अनुगमन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।
- वातावरण, विकास र मानव अधिकार सम्बन्धमा स्थानीय तह देखि केन्द्रीय स्तर सम्म तालिम तथा चेतनामूलक कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने ।
- पर्यटकीय, धार्मिक तथा पुरातात्विक महत्व बोकेको यस लुम्बिनी क्षेत्रमा हरित क्षेत्र वनाउन पहल गर्ने ।

**५. राष्ट्रिय मानव अधिकार आयोग केन्द्रिय कार्यालयद्वारा हिमालय होटल, ललितपुर जिल्लामा मिति २०७४/११/२३ गते आयोजना गरिएको वातावरण, विकास र मानव अधिकार विषयक अन्तरक्रिया कार्यक्रमको सुझावहरू :**

- काठमाडौं उपत्यका तथा नेपालका सवै शहर एवं गाउँपालिकामा वातावरण, विकास र मानव अधिकारको समूचित सन्तुलन कायम गरी विकास निमार्णका योजनाहरू कार्यान्वयन गर्दा सरोकारवाला निकायहरू विच समन्वय गरी कार्यान्वयन गर्न गराउन नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने ।
- काठमाण्डौ उपत्यका भित्र कुनै पनि निमार्ण कार्य गर्दा धुलो धुवाँ नियन्त्रण गर्ने सवै उपायहरू अवलम्वन गरेर मात्र निर्माण कार्यहरूको आयोजना सञ्चालन गर्न गराउन नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने ।
- नेपालका सवै शहर एवं गाउँ पालिकाबाट उत्सर्जन भएका फोहोरमैलालाई वैज्ञानिक रुपमा व्यवस्थित गरी प्रदूषण मुक्त वनाउन नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने ।
- विभिन्न आधारभूत विकास निर्माण कार्यबाट उत्र्सजन भएको माटो, फोहर मैला, कार्यस्थलमा वा बाटो तथा सडकमा छोडेको कारणले सडकमा अवरोध पुग्नुको साथै

वातावरणमा समेत प्रदूषण हुने भएकोले तत्कालै सो फोहरमैला हटाई सडक सदैव सफा राख्न नेपाल सरकारलाइ सिफारिस गर्नुपर्ने ।

- वातावरण र विकास निर्माण सम्बन्धमा भइरहेका राष्ट्रिय कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्न पहल गर्ने नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने ।
- स्वच्छ वातावरणको विषयमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित निर्णयहरूको प्रभावकारी कार्यान्वयनको लागि पहल गर्ने नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने ।
- राष्ट्रिय तथा स्थानीय तहका सरोकारवाला व्यक्ति तथा निकायहरूमा वातावरण, विकास र मानव अधिकारको संरक्षणको लागि संवाद/वहसको वातावरण सिर्जना गर्ने ।
- सञ्चालनमा रहेका उद्योगहरूबाट निस्कने प्रदूषणको मापनको लागि सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन गर्न नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने ।

**६. सुदर पश्चिमको कैलाली जिल्लाको धनगढीमा राष्ट्रिय मानव अधिकार आयोग केन्द्रिय कार्यालयद्वारा मिति २०७४/७/२० गते र मिति २०७४/७/२२ गते नेपालगंजमा आयोजना गरिएको वातावरण, विकास र मानव अधिकार विषयक अन्तरक्रिया कार्यक्रमको प्रतिवेदनमा उल्लेखित सुझावहरूः**

- मानव अधिकार, वातावरण र विकासको समूचित सन्तुलन कायम गरी विकास निमार्णका योजनाहरू कार्यान्वयन गर्नुपर्ने । शहरी प्रदूषणको रोकथाम र ग्रामीण क्षेत्रलाई स्वच्छ सफा वनाउने अभियानमा स्थानीय सहभागीता जुटाउन अभिप्रेरित गर्नुपर्ने ।
- वातावरण र विकास निर्माण सम्बन्धमा भइरहेका राष्ट्रिय कानूनहरूको प्रभावकारी कार्यान्वयन गर्न पहल गर्ने
- स्वच्छ वातावरणको विषयमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित निर्णयहरूको प्रभावकारी कार्यान्वयनको लागि पहल गर्ने ।
- वातावरण तथा विकास सम्बन्धी भईरहका राष्ट्रिय कानूनहरूलाई अन्तर्राष्टिय कानून अनुरुप समयानुकूल वनाउने ।
- नदीबाट ढुंगा, गिट्टी र वालुवा निस्कासन गर्दा वातावरणलाई केन्द्र विन्दुमा राखी निस्कासन गर्नुपर्ने र सो को सम्बन्धमा प्रभावकारी अनुगमन गर्नुपर्ने ।
- सुदुर पश्चिम क्षेत्रमा वन्यजन्तु आरक्षण क्षेत्र समेत भएको र राजमार्गमा दुर्घटना भईराख्ने हुँदा उँक्त क्षेत्रमा ट्रमा सेन्टरको व्यवस्था उपलब्ध गराउने पर्ने । विस्थापित र सुकुम्वासीहरूको व्यवस्थापनको लागि उचित स्थानमा छिटो छरितो रुपमा व्यवस्थापन गर्नुपर्ने । सडकमा छाडा चौपाया र शहरमा फोहोर व्यवस्थापन प्रभावकारीरुपमा कार्यान्वयन गर्नु गराउनु पर्ने । सञ्चालनमा रहेका उद्योगहरूबाट निस्कने प्रदूषणको मापनको लागि सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन गर्नुपर्ने ।
- विकासका पूर्वाधारहरूमा मानव मलमुत्र विसर्जनको लागि प्रत्येक घरमा शौचालयको

निमार्ण अनिवार्य गर्नुपर्ने ।

- सरकारी तथा नीजी कार्यालय एवं भवनहरूमा अनावश्यक विद्युतिय सामाग्रीहरू प्रयोग नगर्न नगराउन स्थानीय निकायहरूलाई निर्देशन दिनुपर्ने ।
- सडक विस्तार तथा निर्माणका कार्य कार्यन्वयन गर्दा वटुवा देखि यातायातका साधनलाई धुलोधुवाले असर नपार्ने गरी गर्नु गराउनु पर्ने र पैदलयात्री, जेष्ठ नागरिक, अपागंता भएका व्यक्ति, साइकल यात्री सहितलाई सहज हुनेगरी वातावरणमैत्री सडक निमार्ण गर्नुपर्ने ।
- ग्रामीण क्षेत्रमा बाटो विस्तार के कसरी निमार्ण भईरहेको छ सोको अनुसन्धान गरी प्राविधिक विज्ञहरूबाट योजना वनाई कार्य सञ्चालन गर्नुपर्ने ।
- वन जंगल, ताल तलैयाको संरक्षण गरी प्राकृतिक स्वरुप नविगारिकन कानून वमोजिम प्राकृतिक दोहोन नगरी प्रयोग गर्नुपर्ने ।
- जलवायु परिवर्तनका कारण जोखिममा रहेका हिमताल/सिमसार/प्रजाति, सीमान्तकृत संकटासन्न समुदाय हरूको अवस्थाको अनुगमन अनुसन्धान गरी सो को संरक्षणको लागि पहल गर्नुपर्ने ।
- राष्ट्रिय तथा स्थानीय तहका सरोकारवाला व्यक्ति तथा निकायहरूमा वातावरण, विकास र मानव अधिकारको संरक्षणको लागि संवाद/वहसको वातावरण सिर्जना गर्ने ।

७. **राष्ट्रिय मानव अधिकार आयोग हरिहरभवनमा मिति २०७४/५/२३ गत आयोजना गरिएको वातावरण, विकास र मानव अधिकार विषयक अन्तरक्रिया कार्यक्रमको सुझावहरूः**

- स्वच्छ वातावरणको विषयमा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित निर्णयहरूको प्रभावकारी कार्यान्वयनको लागि पहल गर्ने ।
- वातावरण र विकास निर्माण सम्बन्धमा भइरहेका राष्ट्रिय कानूनहरूको प्रभावकारी कार्यान्वियन गर्न पहल गर्ने ।
- वातावरण तथा विकास सम्बन्धी भईरहका राष्ट्रिय कानूनहरूको पुनरावलोकन गर्ने ।
- वातावरण, विकास र मानव अधिकार विषयमा नेपाल सरकार पक्ष रहेका अन्तर्राष्ट्रिय कानूनहरूको दायित्व प्रति सरकारलाई संवेदनशिल वनाउने ।
- स्वच्छ हावा, स्वच्छ पानी लगायतका वातावरण जोगाउन आवश्यक पर्ने समयानुकुल कानूनहरू तर्जुमा गर्ने ।
- जलवायु परिवर्तनका कारण जोखीममा रहेका हिमताल/सिमसार/प्रजाति, सीमान्तकृत संकटासन्न समुदाय हरूको अवस्थाको अनुगमन अनुसन्धान गरी सो को संरक्षणको लागि सरकारलाई सिफारिस गर्नुपर्ने ।
- राष्ट्रिय तथा स्थानीय तहका सरोकारवाला व्यक्ति तथा निकायहरूमा वातावरण, विकास र मानव अधिकारको संरक्षणको लागि संवाद/वहसको वातावरण सिर्जना गर्ने ।

- वातावरण प्रदूषण र जलवायु परिवर्तनका कारणहरू पत्तालगाई त्यसको रोकथाम तथा नियन्त्रणको पहल गर्न वातावरण, विकास र मानव अधिकार विषयमा अनुसन्धान अनुगमन गर्नुपर्ने ।
- सवै वर्ग पक्ष एवं स्थानीय निकायलाई लक्षित गरी वातावरण स्वच्छ राख्ने जनचेतना अभिवृद्धि कार्यक्रम गर्ने ।
- वातावरण विकास र मानव अधिकारको क्षेत्रमा कार्यरत सरकारी निकाय तथा गैर सरकारी संघसंस्थाहरू विच सहकार्य र समन्वयको वातावरण सिर्जना गर्ने ।
- वातावरण प्रदूषण र जलवायु परिवर्तनका कारणहरू पत्तालगाई त्यसको रोकथाम तथा नियन्त्रणको पहल गर्न वातावरण, विकास र मानव अधिकार विषयमा अनुसन्धान अनुगमन गर्नुपर्ने ।
- वातावरण प्रदूषण न्यूनीकरण गर्न घरदेखि विद्यालय एवं सवै वर्ग पक्षलाई लक्षित गरी वातावरण स्वच्छ राख्न जनचेतना जगाउने साथै स्थानीय भाषामा समेत प्रवर्धन गर्नुपर्ने ।
- वातावरण विकास र मानव अधिकारको क्षेत्रमा कार्यरत सरकारी निकाय तथा गैर सरकारी संघसंस्थाहरू विच सहकार्य र समन्वयको वातावरण सिर्जना गर्ने ।

## अनूसूचि नं. ४: अध्ययन, अनुगमन, अनुसन्धान र कार्यक्रमहरूको संक्षिप्त विवरण

१. राष्ट्रिय मानव अधिकार आयोगद्वारा वातावरण र विकासको अधिकार सम्बन्धमा गरिएका अध्ययन, अनुगमन, अनुसन्धान र कार्यक्रमहरूको संक्षिप्त विवरण।

**अन्तरक्रिया/छलफल/गोष्ठी**

**१.१. वातावरण र विकासको अधिकार सम्बन्धमा मिति २०७४/७५ मा गरिएका अन्तरकृया कार्यक्रमको विवरण :**

| क्र.सं. | कार्यक्रम | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | छलफल कार्यक्रम | ०७४/५/२ | आयोग | वातावरण र विकास सम्बन्धी विज्ञहरूसँग मा.सदस्य सुदिप पाठक समेतको उपस्थितिमा छलफल गरिएको। |
| २. | अन्तरकृया कार्यक्रम | ०७४/५/२३ | आयोग | वातावरण र विकास विषयमा वातावरण मन्त्रालय लगायत सरोकारवाला निकायहरू विच आयोगका मा.अध्यक्ष अनूप राज शर्मा समेतको उपस्थितिमा अन्तरकृया कार्यक्रम गरिएको। |
| ३. | छलफल कार्यक्रम | ०७४/ ७/ ६ | आयोग | वातावरण र विकास सम्बन्धी विज्ञहरूसँग मा.सदस्य सुदिप पाठक समेतको उपस्थितिमा छलफल गरिएको। |
| ४ | अन्तरकृया | ०७४/ ७/ २० | धनगढी, कैलाली | वातावरण, विकास र मानव अधिकार विषयको सुदुर पश्चिमको अवस्था सम्बन्धमा मा.सदस्य सुदिप पाठक समेतको उपस्थितिमा अन्तरकृया कार्यक्रम गरिएको। |
| ५. | अन्तरकृया कार्यक्रम | ०७४/ ७/ २२ | नेपालगंज, बाँके | वातावरण, विकास र मानव अधिकार विषयको मध्य पश्चिमको अवस्था सम्बन्धमा मा.सदस्य सुदिप पाठक समेतको उपस्थितिमा अन्तरकृया कार्यक्रम गरिएको। |
| ५ | छलफल कार्यक्रम | ०७४/ ९/ १७ | आयोग | वातावरण र विकास सम्बन्धी विज्ञहरूसँग मा.सदस्य सुदिप पाठक समेतको उपस्थितिमा छलफल गरिएको। |
| ७. | अन्तरकृया कार्यक्रम | ०७४/ ९/ २८ | जोरपाटी, काठमाडौमा | वायु प्रदूषण र स्वास्थ्यको विषयमा सरोकारवालाहरूसँग क्रममा अन्तरकृया कार्यक्रम गरिएको। |

| | | | | |
|---|---|---|---|---|
| ८. | अन्तरकृया कार्यक्रम | ०७४/ ११/ २३ | हिमालय होटल, कुपण्डोल, ललितपुर | वातावरण विकास र मानव अधिकार विषयमा मा.जनसंख्या तथा वातावरण मन्त्रीको प्रमुख आतिथ्यमा मा.सदस्य सुदिप पाठक समेतको उपस्थितिमा अन्तरकृया कार्यक्रम सम्पन्न गरिएको । |
| ९. | अन्तरकृया कार्यक्रम | ०७४/ १२/ १६ | वुडमती, ललितपुर | वातावरण र तराई फास्ट ट्र्याकको प्रभाव सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरकृया कार्यक्रम सम्पन्न गरिएको । |
| १० | अन्तरकृया कार्यक्रम | ०७५/ १/ ११ | आयोग | वातावरण र विकास सम्बन्धमा गृहमन्त्रालयका सह सचिव,३ महानगरपालिकाका प्रमुख लगायत सरकारी निकायहरूसँग मा.सदस्य सुदिप पाठक समेतको उपस्थितिमा अन्तरकृया कार्यक्रम सम्पन्न गरिएको । |
| ११. | छलफल कार्यक्रम | ०७४/११/२७ | आयोग | वातावरण र विकास सम्बन्धमा तराई फास्ट ट्राक खोकनाको उजुरी सम्बन्धमा सेनाको जर्नेल र प्रमुख जिल्ला अधिकारीसँग छलफल । |
| १२ | छलफल कार्यक्रम | ०७४/११/२८ | आयोग | विकास निर्माणका उजुरी सम्बन्धमा जिल्ला प्रशासन कार्यालयका जिल्ला प्रमुख अधिकारी सँग छलफल । |
| १३ | अन्तर्राष्ट्रिय वातावरण दिवस तथा अन्तरकृया | २०७५/२/२२ | वुटवल, रुपन्देही | अन्तर्राष्ट्रिय वातावरण दिवस प्रदेश नं.५ का मुख्यमन्त्री शंकर पोखरेलको आतिथ्यता र आयोगका मा.सदस्य सुदिप पाठकको अध्यक्षतामा सम्पन्न गरिएको । |
| १४. | अन्तरकृया कार्यक्रम | २०७५/२/२६ | घोराही, दाङ | वातावरण र सिमेन्ट उद्योगको सम्बन्धमा अन्तर कृया कार्यक्रम। |
| १५. | अन्तरकृया कार्यक्रम | २०७५/०५/३ | आयोग | काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा प्रमुखहरूसँग अन्तर कृया सम्पन्न । |
| १६. | छलफल कार्यक्रम | २०७५/०५/१२ | आयोग | वातावरण र कानून विद तथा पत्रकारहरूसँग छलफल सम्पन्न । |
| १७. | प्रादेशीक गोष्ठी | २०७५/०९/१३ | (विराटनगर प्रदेश नं.१) | प्रदेश नं. १ का मुख्यमन्त्री शेरधन राईको प्रमुख अतिथी, मा. सुदिप पाठक लगायतको उपस्थितिमा सम्पन्न भएको । |
| १८. | अन्तरकृया कार्यक्रम | २०७५/०९/१५ | इलाम | वातावरण र विकास सम्बन्धमा प्रमुख जिल्ला अधिकारी, सुरक्षा प्रमुख लगायतको उपस्थितिमा सम्पन्न |

### १.२. वातावरण र विकासको अधिकार सम्बन्धमा मिति २०७४/७५ मा गरिएका अनुगमन तथा अनुसन्धान कार्यक्रमको विवरण :

| क्र. सं. | कार्यक्रम | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|
| १. | वातावरण प्रदूषण र वातावरणमैत्री विकासको अवस्था सम्बन्धमा अनुगमन सम्पन्न गरिएको । | ०७४/७/१६ – २९ | कञ्चनपुर, कैलाली, बाँके, वर्दिया, दाङ र प्युठान जिल्लामा | मा.स.सुदिप पाठक, निर्देशक दिपक कार्की, मानव अधिकार अधिकृत गीता कुमारीदाहाल समेत । |
| २. | वायु प्रदूषण र स्वास्थ्यको अवस्था सम्बन्धमा अनुगमन सम्पन्न गरिएको । | ०७४/९/२० – ०७४/१०/२ | काठमाडौं उपत्यका र नुवाकोट | मानव अधिकार अधिकृतद्धय गीता कुमारी दाहाल, तारादेवी वाग्ले, वातावरण कानूनविद् पदम वहादुर श्रेष्ठ । |
